महालेखापरीक्षकको बार्षिक प्रतिवेदन

२०७८

कोटहिमाई गाउँपालिका, रुपन्देही ।

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल ।

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यवसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

पत्र संख्याः २०७८/७९

च.नं:-३०

मितिः २०७८/५/४

श्री अध्यक्षज्यू,

कोटहीमाई गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, रुपन्देही।

विषयः - लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(नारायण एम.सी.)

नायव महालेखापरीक्षक

बोधार्थ तथा कार्यार्थ

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,

सिंह दरबार काठमाडौ - प्रतिवेदन संलग्न छ ।

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328

Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
(लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्याः २०७८/७९
च.नं.:३०
मितिः२०७८।५।४

श्री अध्यक्षज्यू,
कोटहीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, रुपन्देही।

विषयः लेखापरीक्षण प्रतिवेदन

कैफियत सहितको राय

हामीले कोटहीमाई गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. लेखापरीक्षणबाट रु.१० करोड ५५ लाख १६ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१ करोड १४ लाख ९ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.३ करोड ६ लाख ४३ हजार नियमित गर्नुपर्ने रु. ६ करोड ३ लाख ३४ हजार र पेश्की बाँकी रु.३१ लाख ३० हजार रहेको छ ।
२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।१०।२१ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना ४३ (त्रिचालिस) यसै साथ संलग्न छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकी नहुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार

हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो रायव्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्मप्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नारायण एम.सी.)
नायब महालेखापरीक्षक

कोटहीमाई गाउँपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७६।७७

स्थापना, उद्देश्य र कार्यक्षेत्र - स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सह - अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु नै गाउँपालिका स्थापनाको प्रमुख उदेश्य हो । लुम्बिनी प्रदेशस्थित रुपन्देही जिल्लामा अवस्थित यस गाउँपालिका अन्तर्गत ७ वडा, मनोनित २ समेत ३९ सभा सदस्य रहेका छन् । यस कार्यालयको कार्यक्षेत्र कोटहीमाई गाउँपालिका भित्र रहेको छ ।

स्थानीय संचितकोष - आर्थिक वर्ष २०७६।७७ को स्थानिय संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

सि.नं	आयतर्फ			सि.नं	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	**गत वर्षको जिम्मेवारी**		२७०९४४५४	१	**चालु खर्च**		२९०३०२६७७
	क) नगद	२४५९६९		२	**पूँजीगत खर्च**		१६६१४०४८९
	ख) बैंक	२६८४८४८५		३	**वित्तिय व्यवस्था भुक्तानी**		
२	**राजस्व (आन्तरिक आय)**		७४३९६७६६	४	**लगानी**		
	क) आन्तरिक राजस्व	९४९४६७०		५	**धरौटी फिर्ता**		१५८३९२५
	ख) राजस्व बाँडफाँड	६४९०२०९६		६	**विभिन्न कोष खर्च**		१६३४७८१३
३	**वित्तिय हस्तान्तरण संघ**		२३७१७९०००	७	**कोष फिर्ता**		
	क) वित्तिय समानीकरण अनुदान	१२९४०००००		८	**मौज्दात**		
	ख) सशर्त अनुदान	९९७७९०००			क) बैंक मौज्दात		
	ग) समपूरक अनुदान	८००००००			ख) नगद मौज्दात		५७२४४४८
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		३६१९१०००		**धरौट मौज्दात**		९९६८५९६
	क) वित्तिय समानीकरण अनुदान	४५७१०००			**कर्मचारी कल्याण कोष**		७०१०८०
	ख) सशर्त अनुदान	९००००००			**ख.विपद् व्यवस्थापन कोष**		३२५३५
	ग) समपुरक अनुदान	१४४२००००					
	घ) विशेष अनुदान	८२०००००					
५	**अन्तर सरकारी अख्तियारी**		८३००९६३४				
	क.सामाजिक सुरक्षा तथा संरक्षण	७९६७५०००					
	ख. स्थानिय पुर्वाधार तथा साझेदारि विकास कार्यक्रम	१९९६०००					
	ग.राष्ट्रिय परिचयपत्र तथा पंजिकरण	६३८६३४					
	घ.गरिव संग विश्वेश्वर कार्यक्रम	७०००००					
	ख) सडक बोर्ड नेपाल		६९५३८८				
७	**विभिन्न कोषतर्फको आय**		२०६८२८००				
१०	**धरौटी आय**		११५५२५२१				
	जम्मा		**४९०८०१५६३**		**जम्मा**		**४९०८०१५६३**

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
१.	**आय विवरण —** कार्यालयको आय-व्यय विवरण तयार गर्दा नेपाल सार्वजनिक लेखामान प्रणाली बमोजिम आय-व्यय विवरणका साथसाथै लेखा नीति तथा टिप्पणी, प्रमुख लेखा नीति र वित्तिय विवरणको तयारी तथा स्वीकृती गरी तोकिएको ढाँचामा लेखापरीक्षणमा पेश भएन। कार्यालयको आय व्यय सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार छन्;	
१.१.	संचित कोष खातामा आम्दानी जनाउँदा प्राप्तीको श्रोत सहित आम्दानी जनाउनु पर्नेमा बैंक स्टेटमेन्टको आधारमा आम्दानी जनाउने गरेको छ ।	
१.२.	गतवर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार संचित कोष खातामा मौज्दात रु. २,६८,४८,४८५।०६ र नगद मौज्दात रु. २,७०,९४,४५४।०६ रहेकोमा नगद मौज्दात रकम यसवर्ष जिम्मेवारी नसारेको रु.	२७०९४४५४.०६
१.३.	चालु तथा पूंजीगत शिर्षक खाताको बैंक नगदी किताव अनुसार रु. ३९,२५,१८,२९५।१३ खर्च भएकोमा संचित कोष खातावाट रु. १७,७३,५१,८७७।६० मात्र निकासा ट्रान्सफर गरेको छ । संचित कोष खातावाट खर्च खाताहरुमा रकम ट्रान्सफर गर्ने तथा खर्च खातामा निकासा आम्दानी जनाएर मात्र खर्च गर्नुपर्नेमा संचित कोषको रकम सिधै चेक काटी खर्च लेखेको छ ।	
१.४.	यसवर्ष मिति २०७७/३/३१ मा रु. १८,०४,८०,२०६।२३, गाउँपालिका पूँजीगत खातामा रु. १,०२,५८,४५३।४० र गाउँपालिका चालु खातामा रु. १,०२,३०,११५।५५ मौज्दात रहेको र गतवर्षको बाँकी रु.२,७०,९४,४५४।०६ समेत (गतवर्षको मौज्दात जिम्मेवारी नसारेको) समेत रु. २२,७८,१७,२६०।२४ मौज्दात रहने देखिन्छ । संचित कोषखातावाट खर्च खातामा निकासा ट्रान्सफर नदेखाएकोले संचित कोष खाता र अन्य खर्च खाताको यथार्थ मौज्दात यकिन गर्न सकिने अवस्था देखिएन ।	
१.५.	गतवर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु. २३,८५, ६५६।— रहेकोमा कार्यालयले धरौटीको बैंक नगदी किताव तयार गरेको छैन । धरौटीको कारोवारको भौचरहरु जोडजम्मा गर्दा आम्दानी रु. १,६३,०३५।— र खर्च रु. १५,८३,९२५।— गरेको छ । तर कार्यालयले प्रयोग गरेको सुत्र सफ्टवेयर बाट हेर्दा बिभिन्न ठेक्काको भुक्तानीमा कट्टा गरेको धरौटी रु. ४२,३४,६१७।— रहेको देखिन्छ । अतः श्रेस्ता अद्यावधिक नराखेको कारण धरौटी आम्दानी र खर्च यकिन गर्न सकिएन ।	
१.६.	गतबर्षको लेखापरीक्षण प्रतिवेदनमा कर्मचारी कल्याण कोष खातामा रु. ७,०१,०८०।— रहेकोमा सो खाता बन्द गरी बिबिध खातामा ट्रान्सफर गरेको र उक्त खातामा रु. १२,६१,०५५।— मौज्दात रहेको छ ।	
१.७.	संचित कोष खातावाट खर्च खातामा निकासा दिएको रकम आर्थिक वर्षको अन्त्यमा खर्च नभई बाँकी रहेको रकम संचित कोष फिर्ता गरी खर्च खाता शुन्य गर्नुपर्नेमा गाउँपालिका चालु शिर्षकमा रु. १,०२,३०,११५।५५ गाउँपालिका पूँजीगतमा रु. १,०२,५८,४५३।४० मौज्दात रहेको छ ।	
१.८.	कोष तथा लेखा नियन्त्रक कार्यालयले प्रमाणित गरेको आर्थिक विवरण अनुसार रु.१०,७७,७९,०००।— निकासा आम्दानी भएकोमा रु.९,८०,१२,०९१.७६ खर्च भई रु. ९७,६६,९०८.२४ मौज्दात बाँकी सञ्चितकोष फिर्ता गर्नुपर्नेमा रु. १,४९,०६,००० फिर्ता गरेकोले रु. ५१,३९,०९१.७६ बढि फिर्ता गरेको छ ।	
१.९.	संचित कोष बैंक नगदी किताव प्रमाणित गर्ने गरेको छैन ।	
१.१०.	**बैंक हिसाव मिलान —** कार्यालयको २०७७ असार ३१ को बैंक स्टेटमेन्ट अनुसार कृषि विकास बैंकको निम्न खातामा रु. ६,६९,६२९५४।२० मौज्दात रहेको छ । खर्च खाता र संचितकोष खाताको अन्तिम मौज्दात रु.२२,७८,१७,२६०।२४ रहेकोमा हिसाब लेखाङ्कन यथार्थपरक नरहेकोले बैंक मौज्दात र खाता मौज्दात भिडान गर्न सकिएन । खाता अद्यावधिक गरी हिसाब मिलान विवरण पेश हुनुपर्दछ ।	

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम

खाताको विवरण	बैंक खाता नम्वर	बैंक मौज्दात रकम
चालु खर्च खाता	४१४१०११५१०९४०१८	१४९६२०७०
गाउँपालिका पूँजीगत	४१४१०११५१०९४०२६	१०२२१३४१.१८
संचित कोष	४१४१०११५१०९४०४२	११९७८८२६.४५
आन्तरिक अनुदान खाता	४१४१०११५१०९४१६६	१५३८७५०
राजश्व बाँडफाँड बाट प्राप्त	४१४१०११५१०९४१५८	१२९९२८५६.३६
आन्तरिक राजश्व	४१४१०११५१०९४१४१	४४०५१५
बिभाज्य कोष	४१४१०११५१०९४०७७	४२९६७६०
बिबिध कोष खाता	४१४१०११५१०९४०५०	१२६१०५५
धरौटी खाता	४१४१०११५१०९४०३४	८५१९९९५.२१
विपद व्यवस्थापन		७५०७८५
		६६९६२९५४.२

	उल्लेखित व्यहोराको सम्बन्धमा लेखा अधिकृतले २ स्थानीय तहको लेखा राख्नुपर्ने भएकोले कार्यालयमा नियमित उपस्थित भई अद्यावधिक हिसाब राख्न नसकेको र प्रतिवेदनमा उल्लेख भएका व्यहोरा प्रारम्भिक प्रतिवेदनको प्रतिक्रिया साथ प्रमाण पेश गर्ने कार्यालयको भनाइ रहेकोमा अन्तिम प्रतिवेदन तयार गर्दा समेत प्रतिक्रिया पेश भएको छैन ।	
१.११.	अन्तर सरकारी बित्त व्यवस्थापन ऐन, २०७४ को परिच्छेद ८ मा बित्तिय अनुशासन सम्बन्धी व्यवस्था छ। प्रदेश तथा संघीय सरकारवाट स्थानीय तहलाई प्राप्त हुने अनुदान रकम मध्ये सशर्त, विशेष र समपुरक अनुदानहरु आर्थिक वर्षको अन्त्यमा खर्च नभई मौज्दात रहन गएमा सम्बन्धित सरकारको संचित कोषमा फिर्ता गर्नुपर्दछ । तर सघीय सरकार हस्तान्तरीत कार्यक्रमको भुक्तानी खर्च लेख्दा मर्मत सम्भार कोष कट्टी गरेको रकम रु. १३९,९७९।— र प्रदेश सरकारवाट प्राप्त सशर्त अनुदान तर्फ रु. १,९६,९२३।— समेत रु. ३,३६,९०२।— खर्च नगरी स्थानीय तहकै संचितकोष मौज्दात रहेकोले संघीय सञ्चित कोष फिर्ता हुनुपर्ने रु.	३३६९०२/-
१.१२.	**भाडा कर —**अर्थ मन्त्रालय कार्यसंचालन निर्देशिका, २०७५ राजश्व बर्गिकरण र व्याख्यामा उल्लेख भए अनुसार बित्तिय संकेत नम्वर (११४३१) सम्पत्ति बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर संघीय सरकारको संचित कोषमा जम्मा हुनुपर्दछ । जस अनुसार सवारी साधन बाहल कर संघीय संचित कोषमा जम्मा गर्नुपर्ने देखिएकोमा कार्यालयले सवारी साधनको भाडा कर बापत असूल गरेको रु.२,५०,०८९।— संघिय सरकार संचित कोषमा दाखिला गर्नुपर्नेमा स्थानीय सञ्चित कोषमा दखिला गरेको देखिएकोले संघिय संचित कोषमा जम्मा गर्नुपर्ने रु.	२५००८९/-
१.१३.	संघिय सञ्चित कोषबाट प्राप्त रकम कोष तथा लेखा नियन्त्रक कार्यालयले निकासा दिए बमोजिम स्थानीय निकायले आफ्नो सञ्चितकोषमा आम्दानी बाँध्नुपर्दछ । कोष तथा लेखा नियन्त्रक कार्यालयले प्रमाणित गरेको आर्थिक विवरण अनुसार सर्शत अनुदान तर्फ रु. ९,९७,७९,०००।- निकासा भिडान गरेकोमा कार्यालयले रु. १०,९७,७९,०००।- सञ्चितकोष आम्दानी बाँधी रु. १ करोड बढि आम्दानी बाँधेकोले सञ्चितकोषको आम्दानी खर्च यथार्थपरक देखिदैन ।	
१.१४.	**कार्यालयले एकीकृत आय —**व्यय तयार गर्दा चालु तथा पूँजीगत खर्च उल्लेख गर्ने गरेतापनि सहायक आर्थिक विवरणमा चालु र पुजिगत खर्च शीर्षक छुटिने गरी आर्थिक विवरण तयार गर्ने गरेको छैन ।	
१.१५.	**सुत्र प्रयोग सम्बन्धमा —** वित्तीय लेखाङ्कनको लागि कार्यालयले सुत्र सफ्टवेयर प्रयोग गरेपनि विनियोजित रकम पोष्टिङ गर्दा चालु, पुँजीगत, कार्यक्रम र योजनागत रुपमा पोष्टिङ्ग गरी सोही अनुरुप खर्च लेखाँङ्कन	

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
	गर्नुपर्नेमा सो नगरी बजेट शिर्षक अनुसार एकमुष्ट पोष्टिङ्ग गर्ने गरेको छ । योजनागत रुपमा बजेट विनियोजन हुने र खर्च गर्दा योजनागत खर्चको बजेट नियन्त्रण हुने अवस्था छैन ।	
१.१६.	कार्यालयले सुत्र लेखाप्रणालीको प्रयोग गरेतापनि लेखा प्रणालीका स्वीकृत ढाँचाहरु स्वचालित रुपमा सृजना गर्ने गरेको देखिएन ।जस्तै गाउँपालिकाको एकीकृत आय –व्यय विवरण सुत्र प्रणालीले स्वतः तयार गरेको देखिएन। उल्लेखित कुराहरुमा सुधार गरी संचित कोष खाताको मर्म अनुसार समयमै श्रोतगत रुपमा आम्दानी जनाउने र निकासा खर्च लेखी संचित कोषको यथार्थ हिसाव देखाउन सम्बन्धित निकायको ध्यान जानु पर्दछ ।	
	नियमितताको लेखापरीक्षणबाट देखिएका व्यहोरा	
२.	**खर्च गर्ने अख्तियारी र कार्यविधि -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । यस गाउँपालिकाको २०७५।३।९ पाँचौ सभामा नीति तथा कार्यक्रम प्रस्तुत गरी असार १० मा हाजिरी मात्र गरेको नीति कार्यक्रम छलफल गरेको नदेखिएको र असार १० मा बार्षिक बजेट र नीति तथा कार्यक्रम स्वीकृत गरेको छ । त्यस्तै स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार बजेट पारित गरेको ७ दिन भित्र कार्यान्वयनको लागी अख्तियारी प्रदान गर्नुपर्नेमा अख्तियारी प्रदान गरेको देखिएन ।	
३.	**सभाको बैठक —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १९ मा सभाको वैठक सामान्यतया बर्षमा २ पटक बस्ने व्यवस्था समेत गरेको छ । जस अनुसार आषाढको सभाले बार्षिक नीति बजेट तथा कार्यक्रम स्वीकृत गर्ने र दोस्रो सभाले नीति कार्यक्रम तथा योजना कार्यान्वयनको समिक्षा गर्ने, ऐनको मस्यौदा तयार गरी छलफल र पारित गर्ने कानूनको मनसाय र संघीय सरकारको प्रचलन समेत रहेको छ । तर गाउँपालिकाको दोस्रो सभा बसेको छैन ।	
४.	**लक्ष्य प्रगति** —स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँपालिकाले लक्ष्य प्रगति विवरण तयार गर्नु पर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्लास्तरीय तथा केन्द्रस्तरीय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त ऐन बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन । ऐन बमोजिमको ढाँचामा बार्षिक लक्ष्य तथा प्रगति विवरण तयार गर्नुपर्दछ ।	
५.	**चौमासिक खर्च —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) अनुसार प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिका कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने उल्लेख छ । कार्यालयले पेश गरेको पूँजीगत शीर्षकको चौमासिक खर्च विवरण विश्लेषण गर्दा कूल पूँजीगत खर्च रु. १६ करोड ४१ लाख ४४ हजार मध्ये तेश्रो चौमासिकमा रु.१२ करोड ५८ लाख ८४ हजार र आषाढ महिनामा रु.९ करोड ७६ लाख ८९ हजार खर्च भएको पाइयो । तेस्रो चौमासिकमा कूल खर्चको ७६.६९% र आषाढमा ५९.५१% खर्च भएको देखियो । आर्थिक बर्षको अन्त्यमा मात्र कार्य हुने र त्यसरी काम गर्दा अनुगमन तथा मूल्यांकन गर्न समय कम भै कामको गुणस्तरमा असर पर्ने अवस्थालाई मध्यनजर राखेर कार्ययोजना अनुसार कार्यसम्पादन गरिनु पर्दछ ।	
६.	**सेवा प्रवाह —** सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा २५ मा सर्वसाधारणलाई सेवा प्रदान गर्ने वा जनसम्पर्क कायम गर्ने प्रत्येक सरकारी निकायले सबैले देख्ने ठाँउमा कार्यालयले दिने सेवा र त्यसको प्रकृति, सेवाग्राहीले सेवा प्राप्त गर्न पूरा गर्नु पर्ने कार्यविधि, सेवा प्रदान गर्ने पदाधिकारी र निजको कार्यकक्षको विवरण, सेवा प्रदान गर्न लाग्ने समयावधि र सेवा प्राप्त गर्न कुनै दस्तुर तथा अन्य रकम लाग्ने	

<table>
<tr><th>सि.नं</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td></td><td>भए सो को विवरण, खुलाई नागरिक वडापत्र राख्नु पर्ने र सो बमोजिम सेवा प्रदान गरेको अभिलेख राख्नुपर्ने ब्यवस्था छ ।कार्यालयले पेश गरेको विवरण अनुसार यस वर्ष १०५१ ब्यक्तिगत घटना दर्ता जस्ता सेवा प्रवाह गरेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ मा उल्लेखित स्थानीय निकायको काम कर्तव्य र अधिकार मध्ये अधिकांश सेवा प्रवाह गर्नुपर्ने विषयमा निकायको सिमित जनशक्ति र पूर्वाधारका कारण प्रवाह गर्न सकेको छैन । जनशक्ति र पूर्वाधारको विकास गरी निकायको सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>७.</td><td>वडा सचिवको पदपूर्ति - पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।
<table><tr><td>वडा संख्या</td><td>वड सचिवको दरबन्दी</td><td>वडा सचिवको पदपूर्ति</td><td>रिक्त वडा सचिव</td></tr><tr><td>७</td><td>७</td><td>१</td><td>६</td></tr></table></td><td></td></tr>
<tr><td>८.</td><td>कर्मचारी व्यवस्था — निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपूर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकामा रहने कर्मचारी दरवन्दी माग भएकोमा विवरण पेश भएन ।</td><td></td></tr>
<tr><td>९.</td><td>निवेदन फछ्यौट — स्थानीय जनतालाई नजिकको निकायबाट न्याय सम्पादन गर्ने उद्देश्यले स्थानीय गाउँपालिकाको न्यायिक समितिबाट छिटो निवेदन फछ्यौट गरी शीघ्र न्याय दिनको लागि परेका निवेदन तथा उजुरी समयमै फछ्यौट हुनु पर्दछ। आर्थिक बर्ष २०७६।७७ सम्म न्यायिक निर्णयको लागि परेका निवेदन माग भएकोमा विवरण पेश भएन। न्यायिक समितिमा परेका निवेदन शीघ्र फछ्यौट गर्न सम्बद्ध पक्षको ध्यान जानुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>१०.</td><td>कानून र सञ्चालन स्थिति –स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म निर्माण गरेका ऐन, नियमावली, कार्यविधिहरुको विवरण माग भएकोमा विवरण पेश भएन । आवश्यक कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>११.</td><td>आन्तरिक नियन्त्रण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ— आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कायालयले कार्यविधि तयार नगरेको कारण आन्तरिक नियन्त्रण प्रणालीको अवस्था कमजोर रहेको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् ;
क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेखाङ्कन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन ।
ख) आर्थिक विवरण — आर्थिक वर्ष समाप्त भएको ३५ दिनभित्रको अवधि सम्म आर्थिक विवरण तयार गर्नुपर्नेमा लेखापरीक्षणको अवधि (२०७७ माघ) मा आर्थिक विवरण तयार गरी पेश गरेको छ ।
ग) गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै गाउँपालिकाबाट यस बर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको बार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन ।</td><td></td></tr>
</table>

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
	घ) विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित रहेको पाईयो ।	
	ङ) गाउँपालिकाले जिन्सी सामानको एकिकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।	
	च) जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नुपर्नेमा गरेको पाईएन ।	
	छ) मूल्य अभिबद्धि कर नियमावली, २०५३ अनुसार कर भुक्तानीको इ-टिडिएस नगरेको,	
	ज) कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँज गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।	
	झ) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र बार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन ।	
	ञ) ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन ।	
	ट) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस बर्ष कार्यसम्पन्न भएका विभिन्न आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।	
	ठ) संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार गाउँपालिकाबाट सञ्चालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाईएन ।	
	ड) वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन ।	
	ढ) सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ र १९ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नुपर्ने र सार्वजनिक सुनुवाई गर्नुपर्नेमा गरेको छैन ।	
	ण) मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख राखी नियमानुसार पेश्की फछ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख राखेको छैन ।	
	त) **कार्यविवरण** — कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी दिनुपर्नेमा दिएको देखिएन ।	
	थ) **अभिलेख** — कार्यालयले सार्वजनिक सम्पत्तिको अभिलेख राखेको देखिएन ।	
	द) कतिपय योजनाहरुमा इष्टिमेट तयार गरेको, स्वीकृत गरेको, नापी मूल्याकन गरेको, जाँच गरेको, स्वीकृत गरेको, ठेक्का बिल र कार्यसम्पन्न प्रतिवेदन तयार गरेको, स्वीकृत गरेको मिति उल्लेख नभएको ।	
	ध) निर्माण कार्यको कार्यसम्पन्न प्रविदेन अनुसार नापी किताव तयार गरी उक्त नापी कितावलाई नियमको प्रावधान अनुरुप अद्यावधिक गरी राखुपर्नेमा योजनाहरुको नापी लुज पेपरमा भर्ने गरेको पाइयो । अतः योजनागत नापी किताव बनाई भएको कार्य र खर्चको विवरण अद्यावधिक गरेको देखिएन ।	

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
	न) सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम बार्षिक खरिद योजना तयार गरेपनि खरिद योजनाको पालना गरी खरिद कार्य गरेको देखिएन । प) राजश्वको शीर्षकगत आर्थिक विवरण तयार गरेको छैन । फ) गाउँपालिकाले आन्तरिक आयको छुट्टा छुट्टै आर्थिक विवरण तयार गरेको छैन । अतः आन्तरिक नियन्त्रण प्रणाली र कार्यविधि तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।	
१२.	**आन्तरिक लेखापरीक्षण —** आन्तरिक लेखापरीक्षण (कार्यविधि) निर्देशिका, २०६८ को दफा १(६) को उपदफा (ख) मा प्रत्येक चौमासिक अवधि व्यतीत भएको एक महिना भित्र अनिवार्य रुपमा आन्तरिक लेखापरीक्षण सम्पन्न गर्नुपर्ने र सोही दफाको उपदफा (ग) मा आन्तरिक लेखापरीक्षण सम्पन्न भएको १५ दिनभित्र प्रतिवेदन तयार गरी सम्बन्धित कार्यालयलाई उपलव्ध गराउनुपर्ने उल्लेख छ । कार्यालयले यस आर्थिक बर्षमा आन्तरीक लेखापरीक्षण गराएको छैन ।आन्तरिक लेखापरीक्षण शाखा गठन गरी कारोवारको चौमासिक लेखापरीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।	
१३.	**कन्टिन्जेन्सी खर्च अभिलेख -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टीन्जेन्सी खर्च समावेस गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयवाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट कन्टिन्जेन्सी रकम कट्टा गर्ने गरेको देखिएतापनि सोको कार्यक्रमगत कन्टेन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नुपर्नेमा राख्ने गरेको छैन । कार्यालयवाट सोको विवरण माग भएकोमा विवरण पेश भएन । नियमावलीमा ब्यवस्था भए बमोजिम योजनागत कन्टीन्जेन्सी खर्चको अभिलेख राखी कन्टिन्जेन्सी खर्चमा नियन्त्रण गरिनु पर्दछ ।	
१४.	**क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रमा क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति माग भएकोमा विवरण पेश भएन ।	
१५.	**खर्च बिश्लेषण -** गाउँपालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु. ९४,९४,६७०।- राजस्व बाँडफाँड र अनुदानबाट रु. ४२,१९,७७,११८।- समेत रु.४३,१४,७१,७८८ ।- आम्दानी भएकोमा चालु तर्फ रु. २९,०३,०२,६७७।- र पूँजिगत तर्फ रु. १६,६१,४०,४८९।- समेत रु. ४५,६४,४३,१६६।- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.०८ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रू.४७,४१,१००।- खर्च भएको छ जुन आन्तरिक आयको ४९.९३ प्रतिशत रहेको छ । गाउँपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६८.८० प्रतिशत चालु र ३९.३७ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट गाउँपालिकाले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।	
१६.	**स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले	

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
	उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।	
	योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा देखिएका व्यहोरा	
१७.	**निर्माण कार्यको गुणस्तर** — खरिद सम्झौता अनुसार निर्माण कार्यको गुणस्तर, नियन्त्रण र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । जसअनुसार खरिद सम्झौता गर्दा गुणस्तर परीक्षणको किसिम र त्यसको पटक र संख्या समेत उल्लेख भएको गुणस्तर योजना निर्माण व्यवसायीले उपलव्ध गराउनु पर्ने र स्वीकृत योजना अनुसार परीक्षण गरी गुणस्तर प्रक्रिया संचालन गर्नुपर्ने उल्लेख भएतापनि योवर्ष गाउँपालिका कोष पूँजीगतवाट रु.१६६१४०४८९।-निर्माण कार्यको लागि खर्च गरेकोमा कुनैपनि योजनाको गुणस्तर परीक्षण गरेको पाईएन । निर्माण कार्यको गुणस्तर आश्वस्तता हुन प्रयोगशालाबाट गुणस्तर परीक्षण गराउनु पर्दछ ।	
१८.	**खरिद कारवाही अभिलेख** — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नुपर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, वोलपत्र वा पूर्वयोग्यताको लागि आव्हान गरिएको सूचना, बोलपत्र, पूर्वयोग्यता वा प्रस्ताव आव्हान सम्बन्धी कागजात, प्रस्तावदाताहरुलाई पठाएको जवाफ, बैठकको माइन्यूट, बोलपत्रको मूलप्रति, पूर्वयोग्य भएका बोलपत्रदाताको योग्यता, मूल्यांकन प्रतिवेदन, सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सूचनाको प्रतिलिपि, असफल बोलपत्रदाताहरुलाई पठाएको सूचनाको प्रतिलिपि, खरिद सम्बन्धी प्रकाशित सूचनाहरु, खरिद सम्झौता, प्रगति प्रतिवेदन, इन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौतामा संशोधन गरिएको भए सो सम्बन्धी कागजात, मालसामान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राख्ने गरेको, लेखापरीक्षणले माग गरेको खरिद सम्बन्धी सम्पूर्ण विवरणहरु प्राप्त हुन नसकेको अवस्था छ । अतः नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ ।	
१९.	**विद्युतीकरण खर्च** — सबै नागरीकहरुलाई विद्युत सेवा उपलव्ध गराउने दायित्व नेपाल बिद्युत प्राधिकरणको हो । विद्युत सेवा प्रदान गरे वापत ग्राहकहरुवाट प्राधिकरणले सेवा शुल्क लिने गर्दछ । त्यस्तै बिद्युत, टेलिफोन तथा केवल सेवा प्रदायकहरुले बिद्युत प्राधिकरणको पोल उपयोग गरे वापत सेवा शुल्क लिने समेत गर्दछ । विद्युत प्राधिकरणको कार्यक्षेत्र भित्रको विद्युतीकरण कार्य सम्बन्धित निकायले नगरी सो कार्यमा कार्यालयले विद्युत पोल, तार खरिद तथा तार तान्ने कामको लागि यसवर्ष रु. २१,००,०००।— खर्च गरेको छ । विद्युत प्राधिकरणको कार्यक्षेत्र भित्र कार्यालयले लगानी गरेकोमा नागरिकले सेवा प्रयोगमा कुनै छुट तथा थप सुविधा प्राप्त गरेको छैन भने कार्यालयले रोयल्टी समेत प्राप्त गरेको छैन । अतः अन्य निकायको जिम्मेवारी रहेको क्षेत्रमा गाउँपालिकाले बजेट विनियोजन गरि कार्यान्वयन गर्नु अगावै सम्बन्धित निकायसँग समन्वय गरेर मात्रै खर्च गर्ने तथा प्राप्त हुने लाभको यकिन गरेर मात्रै खर्च गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।	
२०.	**योजना छनौट र कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७६/७७ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।	

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम

रु १ लाख सम्म	रु १ लाख देखि २ लाखसम्म	रु २ लाखदेखि ५ लाखसम्मका	रु ५लाख देखि १० लाखसम्मका	रु १० लाखभन्दा बढीको	जम्मा
८४	१२४	१५७	२६	१९	४१०

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष जम्मा ४१० वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ८४ वटा योजनाहरु रहेका छन् । साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्ष भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ।

२१. **मर्मत संभार —** स्थानीय स्वायत्त शासन ऐन, २०७४ को दफा २४ मा योजना बनाई कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। गाउँसभाले स्वीकृत गरेका योजनाहरु कार्यान्वयन गर्दा प्रत्येक योजनामा मर्मत संभार कोष कट्टी भनी उपभोक्ता समित मार्फत कार्यान्वयन हुने योजनामा विनियोजन भएको रकमको २ प्रतिशतका दरले रु. २०,१०,०९०।— कट्टा गरेको छ । योजना तथा कार्यक्रम तयार गर्दा मर्मत संभार कोषमा आवश्यक रकम नछुट्टयाएको र कट्टा गरेको रकम निर्माण सम्पन्न भएका योजनाहरुमा मर्मत सुधार नगरी कार्यालयले अन्य प्रयोजनमा खर्च गर्ने गरेको छ । योजनामा मर्मत संभार वापत कट्टा गरेको रकम योजनाको मर्मत सुधार कार्यमा खर्च गर्ने तर्फ ध्यान जानुपर्दछ ।

२२. **योजना परिवर्तन —** स्थानीय स्वायत्त शासन ऐन, २०७४ को दफा ७३(७) मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गएर खर्च गर्न नपाउने र योजना तर्जुमा प्रक्रिया पूरा गरी सभावाट पारित योजना कार्यान्वयन गर्दा जुन योजनाको लागि बजेट विनियोजन भएको हो सोही योजना कार्यान्वयन गरिनु पर्दछ । नमुना छनौटको आधारमा परीक्षण गर्दा यसवर्ष पाँचौ गाउँसभाले स्वीकृत गरेको १० योजना कार्यक्रममा विनियोजित रकम रु. ७२,२३,३४४।— कार्यान्वयन नगरी वडाको सिफारिश र कार्यपालिकाको निर्णय र कतिपय योजना प्रमुख प्रशासकिय अधिकृत र गाउँपालिकाको अध्यक्षको दुवैको निर्णय अनुसार योजना संशोधन गर्नुपर्नाको कारण समेत उल्लेख नगरी योजना परिवर्तन गरी १७ योजनामा रु. ८२,५०,३८५।— खर्च गरेको नियमसम्मत नदेखिएको रु. — ८२,५०,३८५/-

भौ.नं. मिति	स्वीकृत योजना	विनियोजित रकम	संशोधित योजना	रकम
५०-०७६/९/१६	गा.पा निर्माणधिन योजना		वडा नं. ६ का बिभिन्न स्थानमा सडक मर्मत	५९६७१७
८७-०७६/१०/२०	वोर जडान प्रत्येक टोलमा		वडा नं. ६ कार्यालय भवन मर्मत तथा रंगरोगन	५०००००
११२-०७६/११/२८	खा.पा.को लागि हेण्ड पम्प र ह्युम पाइप खरिद	९०००००	वडा ७ को वडा कार्यालय भवन	९०००००
१७९-०७७/३/११	खजहनी सडक देखि बैद्यनाथको घर सम्म सडक पिसिसि र सडक देखि पोखरी सम्म चमार टोल ढलान	४५००००	पशुहरुलाई भ्याक्सीन खोप	४५००००
१८४-०७७/३/१६	वडा नं. ४ मा तारवार	४०००००	पशुहरुलाई भ्याक्सीन खोप	४०००००
२२१-०७७/३/२४	कटया प्रा.वि.मा माटो पटान र मिश्रा टोलमा पोखरी संरक्षण	३५००००	पशुहरुलाई भ्याक्सीन खोप	३५००००
२२२-०७७/३/२५	सिंचाईका लागि बोर जडान र हेण्ड पम्प जडान	१४९५५६९	पतिजया देखि बसन्तपुर सडक ग्राभेल	४८९८२७
			सिपवा देखि बसन्तपुर मोड सडक ग्राभेल	४८९८२७
			बसन्तपुर मोड देखि सिपवा सम्म सडक ग्राभेल	४८९८२७
२२३-०७७/३/२५	तटवन्ध निर्माण नौउडिहा, वडा ५ मा सामुदायिक भवन निर्माण, मठ मन्दिर	१४९८८१६	वेनी नगर स्वास्थ्य चौकी जाने बाटो	४९१३९५
			मर्चवार सडक देखि स्वास्थ्य चौकी जाने	४९०७७६

<table>
<tr><th>सि.नं</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td rowspan="2"></td><td rowspan="2">रंगरोगन, पोल तार ह्यूम पाइप खरिद गर्ने वडा ५ का योजना</td><td rowspan="2"></td><td>वाटो</td><td></td></tr>
<tr><td>मर्चवार सडक मझगाँव एरिया ग्राभेल</td><td>४९०५५७</td></tr>
<tr><td rowspan="2">२३२-०७७/३/२६</td><td rowspan="2">सामुदायिक भवन सिपवा पूर्व टोल (एउटै योजना टुक्र्याई २ ठाउंवाट बजेट विनियोजन)</td><td rowspan="2">९९८३७४</td><td>वडा नं. ५ ग्राभेल कार्य स्थान समेत नतोकि</td><td>४९१८२५</td></tr>
<tr><td>हर्दि चोकदेखि मंचावरी मन्दी सडक</td><td>४८९०४७</td></tr>
<tr><td rowspan="3">२६१-०७७/३/३०</td><td rowspan="3">परसपुर देखि झुलनीपुर जाने वाटो</td><td rowspan="3">११३०५८५</td><td>वडा नं. ४ मा ग्राभेल कार्य स्थान नतोकी</td><td>३६९५७७</td></tr>
<tr><td>वडा नं. ५ मा गा.पा भवन देखि नौकट्टी</td><td>४४९९२२</td></tr>
<tr><td>"</td><td>३११०८८</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>७२२३३४४</td><td></td><td>८२५०३८५</td></tr>
</table>
उल्लेखित संशोधित योजनाहरु सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार छन्:
क) सार्वजनिक खरिद नियमावली, २०६४ को १२३(४) मा भुक्तानी रकमको ५ प्रतिशत धरौटी कट्टा गर्नुपर्ने व्यवस्था रहेकोमा उल्लेखित योजनाहरु अधिकाँश निर्माण व्यवसायी मार्फत कोटेशनमा गरेकोमा नियमानुसार धरौटी कट्टी नगरी भुक्तानी दिएको छ ।
ख) बेनीनगर स्वास्थ्य चौकी जाने बाटो, मर्चवार सडक देखि स्वास्थ्य चौकी जाने बाटो र मर्चवार सडक मझगाँव एरिया ग्राभेल एउटै सडक भएकोमा लागत अनुमान टुक्रयाई एउटै निर्माण व्यवसायीसंग कोटेशनमा कार्य गराएको छ ।
ग) सडक विभागको नर्म्स प्रयोग गरी लागत अनुमान बनाएकोमा वेनि नगर स्वास्थ्य चौकी जाने बाटो, मर्चवार सडक देखी स्वास्थ्य चौकी जाने बाटो र मर्चवार सडक मझगाँव एरिया ग्राभेल कार्यको दर विश्लेषण अनुसार प्रति घ.मी ग्राभेलको दर रु. २९०७।४६ रहेकोमा लागत अनुमानमा रु. ३०५४।— राखी ४०४.०७ घ.मी कार्य गराई भुक्तानी दिएकोले रु. ५९,२१२।— बढी भुक्तानी भएको असूल हुनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>२३.</td><td>सहकारी संस्था भवन — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(३) मा स्थानीय तहले योजना तर्जुमा गर्नुपर्ने आधार तयार गरेको छ । ऐनले तोकेको व्यवस्था विपरित पाँचौ गाउँ सभाले नाफामुलक सगुन बचत तथा ऋण सहकारी संस्थाको भवन निर्माण कार्यको लागि योजना छनौट गरी रु. ५,४२,१८४।९६ को लागत अनुमान तयार गरी भवन निर्माण महिला सगुन बचत तथा ऋण सहकारी संस्था लि. उपभोक्ता समिति मार्फत रु. ५,४१,०७५।— को कार्य गरेको देखाई भौ.नं. ११३—०७६।११।२८ र १४८—०७७।२।२१ बाट रु. ४,९८,८६९।— लेखेको छ । बचत तथा ऋण परिचालन गर्ने र नाफा आर्जन गर्ने संस्थाको भवन निर्माण गर्ने कार्य उचित नदेखिएको रु.
जिल्ला समन्वय समिति मार्फत सो संस्थाको धेरै कार्य सम्पन्न भएको र बाँकी कार्यको लागि वडा अध्यक्षको सिफारिसमा भुक्तानी दिएको कार्यालयको भनाई रहेको छ ।</td><td>४९८८६९/-</td></tr>
<tr><td>२४.</td><td>योजना कटौती गरी कन्टेन्जेन्सी — गाउँसभावाट पारीत नीति तथा कार्यक्रम कार्यान्वयन हुनुपर्दछ । कार्यालयले गाउँसभाबाट स्वीकृत गरेको ७ योजना कार्यान्वयन नगरी भौं.नं. १३७—०७७।१।१२ बाट रु. १३,५०,०००।—, भौ.नं.१५२—०७७।२।२४ बाट रु. १५,५०,०००।— र भौ.नं. २०३—०७७।३।२१ बाट रु. ९,००,०००।— समेत रु. ३८,००,०००।— कन्टेन्जेन्सी खातामा रकम ट्रान्सफर गरेको छ । यसरी ट्रान्सफर गरेको रकम मध्ये कोभिड १९ नियन्त्रण कार्यको लागि भनि भौ.नं. १५३—०७७।२।२४ मा क्वारेन्टाइनको लागि शौचालय निर्माण खर्च रु.२,९५,५२३।— भौ.नं. १४७—०७७।२।१९ बाट जेनेरेटर खरिद रु.३,७५,०००।— र भौ.नं. १६४—०७७।३।२ बाट विना प्रतिस्पर्धा आइसोलेशनमा पार्टेशन कार्य दिव्या ट्रेड एण्ड सप्लायर्ससंग सिधै काम गराई रु.१०,४१,९१६।— समेत रु. १७,१२,४३९।— खर्च लेखेको छ । योजनाको रकम कटौती गरी कन्टेन्जेन्सी खातामा लगि</td><td></td></tr>
</table>

<table>
<tr><th>सि.नं</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td></td><td>विना प्रतिस्पर्धा सिधै काम गराएको समेत उचित नदेखिएको रु.</td><td>१७१२४३९/-</td></tr>
<tr><td>२५.</td><td>असम्बन्धित सेवा प्रदायक – आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(१) मा अधिकार प्राप्त अधिकारीले स्वीकृत बजेट, कार्यक्रम र उपलव्ध स्रोतको उच्चतम प्रतिफल हुने तथा मितव्ययी तरिकाले खरिद गर्नुपर्ने व्यवस्था गरेको छ । कार्यालयले १.५ टनको एयर कन्डिसन खरिद गर्नको लागि ३ वटा कोटेशन लिएको देखाई नेपाल स्टील फर्निचर उद्योगले सवैभन्दा कम कवोल गरेको देखाई निजमार्फत खरिद गरी भौ.नं. १८२–०७७।३।१६ बाट रु. ४,०४,९९७।– खर्च लेखेको छ । फर्निचर उद्योग एयर कन्डीसन उत्पादक तथा बिक्रेता समेत नरहेको अवस्थामा खरिद गरेकोमा खरिद मितव्ययी नदेखिनुका साथै नियम सम्मत नदेखिएको रु.</td><td>४०४९९७/-</td></tr>
<tr><td>२६.</td><td>दायित्व सृजना – कार्यालयले खर्चको सीमा निर्धारण गर्दा सिर्जीत दायित्व तथा जनाएको प्रतिवद्धता बमोजिम भुक्तानी हुन बाँकी रकम समेत समावेश गरी समष्टिगत आर्थिक दायित्वमा प्रतिकूल असर नपर्ने गरी खर्चको सीमा निर्धारण गर्नुपर्नेमा कार्यालयले भुक्तानी दिन बाँकीको विवरण समेत संलग्न नगरी तथा यसवर्ष सभाले पारीत गरेको ८ योजना कटौती गरी यादव निर्माण सेवालाई निजले चेक गतवर्ष चेक साट्न ढिलाई भएको भनी २०७६।५।६ को निवेदनको आधारमा भौ.नं. १८–०७६।७।८ बाट रु.१६,००,६७७।– खर्च लेखेको छ । भुक्तानी दिन बाँकीको विवरण वेगर स्वीकृत योजना कटौती गरी भुक्तानी पाउने व्यक्तिको निवेदनको आधारमा खर्च लेखेको उचित नदेखिएको रु.</td><td>१६००६७७/-</td></tr>
<tr><td>२७.</td><td>आर्थिक सहायता – आर्थिक सहायता प्रदान गर्ने सम्बन्धमा कार्यालयले कार्यविधि र मापदण्ड तयार गरी सोही अनुरुपम आर्थिक सहायता प्रदान गर्नुपर्दछ । आर्थिक सहायता प्रदान गर्दा स्वास्थ्य सम्बन्धमा सहायता लिने मानिसको निवेदन, डाक्टर जाँच गरेको कागत लगायत प्रमाणित कागजात पेश भएपछि मात्र सहायता प्रदान गर्नुपर्नेमा कार्यपालिकाको निर्णय अुनसार रु. २,३९,०००।– आर्थिक सहायता खर्च लखेको छ । एकै प्रकृतिको विरामीलाई पनि अलग अलग दरले आर्थिक सहायता वितरण गरेको छ । कार्यविधि तथा मापदण्ड बनाएर र सम्बन्धित शिर्षकवाट मात्र खर्च लेख्नुका साथै पूँजीगत शिर्षकबाट आर्थिक सहायता खर्च लेख्न मिल्ने नदेखिएको रु.</td><td>२३९०००/-</td></tr>
<tr><td>२८.</td><td>कोटेशनबाट कार्य– सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४० मा शिलवन्दी दरभाउपत्रवाट कार्य गराउन सक्ने व्यवस्था छ । त्यस्तै नियमावली, २०६४ को १२३(४) मा भुक्तानी रकमको ५ प्रतिशत धरौटी कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसारको कार्य एउटै फर्मसंग पटक पटक कोटेशन मार्फत कार्य गराई भुक्तानी गरेकोमा धरौटी समेत कट्टा नगरी भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.
<table>
<tr><th>भौ.नं. मिति</th><th>कामको विवरण</th><th>निर्माण व्यवसायीको नाम</th><th>मू.अ.कर समेत भुक्तानी</th><th>कट्टा नगरेको धरौटी</th></tr>
<tr><td>८-०७६/६/१२</td><td>सडक मर्मत</td><td>कृष्ण विल्डर्स</td><td>१०८८३६८</td><td>४८१५८</td></tr>
<tr><td>१२-०७६/६/६</td><td>,,</td><td>,,</td><td>३९५७०४</td><td>१७५०९</td></tr>
<tr><td>२१-०७६/७/१४</td><td>,,</td><td>,,</td><td>५९१७४५</td><td>२६१८३</td></tr>
<tr><td></td><td></td><td></td><td>२०७५८१७</td><td>९१८५०</td></tr>
</table></td><td>२०७५८१७/-</td></tr>
<tr><td>२९.</td><td>कार्यालयको प्रशासकिय भवन – सम्झौता रकम रु. ४,०३,७०,२९२।– रहेको कार्यालयको प्रशासकिय भवन दया निर्माण सेवासँग २०७६।९।१४ मा सम्पन्न गर्ने गरी मिति २०७५।३।२५ मा सम्झौता भएको थियो ।निर्माण व्यवसायीले सम्झौता अवधि भित्र कार्य सम्पन्न नगरी २०७७।३।३१ सम्म म्याद थप भएको र २०७७।३।२१ मा कार्य सम्पन्न गरि अन्तिम विलको भौ.नं. २०६–०७७।३।२१ बाट भेरीएसन रकम रु. २४,५८,८३६।७२ समेत रु. १,१९,६९,३०१।– तथा भवन निर्माण कार्यको कूल</td><td></td></tr>
</table>

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
	रु. ४,३२,२१,७२९।— भुक्तानी भएको सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्ः	
२९.१.	**भेरिएसन —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौता गर्दाका वखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा नियमावलीको प्रक्रिया पुऱ्याई भेरीएसन आदेश जारी गर्न सक्ने व्यवस्था छ । भेरीएसन आदेश जारी गर्दा कार्यालयले पूर्वानुमान गर्न सक्ने भवन निर्माण कार्यको यथार्थ लागत अनुमान तयार नगरी काम गराएको, सार्वजनिक खरिद ऐन र नियमावलीमा भएको प्रक्रिया पुरा नगरी र अन्तिम विल भुक्तानीको लागि प्राविधिकले नापजाँच गर्दा बढेको परिमाणकोको आधारमा ६.०९ प्रतिशत भेरीएसन रकम भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.	२४५८८३६।७२
२९.२.	**कार्य स्वीकार प्रतिवेदन —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७(१) मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले प्रशासकिय भवनको अन्तिम विल भुक्तानी गर्दा गरेको कामको प्राविधिक मूल्यांकन गरी कार्य स्वीकार प्रतिवेदन लिनुपर्नेमा कार्यसम्पन्न प्रतिवेदन तयार गरी अन्तिम विलको भुक्तानी दिएको छ ।	
२९.३.	कार्यालयले खर्चको भुक्तानी लेख्दा दोहोरो नहुने गरी भुक्तानी दिनुपर्दछ । उक्त भवन निर्माण कार्यको लागत अनुमान तयार गर्दा प्रोभिजनल सम अन्तर्गत विमा आईटम राखेकोमा विमामा पहिलेनै मू.अ.कर राखी लागत अनुमान तयार हुनेमा रु. ३,७५,०००।— विमा रकमको भुक्तानीमा पुन रु. ४८,७५०।— मू.अ.कर भुक्तानी दिएकोले बढी भुक्तानी दिएको असूल हुनुपर्ने रु.	४८७५०/-
२९.४.	**निमार्ण व्यवसायी कोष —** निर्माण व्यवसायी नियमावली, २०५६ को नियम १४ मा निर्माण व्यवसायीको वीलबाट ०.१० प्रतिशतले हुने रकम कट्टा गरी निर्माण व्यवसाय कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । निर्माण व्यवसायी दया निर्माण सेवालाई अन्तिम विलसम्म मूल्य अभिवृद्धि कर बाहेक रु. ३,८२,४९,३१८।— भुक्तानी भएको छ । सो भुक्तानीमा ०.१० प्रतिशतले हुने रु.३८,२४९।— कट्टा गरी निर्माण व्यवसाय कोषमा दाखिला भएको नदेखिएकोले सो रकम दाखिला गर्नुपर्ने रु.	३८२४९/-
३०.	**बहुउद्देश्य सभाहल —** लागत अनुमान रु. ३,१९,२७,६७४।०४ (कर बाहेक) रहेको बहुउद्देश्य सभाहल भवन निर्माणको लागि राजन निर्माण सेवाले कबोल गरेको रु. २,९१,३३,७९९।११ (मू.अ.कर समेत) २०७७।६।१० मा सम्पन्न गर्नुपर्ने गरी मिति २०७६ असार ११ मा सम्झौता भएको थियो । गतवर्ष पहिलो रनिङ विलवाट रु. ५८,९२,२९९।५२ र यस वर्ष २ रनिङ विलवाट रु. १,४८,३१,९२५।— समेत हालसम्म रु. २,०७,२४,२२४।५० भुक्तानी भएको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्ः	
३०.१.	उक्त भवनको ड्रइङ डिजाइन र लागत अनुमान बारवरा इन्जिनियरिङ कन्सल्टेन्सीले तयार गरेको र परामर्शदाताले ५ प्रतिशत कन्टेन्जेन्सी र मू.अ.कर सहित रु. ३,७५७३,५२१।— तयार गरेको विमा तथा प्रयोगशाला परीक्षणको लागि आवश्यक रकम लागत अनुमानमा समावेश गरेको छैन । लागत अनुमान तयार गर्दा परीमाण निर्धारण गर्न सकिने स्यानेटरी वर्स र वायरीङ कार्यको लागि सिभिल कार्य गर्दा लाग्ने रकमको ६, ६ प्रतिशतका दरले क्रमशः १६,९६,४७४।७१ र १६,९६,४७४।७१ राखेको छ । परिमाण र रकम यकिन गर्न सकिने कर्यमा परिमाण वाईज लागत ननिकाली सिभिल कार्यको लागतको आधारमा लागत अनुमान तयार गरी कार्य गराएको उचित देखिएन ।	
३०.२.	**निमार्ण व्यवसायी कोष —** निर्माण व्यवसायी नियमावली, २०५६ को नियम १४ मा निर्माण व्यवसायीको वीलबाट ०.१० प्रतिशतले हुने रकम कट्टा गरी निर्माण व्यवसाय कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ ।	

<table>
<tr><th>सि.नं</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td></td><td>निर्माण व्यवसायी राजन निर्माण सेवालाई अन्तिम विलसम्म मूल्य अभिवृद्धि कर बाहेक रु. १,८३,४०,०२१।—।— भुक्तानी भएको छ । सो भुक्तानीमा ०.१० प्रतिशतले हुने रु.१८,३४०।— कट्टा गरी निर्माण व्यवसाय कोषमा दाखिला भएको नदेखिएकोले सो रकम दाखिला गर्नुपर्ने रु.</td><td>१८३४०/-</td></tr>
<tr><td>३०.३.</td><td>सौर्यवत्ति — सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद नहुने व्यवस्था छ । कार्यालयले गाउँपालिका पूर्वाधार तर्फ सौर्य बत्ति जडानको रु. २० लाख, सशर्त अनुदान तर्फ १२ लाख ६५ हजार र वडा नं. ६ का सबै टोलको लागि रु. ३ लाख गरी रु.४५ लाख ६५ हजार विनियोजन गरेकोमा लागत अनुमान तयार गर्दा १६ वत्तिको लागि रु. १९,३२,४००।— र १३ वटाको रु. १५,७०,०७५।— लागत अनुमान तयार गरी मिति २०७६।७।२२ मा ठेक्का सूचना प्रकाशत गर्दा ठे नं.१ र ठे.नं.२ भनी सूचना प्रकाशन गरेको छ । उक्त २ ठेक्कामा ५ वोलपत्रदाताले वोलपत्र पेश गरेकोमा २ वटा अयोग्य भनी ३ ले पेश गरेको दरभाउपत्र मूल्यांकन गर्दा दुवैमा सम्बृद्ध नेपाल इनर्जी प्रा.लि.ले कवोल गरेको अंक क्रमशः १९,२२,२७२।— र १५,६१,८४७।— मा सम्झौता गरी भौ.नं. १११—०७६।११।२३ वाट रु. १९,२२,२४०।— र भौ.नं. ३—०७६।१२।३ मा १२,६५,०००।— (सशर्त शिर्षकवाट) भौ.नं. १२१—०७६।१२।३ बाट २,६८,६८८ समेत कूल रु. ३४,५५,९२८।— खर्च लेखेको छ । लागत अनुमान टुक्रा गरी तथा बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रवाट निर्माणमा प्रयोग भएका सामग्रीको अद्यावधिक गुणस्तर प्रमाण वेगर भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.</td><td>३४५५९२८/-</td></tr>
<tr><td>३०.४.</td><td>कम विनियोजन — बजेट तयार गर्दा खरिदको विवरण, परिमाण र क्षेत्र यकिन गरेर मात्र बजेट विनियोजन गरिनु पर्दछ । नमुना छनौटको आधारमा परीक्षण गर्दा निम्नानुसारका योजनाहरु अधुरो रहने गरी बजेट विनियोजन गरेकोले काम पुरा भएको छैन । प्राविधिकले लागत अनुमान तयार गर्दा विनियोजन बजेटको आधारमा लागत अनुमान तयार गर्ने तथा मूल्यांकन गर्दा भए गरेको कामको नापजाँच गरी सोही अनुसारको कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने गरेको देखियो । सभाले बजेट विनियोजन गर्दा कामको प्रकृतिलाई मध्यनजर गरी योजना सम्पन्न हुने गरेर मात्र बजेट विनियोजन गर्नुपर्दछ ।
<table>
<tr><th>योजनाको नाम</th><th>बजेट विनियोजन</th><th>लागत अनुमान</th><th>कार्यसम्पन्न</th><th>भएको काम</th><th>खर्च शिर्षक</th></tr>
<tr><td>अधुरो धर्मशाला निर्माण</td><td>५०००००</td><td>५३९७१४</td><td>५४१७०९</td><td>प्लेन्थ लेभलको काम</td><td>गा.पा. पूँजीगत</td></tr>
<tr><td>मदरसा फतिमातु जोहरा गर्ल्स कलेज भवन निर्माण</td><td>५०००००</td><td>५४९२९०/८६</td><td>५४९२९०</td><td>वाल र ढलानको कार्य</td><td>,,</td></tr>
</table></td><td></td></tr>
<tr><td>३१.</td><td>सर्भे तथा डि.पि.आर — सार्वजनिक खरिद नियमावली, २०६४ मा २० लाख सम्म लागत अनुमान भएको परामर्श कार्य मौजुदा सूचीवाट ३ देखि ६ परामर्शदाता कम्पनीको प्रस्ताव लिई कार्य गराउनुपर्ने व्यवस्था छ । साथै नियमावलीको नियम १२ अनुसार परामर्श सेवाको लागत अनुमान तयार गराउनुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसारको कामको लागि प्रस्तावदातासँग पत्रद्धारा प्रस्ताव माग गरी परामर्श सेवा लिएकोमा कार्यलयकै जनशक्तिले गर्न सक्ने काम परामर्शदातावाट गराएको, सम्झौता गर्नुपूर्व लागत अनुमान तयार नगरेको, प्रस्तावदाताले पेश गरेको दरमै खरिद गरेको, प्राप्त भएको रिपोर्ट जिन्सी दाखिला नगरेको तथा मौजुदा सूचीमा दर्ता नभएका समेतबाट प्रस्ताव लिई कार्य गराई रु. १४,८९,३००।— भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.
<table>
<tr><th>भौ.नं. मिति</th><th>कामको विवरण</th><th>परामर्श दाता</th><th>खर्च रकम</th></tr>
<tr><td>४८-०७६/९/१६</td><td>वडा ३ कार्यालयको भवनको डिजाइन र लागत अनुमान</td><td>ग्लोवल इन्जिनियरिङ</td><td>४९७२००</td></tr>
<tr><td>२०९-०७७/३/२३</td><td>वडा नं. २ मा हेल्थपोष्ट कार्यालय भवन को डिजाइन र लागत अनुमान</td><td>आरम्भ इन्फ्रास्ट्रक्चर</td><td>४९७२००</td></tr>
</table></td><td>१४८९३००/-</td></tr>
</table>

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम

२१९-०७७/३/२४ २३८-०७७-३/२६	सामुदायिक भवन वडा नं. ६ कार्यालयको डिजाइन र लागत अनुमान	आरम्भ इन्फ्रास्ट्रक्चर	४९४९००
जम्मा			१४८९३००

३२. **अग्रिम कर -** आयकर ऐन, २०५८ को दफा ८८(१) अनुसार वासिन्दा ब्यक्तिले नेपालमा श्रोत भएको ब्याज प्राकृतिक स्रोत भाडा रोयल्टी सेवा शुल्क जस्ता भुक्तानीमा कुल भुक्तानी रकमको १५ प्रतिशतका दरले करकट्टा गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा गै.स.सं.वाट काम गराउँदा छिटो, छरितो, प्रभावकारी तथा मितव्ययी हुने भएमा मात्र सार्वजनिक निकायले गैह्र सरकारी संस्था मार्फत काम गराउन सक्ने व्यवस्था छ । कार्यालयको आफ्नो विषयगत शाखा र उपलव्ध जनशक्तिले सम्पन्न गर्न सक्ने काम गैह्र सरकारी संस्थाबाट गराउन नहुनेमा पूंजीगत शिर्षकवाट चालु प्रकृतिका कार्य गै.स.सं. मार्फत गराएको छ। गै.स.सं.ले गरेको निम्नानुसारको काममा मितव्ययीता नदेखिनुका साथै, ऐन अनुसार १५ प्रतिशत कर कट्टा गर्नुपर्नेमा १.५ प्रतिशतले मात्र कट्टा गरेकोले नपुग कर रु.६,३३,१२३।– असूल गर्नुपर्दछ । यसरी ऐन तथा नियमावली विपरित कार्य गराई भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु. ४६८९७९७/-

भौं.नं. मिति	कामको विवरण	गैससको नाम	भुक्तानी रकम	नपुग कर
१६५-०७७/३/२	वालमैत्री पूर्वाधार तथा वालमैत्री पूर्वाधार कार्यक्रमवाट तालिम संचालन	लुम्वीनी दर्पण	४८००००	६४८००
१६५-०७७/३/२	बालविवाह विरुद्ध तथा नेतृत्व विकास सम्बन्धी जनचेतनामूलक तालिम	दलित सामाजिक विकास केन्द्र	४५००००	६०७५०
२४५-०७७/३/२८	बिद्यालयहरुमा सिलङि पंखा वितरण	लुम्विनी दर्पण	२०००००	२७०००
२०२-२०७६/८/१२	भोजपुरी भाषामा जनचेतना अडियो उत्पादन	भाइब्रेन मिडिया प्रा लि	२४५०००	३३०७५
२४४-२०७६/९/१२	दलित महिलाईहरुलाई सिलाई कटाई तालिम	दलित सामाजिक विकास केन्द्र	१५७०००	२११९५
६५६-२०७७/३/३१	बालबालिकालाई नेतृत्व विकास	दलित सामाजिक विकास केन्द्र	६९३९२	९३६८
७५५-२०७७/३/३१	गा.पा स्तरिय कृषि तालिम	पहिलो खुड्कीलो	१०००००	१३५००
६५७।२०७७-३-२१	मोषमी तथा वेमौषमी तरकारी खेती तथा विउ विजन वितरण सम्वन्धी कृषि तालिम	दलित सामाजिक विकास केन्द्र	४४५३७१	६०१२५
६५९।२०७७-३-२१	युवालाई खेलकुद सामाग्री वितरण	दलित सामाजिक विकास केन्द्र	९८६४३	१३३१७
६९१।२०७७-३-२१	व्यवसायिक तरकारी खेती सम्वन्धी कार्यक्रम	पहिलो खुड्किलो	२५००००	३३७५०
७१३।२०७७-३-२८	अपाङ्गहरुलाई उधमशिल तालिम	लुम्बिनी दर्पण	५००००	६७५०
७१६।२०७७-३-२१	टुर्नामेन्ट	मर्चवार एकिकृत विकास संस्था	१०००००	१३५००
७२५।२०७७-३-२९	सहकारी संस्थालाई तालिम	दलित सामाजिक विकास केन्द्र	१०००००	१३५००
५४३।२०७७-२-१९	आधुनिक कृषि खेतीपाती तथा विजन वितरण सम्वन्धी कृषि तालिम	दलित सामाजिक विकास केन्द्र	४९००००	६६१५०
६५९।२०७७-३-२१	युवालाई खेलकुद सामाग्री वितरण	लुम्बिनी दर्पण	१९७०९८	२६६०८
६५९।२०७७-३-२१	झुल वितरण कार्यक्रम	दलित सामाजिक विकास केन्द्र	९८६४३	१३३१७
६७९।२०७७-३-२३	१००० दिने पोषण कार्यक्रम	पहिलो खुड्किलो	१०००००	१३५००
६८०।२०७७-३-२३	नेतृत्व विकास कार्यक्रम	स्माईल फाउण्डेशन नेपाल	७००००	९४५०
६६०।२०७७-३-२१	युवालाई खेलकुद सामाग्री वितरण	दलित सामाजिक विकास केन्द्र	९८६५०	१३३१८
६६०।२०७७-३-२१	अपाङ्गहरुलाई सामाग्री वितरण	लुम्बिनी दर्पण	१०००००	१३५००
६६१।२०७७-३-२१	टोल क्लब तथा विधालयलाई खेलकुद सामाग्री वितरण	लुम्बिनी दर्पण	२०००००	२७०००
६६२।२०७७-३-२१	बालवालिकाहरुका लागि शिक्षामा पहुँच तालिम	लुम्बिनी दर्पण	४९००००	६६१५०
५६७।२०७७-२-२३	वैदेशिक रोजगार तालिम	दलित सामाजिक विकास केन्द्र	५००००	६७५०
५६८।२०७७-२-३२	नेतृत्व विकास तालिम	दलित सामाजिक विकास केन्द्र	५००००	६७५०
	जम्मा		**४६८९७९७**	**६३३,१२३**

उल्लेखित कारोवारको सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार छन्:

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
	क) बिद्यालयहरुमा सिलिङ पङखा वितरण कार्यक्रमको लागि भुक्तानी भएको रकमको विश्लेषण गर्दा रु. १,८०,०००।– को ५० वटा पंखा खरिद तथा वितरण गरेको देखाएकोमा प्रति पंखा रु. ३६००।– परेको छ भने कार्यालयले सिधै खरिद गरेका सिलिङ पङखा प्रतिथान रु.२७००।– मात्र परेको देखिंदा प्रति पंखा रु. ८००।–बढी परेको छ । ख) श्रीराम माविलाई २० वटा पंखा दिएको सम्बन्धमा बिद्यालयका प्र.अ. श्री कृष्ण प्रसाद पन्थलाई ९८४७१२५६९८ मा फोन मार्फत सोध्दा लुम्बिनी दर्पणले पंखा नदिएको बरु वडा कार्यालयवाट ५ वटा प्राप्त भएको जवाफ प्राप्त भएको । ग) पकडी आधारभूत बिद्यालयमा १३ वटा पंखा दिएको भरपाई बनाएको सम्बन्धमा शिक्षा संयोजकसंग सोधनी गर्दा बिद्यालयमा बिजुलीनै नभएको जवाफ प्राप्त भयो । घ) शिवशक्ति मा.वि.लाई १२ वटा पंखा दिएको सम्बन्धमा प्र.अ. दुर्गा प्रसाद यादवसंग निजको मोवाइल नं. ९८४७०३३२३६ मा सोधनी गर्दा वडा कार्यालयवाट ३ वटा प्राप्त भएको तर लुम्बिनी दर्पणले एउटा पनि नदिएको जवाफ प्राप्त भएको छ ।	
३३.	**बढी भुक्तानी –** आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ बमोजिम खर्च भुक्तानी लेख्नुपर्दछ । कार्यालयले मेशिनरी औजार बजेट शिर्षकवाट लुम्बिनी आई.टि ट्रेडवाट रु. ४,६३,२९०।–र साझा ट्रेडिङ हाउसवाट रु.८८,१४०।– बरावरको व्याट्रि, युपिएस, ल्यापटप लगायतका रु.५,५१,४३०।–बरावरको सामान खरिद गरी भौ.नं. १५८–२०७७।२।३० बाट रु.५,५१,४३२।– भुक्तानी गरिसकेको अवस्थामा भौ.नं. १७०–२०७७।३।९ बाट छुट भुक्तानी भनी लुम्बिनी आइ.टि ट्रेडलाई रु. ६१,४४८।– भुक्तानी दिएकोमा पहिले पुरै भुक्तानी भएको रकम छुट भनी लेखेको असूल हुनुपर्ने रु.	६१४४८/-
३४.	**फुसको छाना विस्थापन –** प्रदेश सरकारवाट विनियोजित रु. ३० लाख र गाउँपालिका पूँजीगतवाट रु.५० लाख समेत ८० लाख विनियोजित रकमवाट १६ वटा घर बनाउन रु. ८०,००,१९०।– लागत अनुमान तयार गरी ठेक्का व्यवस्थापन गर्दा सवै भन्दा घटी अंकमा कवोल गर्ने यादव निर्माण सेवाले रु. ५१,४६,०९६।०५ (कन्टेन्जेन्सी र मू.अ.कर बाहेक) मा मिति २०७७।२।१५ मा सम्पन्न गर्ने गरी २०७६।१२।२ मा सम्झौता भएको थियो । निर्माण व्यवसायीले समयमा निर्माण सम्पन्न नगरेको कारण प्रमुख प्रशासकिय अधिकृत र गाउँपालिकाको अध्यक्षको संयुक्त निर्णयवाट मिति २०७७।५।३० सम्म म्याद थप गरेको छ । निर्माण व्यवसायीले हालसम्म रु. २८,५८,२६३।–(मूअ.कर बाहेक) को कार्य गरेको प्राविधिक मूल्यांकनको आधारमा भौ.नं. २४९–०७७।३।२८ वाट रु. ३२,२९,८३७।– बजेट खर्च लेखेको छ । यस सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार छन्: क) विपन्न वर्गको लागि फुसको छाना विस्थापन गर्ने कार्यक्रमको उद्देश्य अनुरुप क-कसको लागि घर बनाउने, लाभग्राही को-को हुन, विपन्न परिवार छनौटको आधार के हुने भन्ने निर्धारण नगरी कार्य गराएको उचित देखिएन । ख) सार्वजनिक खरिद नियमावली, २०६४ को १२३(४) मा भुक्तानी रकमको ५ प्रतिशत धरौटी कट्टा गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले निर्माण व्यवसायीलाई रु.२५,५८,२६३।– भुक्तानी गरेकोमा ५ प्रतिशतले हुने धरौटी रु. १,२७,९१३।– कट्टा गरी धरौटी खातामा आम्दानी नराखेको रु.	१२७९१३/-
३५.	**अमानत कार्य–** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४५ मा सामान्य प्रकृतिको मर्मत सम्भार, सानातिना नियमित कार्य वा सरसफाईजस्ता कार्य अमानतवाट गराउन वा उपभोक्ता समितिवाट काम गराउन सकिने र यसरी कार्य गर्दा वा गराउंदा कार्यविधिले तोके बमोजिम गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यसवर्ष	

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
	निम्नानुसारको मर्मत कार्य अमानतवाट गराएकोमा नियम तथा कार्यविधिको पालना नगरी कर्मचारीहरु मार्फत गराई भुक्तानी दिएको छ । कार्यालयमा कर्मचारीहरुको अभाव भएको तथा कार्यालय बाहिरको निर्माण तथा मर्मत कार्य भएको अवस्थामा उपभोक्ता समितिलाई अमानतमा कार्य नगराई कर्मचारी मार्फत गराएको नियमसम्मत नदेखिएको रु.	११७९२१३/-

भौ.नं. मिति	कामको विवरण	कर्मचारीको नाम	लागत अनुमान	कार्यसम्पन्न	भुक्तानी रकम	खर्च शिर्षक
१९-०७६/७/१४	वडा ६ कार्यालय भवन मर्मत	व.स. रामनाथ यादव	१२७२०७	१२७२०७	१२७२०७	गा.पा. पूँजीगत
१५३-०७७/२/२४	वोगडी मा.वि. लगायत ३ स्थानको क्वारेन्टाइनमा सौचालय तथा पर्खाल	ई. मोहम्मद नुरुल हुसेन खाँ	२९७१६५	२९५४६३	२९५४६३	,,
१७७-०७७/३/११	आदर्श उ.मा.विमा आइसोलेशन पर्खाल	का.स. धनश्याम	२०७२७६	२०७२७६	२०५८०७	,,
१८०-०७७/३/११	गाउँपालिकामा आइसोलेशन निर्माण	सूचना अधिकृत राजन चौरासिया	५५०७३६	५५०७३६	५५०७३६	,,
					११७९२१३	

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
३६.	**ह्याण्ड पम्प तथा स्यालो ट्युववेल** — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा योजना तर्जुमाको आधार तय गरेको छ । कार्यालयले कार्यक्रम तर्जुमा गर्दा सोही आधारलाई मध्यनजर गरी कार्यक्रम तयार गरी कार्यान्वयन गर्नुपर्दछ । कार्यालयले बजेट तथा कार्यक्रम गराउँदा ह्याण्ड पम्प र सिंचाईको लागि गाउँपालिका तथा वडाहरुको लागि योजना पुस्तिकाको ९ ठाउँमा राखी रु. १,३१,७५,०००।— बजेट विनियोजन गरेकोमा निम्नानुसार भौचरवाट रु. १,१५,०६,६०५।— खर्च लेखेको छ ।	

भौ.नं. मिति	योजनाको नाम	उपभोक्ता समितिको नाम	भुक्तानी रकम	ल.ई अनुसार जडान हुने संख्या	नापी किताव अनुसार जडान भएको संख्या	भरपाई अनुसार वितरित संख्या
१०७-०७६/११/२०	वडा नं. ६ मा हेण्ड पम्प	नविन निर्माण सेवा	४९१४०२	१२	१२	भरपाइ पेश नभएको
१३९-०७७/१/१३	वडा ५ प्रत्येक टोलमा हेण्ड पम्प	हेण्ड पम्प जडान उ.स.	११९९२५४	३०	३०	
१६१-०७७/२/३२	वडा ६ प्रत्येक टोलमा हेण्ड पम्प	हेण्ड पम्प जडान उ.स.	९९७९००	१५१	१५१	
१९४-०७७/३/१८	वडा ५ प्रत्येक टोलमा हेण्ड पम्प	प्रत्येक टोलामा हेण्ड पम्प जडान उ.स.	१००००००	१५	१५	४१० फिट सम्म गाडेको
१९६-०७७/३/१९	बोगडी पूल देखि रंगी बनियाको घरसम्म ग्राभेल कार्यक्रम परीवर्तन गरी हेण्ड पम्प वडा ६	नविन निर्माण सेवा	५०००००	१३	१३	
२२०-०७७/३/२४	वडा ४ मा हेण्ड पम्प जडान	हेण्ड पम्प जडान उ.स.	९५५३००	२६	३१	३३ वितरण
२३६-०७७/३/२६	बोरिङ जडान वडा नं. ४	बोरिङ जडान उ.स.	१००००००	५	५	भरपाई पेश नभएको
२४६-०७७/३/२८	तुनिहवा निमावि लगायतका स्थानमा हेण्ड पम्प	हेण्ड पम्प जडान उ.स.	४१८४००	२१	२१	भरपाई पेश नभएको
७-०७७/३/२८	गाउँपालिका भरी हेण्ड पम्प जडान प्रदेश सशर्त अनुदानवाट	खा.पा. आयोजना उ.स.	४९४४३४९	१२५	१४८	
			११५०६६०५	३९८	४२६	

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
	उल्लेखित योजना र खर्च सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्: क) सभाले योजना तर्जुमा गर्दा ह्याण्ड पम्प र सिंचाईको लागि स्यालो ट्युववेलको कार्यक्रमगत एकमुष्ट रकम विनियोजन नगरी अलग अलग योजनाको रुपमा बजेट विनियोजन गरेको । ख) योजना पुस्तिकामा ह्याण्डपम्प तथा बोरिङ जडानको लागि १४ योजनाको रुपमा रु. १ करोड ३७ लाख बजेट विनियोजन गरेको मध्ये ९ योजना बाट ७ उपभोक्ता समिति र २ निर्माण व्यवसायीवाट कार्य गराएको छ । प्राविधिक, जटिल र खरिद कार्य बढी भएको योजना उपभोक्ता समिति मार्फत गर्दा खरिद मितव्ययी नहुनुका साथै योजना दिगो र सफल हुन नसक्ने अवस्था छ । ग) गाउँपालिका भित्र खानेपानीको लागि हेण्ड पम्प जडान भनी कार्यालयले बजेट विनियोजन गरेकोमा पुनः वडाहरुमा छुट्टाछुट्टै बजेट विनियोजन गरेको उचित नदेखिएको । घ) लागत अनुमान तयार गर्दा वास्तविक आधार नलिएको, अनुमानको आधारमा लागत तयार गरेको र जडान गरेको आधारमा कार्यसम्पन्न तयार गरेको जस्तै लागत अनुमानमा ३९८ जडान गर्ने रहेकोमा नापी तथा कार्यसम्पन्न प्रतिवेदनमा ४२६ वटा बनाएको देखिएको । ङ) जडान भएका ह्याण्ड पम्पबाट निस्केको पानी पिउनको लागि उपयुक्त रहे नरहेको गुणस्तर परीक्षण नगराएको तथा सिंचाईको लागि जडित स्यालो ट्युववेलवाट कति पानी डिस्चार्ज हुने र कति डिस्चार्ज भयो सो को मूल्यांकन नगरेको । च) संघ तथा प्रदेश सरकारका निकायहरुवाट समेत यस्तै कार्यक्रम गर्ने हुँदा अन्तर निकाय विच समन्वय भएको नदेखिएको । छ) कतिपयमा वितरण भरपाई नभएको, कतिपयमा वडाध्यक्ष मार्फत बुझिलिएको एकमुष्ट भरपाई बनाएको, वितरणको कार्यविधि नवनाएको, विगतमा सामग्री बुझे नबुझेको यकिन नगरेको, सामान लैजाने व्यक्तिको लगत अद्यावधिक गरी पुनः सामग्री लान नपाउने व्यवस्था समेत नमिलाएको । अतः वितरणको कार्यविधि समेत तयार नगरी गाउँपालिकाको अध्यक्षको तोक आदेश तथा वडाध्यक्षको सिफारिशवाट वितरण गरेको छ । वितरणको कार्यविधि नवनाएको, विगतमा सामग्री बुझे नबुझेको यकिन नगरेको, सामान लैजाने व्यक्तिको लगत अद्यावधिक गरी पुनः सामग्री लान नपाउने व्यवस्था समेत नमिलाई खर्च लेखेको नियम सम्मत नदेखिएको रु.	११५०६६०५/-
३७.	**सम्झौता विपरित भुक्तानी —** गाउँपालिका कार्यालय भवन प्रयोजनको लागि हुनमान यादव (वडाध्यक्ष वडा नं. ५) संग २०७४।६।८ मा प्रकाशित सूचना र २०७४ मंसीर ६ मा कार्यालय विच भएको सम्झौतामा कार्यालयले घर छोड्दा मर्मत तथा रंगरोगन गरी छोड्नु पर्ने सम्झौता भएको छैन । सम्झौताको बुंदा ७ मा घर भत्केमा वा टुटफुट भएमा घरधनी स्वयंले तुरुन्तै मर्मत संभार गरी बस्न योग्य तुल्याउनु पर्ने गरी सम्झौता भएको र हाल कार्यालयको आफ्नै भवन निर्माण भई सम्झौतामा उल्लेख भएको घर छोडेको छ । तर घरधनीले २०७६।३।२८ मा रकम निकासा पाउँ भनी मर्मत र रंगरोगन कार्यको रु. २,२०,०००।— माग गरेको र प्रमुख प्रशासकिय अधिकृतले घर भाडामा लिंदा र छोड्दा रंगरोगन र मर्मत गरी दिने शर्त बमोजिम भन्ने तोक आदेश अनुसार रु. २,२४,२००।— भुक्तानी दिने भनी वडा नं. ५ अन्तर्गतको बजेट शिर्षकवाट भौ.नं. २६४—०७७।३।३१ बाट रु. २,२०,०००।— भुक्तानी दिएको छ। सम्झौता विपरित र प्रमुख प्रशासकिय अधिकृतको आदेशवाट भुक्तानी दिएको रकम जिम्मेवार व्यक्तिवाट असूल हुनुपर्ने रु.	२२००००/-
३८.	**उपभोक्ता समितिको कार्य —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१) अनुसार १ करोड रुपैया सम्म लागत अनुमान भएको निर्माण कार्य मात्र उपभोक्ता समितबाट गराउन सक्ने र लागत	

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
	अनुमानमा मूल्य अभिवद्धि कर, ओभरहेड कन्टिजेन्सी रकम र जनसहभागिताको अंश समेत समावेश हुने उल्लेख छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:	

३८.१. **नर्मसभन्दा कम प्रयोग –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा विल विजक भुक्तानी दिने सम्बन्धी व्यवस्था छ । त्यस्तै कार्यालयले नर्मसको प्रयोग गरी निर्माण गर्ने कामको परिमाण र लागतको अनुमान गर्ने र सोही नर्म्स अनुसार सामग्रीको समेत प्रयोग गरी गुणस्तरीय काम हुनुपर्दछ । सडक कालोपत्रे गर्दा विटुमिनको प्रयोग प्राइमकोट प्रयोग गर्दा प्रति वर्गमिटर ०.९७ के.जी/लिटर, टयाक्ट कोट प्रति वर्गमिटर १.२२ के.जी/लिटर र प्रिमेक्स कार्पेट प्रति घनमीटर ७७ के.जी/लिटर र स्याण्ड शिल ६.८ के.जी/लिटर नर्मस बमोजिम लाग्ने देखिन्छ । नमुना छनौटको आधारमा कार्यालयले गाउँपालिका कोष पूँजीगत तर्फ यसवर्ष उपभोक्ता मार्फत कालोपत्रे गरेको सडकमा पेश भएको विल भरपाई तथा प्राविधिक मूल्यांकनको विश्लेषण गर्दा विटुमिन नर्मस भन्दा कम खरिद गरी प्रयोग गरेको छ । त्यस्तै २० लाख भन्दा बढी लागत अनुमान भएका कार्यको विमा नगराएको, कालोपत्रे जस्तो जटिल प्रकृतिको काम उ.स बाट गराएको, प्रयोग भएका सामग्रीहरुको प्रयोगशाला परीक्षण नगरी उपभोक्ता समिति मार्फत कार्य गराएको छ । अतः निर्माण सम्पन्न भएको मर्चवार मेनरोड देखि मिश्र टोल हुँदै कुटिया सडक कालोपत्रे सडकहरु गुणस्तरीय छ भनी आश्वस्त हुन नसकिएको रु. १४८२४४२/-

भौ.नं. मिति	योजना नाम		लागत अनुमान अनुसार भएको कामको परीमाण			नर्मस अनुसार हुने ३ वटै कार्यको विटुमिन परिमाण लिटर केजी	खरिद विल अनुसारको परिमाण लिटर केजी	घटी परीमाण लिटर केजी	भुक्तानी रकम
		प्राइम कोट ब.मी.	टयाक्ट कोट ब.मी.	प्रिमेक्स कार्पेटघ.मी	स्याण्ड सिल ब.मी				
२४८-०७७/३/२८	मर्चवार मेनरोड देखि मिश्र टोल हुँदै कुटिया सडक कालोपत्रे	१११३	९९३.७५	१९.८८	९९३.७५	१०५८०	२४९६	८०८४	१४८२४४२
	जम्मा								१४८२४४२

उल्लेखित सडकको Providing laying spreading watering and compation of natural sand mix gravel को सडक बिभागको नर्मस अनुसार २५६१.८६ हुनेमा रु. २८३०।८६ राखी बढी दर २५९.१६ ले १७१.७४ घ.मी.को रु. ४४,५०८।— बढी भुक्तानी भएको रकम समेत असूल हुनुपर्दछ ।

३८.२. **दर रेट –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने सम्बन्धी व्यवस्था छ । कार्यालयले उपभोक्ता समिति मार्फत गर्ने कार्यको लागि डोलिडार तथा सडक बिभाग दुवैले तयार गरेको नर्म्सको प्रयोग गर्ने गरेको छ । कार्यालयले लागत अनुमान तयार पार्दा सडकको नर्म्स प्रयोग गरी दर निर्धारण गर्दा उपभोक्ता समितिले गर्ने सडक निर्माणमा ग्राभेल कार्यको रु. १८४३।८३ प्रयोग गर्नुपर्नेमा रु. २२४९।— प्रयोग गरेकोले प्रति घ.मी. रु. ४०५।१७ बढी लागत परेको छ। नमुना छनौटका आधारमा परीक्षण गर्दा बढी दर राखी भुक्तानी भएको रकम असूल हुनुपर्ने रु. २२२३८९/-

भौ.नं. मिति	योजनाको नाम	बढी दर	कामको परीमाण	बढी भुक्तानी
२०१-०७७/३/२१	सडक पिसिसि ढलान रामगाउँ	४०५.१७	९.५२	३८५७
२०७-०७७/३/२२	पिसिसि ढलान तेलियागढ	४०५.१७	१४.८२	६००४
२०८-०७७/३/२३	मदनपुर चोकदेखी त्रिलोकपुर सडक ग्राभेल	४०५.१७	१७१.७९	६९६०४
२१६-०७७/३/२३	बसन्तपुरको विषयीको घरदेखि झुलनको घर जाने सडक ग्राभेल	४०५.१७	३८.०९	१५४३२
२३३-०७७/३/२६	धर्मशाला निर्माण योजना परीवर्तन गरी कुटियाजाने बाटोमा ग्राभेल	४०५.१७	१४२.८७	५७८८६
२३५-०७७/३/२६	लालमन गुप्ताको घरदेखि दरवारीको बगैंचा सम्म ग्राभेल	४०५.१७	७०.२४	२८४५९
२३७-०७७/३/२६	पिसिसि ढलान सानो मझगाँवा	४०५.१७	२१.६४	८७६७
२३९-०७७/३/२७	नकहिया गाउँभित्र पिसिसि ढलान	४०५.१७	९.४६	३८३२

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम

२४०-०७७/३/२७	पिसिसि ढलान देवनवक्सापुरमा	४०५.१७	५.४२	२१९६
२४२-०७७/३/२७	वडा नं. ४ मा पिसिसि ढलान (ठाउं समेत नतोकी)	४०५.१७	६५.०४	२६३५२
जम्मा				२२२३८९

३८.३. **प्रशासनिक खर्च —** सार्वजनिक खरिद नियमावली, २०६४ नियम ९७(१क)मा उपभोक्ता समिति मार्फत गरिने कामको लागत अनुमानमा मू.अ.कर, ओभरहेड, कन्टेन्जेन्सी रकम र जनसहभागिताको रकम मात्र समावेश हुने व्यवस्था छ । नियम अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा प्रशासनिक खर्च समावेश गर्न नपाउनेमा नमुना छनौटको आधारमा परीक्षण गर्दा निम्न योजनाको लागत अनुमानमा प्रशासनिक खर्च समावेश गरी उपभोक्ता समिति मार्फत कार्य गराई भुक्तानी लेखेको छ । यस प्रकारको कार्यमा नियन्त्रण हुनुपर्दछ ।

गौ.भौ । मिति	उपभोक्ता समितिको कार्य विवरण	लागत अनुमान	भौचर खर्च	प्रशासनिक खर्च
५९-०७६/९/२१	टेल्डिहवाँ मेन सडक देखि कैलासको घर सम्म पिसिसि	२२१८४८	२२२४८१	२०००
९१-०७६/९/२२	मर्यादापुर तुनिहवा निमावि देखि विरेन्द्र जयसवालको घर सम्म पिसिसि	३२८८०८	३०००००	२०००
६३-०७६/९/२१	मर्यादापुर कपिलदेवको घरदेखि सिताराम घरसम्म पिसिसि	२२०४९८	२०००००	२०००
६५-०७६/९/२४	मर्यादापुर कालीमाई स्थान देखि मर्यादापुर मा.वि.पिसिसि	२२०७२७	१९९९४५	२०००
६९-०७६/९/२५	बरहदवा उत्तर टोल प्रकाश यादवको घरदेखि पिसिसि	४३५५४४	४०००००	२०००
७५-०७६/९/२९	मर्चवारी माई मन्दिरमा फल्स ढलान तथा खापा टयाँकी	२१७८९१	२०००००	२०००
७९-०७६/१०/१९	कैलासको घरदेखि ववनको घर ईंटा सोलिङ	२१७९०३	१९८६३२	२०००
८३-०७६/१०/२०	वैरघाट चन्दराम कुर्मीको घरदेखि दक्षिण नाली निर्माण	५४८७६४	५०००००	२०००
८५-०७६/१०/२०	मर्यादापुर तुनिहवाँ निमावि देखि कुडरसम्म ग्राभेल	५४६७५५	४९९०१९	२०००
८९-०७६/१०/२०	जिगिनवा शंकर कुर्मीको घर नजिक अधुरो पक्की नाली	५४४९८९	५०००००	२०००
९४-०७६/१०/२०	बडका तुनिहवाँ बेचन धोवीको घरसम्म पिसिसि	३२७९०९	३०००००	२०००
९६-०७७/१०/२०	बडका तुनिहवाँ अशोक तिवारीको घरदेखि पिसिसि	३२८९०६	३०००००	२०००
९८-०७६/१०/२०	चौकी टोल कदमहवा र कोहार टोल पिसिसि	७६७२०८	७०००००	२०००
१००-०७७/११/६	त्रिलोकपुर सिसिसि	१०९८४८७	१००००००	२०००
				२८०००

३८.४. **भवन निर्माण —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा जटिल प्रकृतिका कार्यहरु उपभोक्ता समिति मार्फत गर्न नहुने, उपभोक्ता समिति मार्फत हुने निर्माण कार्यमा जनसहभागिताको अंश रहनुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसारका भवन निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउंदा सम्झौतामा उपभोक्ता समितिको लागत सहभागिता रहने गरी निर्माण कार्यको सम्झौता गरेपनि उपभोक्ता समितिवाट जनसहभागिताको अंश प्रयोग हुने अवस्था देखिंदैन । त्यस्तै भवन निर्माण पश्चात गर्नुपर्ने मर्मत सुधार कार्य कसले गर्ने सोको स्पष्ट व्यवस्था गरेको देखिंदैन । त्यस्तै सम्झौता बमोजिम कार्यसम्पन्न नगर्ने र कार्यसम्पन्न नभएकोमा उपभोक्ता समितिलाई जिम्मेवार बनाई कारवाही नहुने अवस्था देखिन्छ । अतः सार्वजनिक भवन उपभोक्ता समिति मार्फत निर्माण गरेको नियमसम्मत नदेखिएको रु. — १६८४४६८/-

भौ.नं. मिति	योजनाको नाम	लागत अनुमान	विनियोजन	सम्पन्न काम	भुक्तानी
३९-०७६/८/११	वडा ७ को अधुरो वडा कार्यालय भवन	२३३३८६९	२१५००००	११७५९६८	११५४४६८
६७-०७६/९/२५	आयुर्वेद औषधालयको अधुरो भवन	२७२८५२	२५००००	२७२९९१	२५००००
११४-०७६/११/२८	समयमाई प्रा.वि.भवन	३२८२५२	३०००००	३२७६५९	२८००००
जम्मा:					१६८४४६८

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
	पदाधिकारी सुविधा	
३८.५.	**स्थानीय तहका पदाधिकारी सुविधा** : नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार लुम्बिनी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.४७४११००।- सुविधा वापत भुक्तानी भएको छ ।	

सि.नं	विवरण	प्रमुख/ अध्यक्ष	उपप्रमुख/ उपाध्यक्ष	वडाअध्यक्ष ७ जना	कार्यपालिका सदस्य ५ जना	सभाका सदस्य २४ जना	जम्मा
१	बैठक भत्ता	२५२००	२५२००	१७६४००	१२६०००	६०४८००	९५७६००
२	यातायात खर्च	०	०	०	२१००००	५०४०००	७१४०००
३	टेलिफोन,मोबाइल	२४५००	२१०००	१४७०००	१०५०००	४२००००	७१७५००
४	पुस्तक,पत्रीका, ईन्टरनेट	२८०००	२८०००	१४७०००	१०५०००	३३६०००	६४४०००
५	समन्वय तथा सहजीकरण	७००००	५६०००	२९४०००	१७५०००	५०४०००	१०९९०००
६	अतिथि सत्कार	४२०००	३५०००	१९६०००	०	०	२७३०००
७	खानेपानी तथा सरसफाई	३५०००	३५०००	९८०००	०	०	१६८०००
९	मर्मत सम्भार विद्युत उर्जा खर्च	३५०००	३५०००	९८०००	०	०	१६८०००
	जम्मा						४७४११००

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
	अनुदान वितरण र उपयोग	
३९.	**कर दाखिला** - आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ अनुसार नेपाल सरकारलाई प्राप्त हुने राजश्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोहि दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिमको ढाँचामा राजश्वको लेखा राखि बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ। कार्यालयले बार्षिक रुपमा सामाजिक सुरक्षा कर, पारिश्रमिक कर, अग्रिम आयकर लगायतको करकट्टि बापत रु. ५,६७,७५६।३१ दाखिला गरेको छ । गाँउपालिकाले कर राजश्व नियमानुसार समयमा बैंक दाखिला गर्ने तर्फ ध्यान दिनुपर्दछ ।	
४०.	कार्यालयले कर्मचारी सञ्चयकोष, सावधिक जीवन विमा तथा नागरिक लगानी कोष बापतको कट्टि रकम समयमा नै बैङ्क दाखिला गर्नु पर्दछ ।नमुना छनौटको आधारमा परीक्षण गर्दा स्वास्थ्य तर्फका कर्मचारीहरुको फाल्गुन देखि जेष्ठ सम्मको कट्टी रकम गो.भौ.नं १२७-२०७७।३।१ बाट रु.१५,४०,६८४।९७ दाखिला गरेको छ ।कट्टि रकम समयमा नै दाखिला गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।	
	चालु खर्च तर्फ	
४१.	**बैठक भत्ता -** लुम्बिनी प्रदेश सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को परिच्छेद २ बुदा नं १(क) अनुसार स्पष्ट विषयबस्तु र कार्ययोजना बेगर कार्यालय समयमा एकै निकायका कर्मचारी तथा पदाधिकारी मात्र बस्ने बैठकमा बैठक भत्ता उपलव्ध गराउन नमिल्ने उल्लेख छ। कार्यालयले निम्न गौ.भौ.नं.बाट कार्यालयका कर्मचारी तथा पदाधिकारी मात्र रहने गरी बैठक भत्ता खर्च लेखेको छ ।मापदण्ड विपरित कर्मचारी तथा पदाधिकारी कार्यालयमा रही नियमित गर्नुपर्ने कार्यको लागि समेत बैठक भत्ता खर्च लेखेकोले असुल गर्नुपर्ने रु	३,१४,०७५।-

गौ भौ नं	नाम पद	वैठक संख्या	दर	भुक्तानी रकम (कर १५% वाहेक)
१२९।२०७६।७।१४ फरफारक समिति	नेत्र प्रसाद घिमिरे प्रअ.प्र.	४१	५००	१७४२५
	मो नुरुल हुसेन खाँ ईन्जिनियर	४१	५००	१७४२५
	अविनाश अग्रहरी लेखापाल	४१	५००	१७४२५
	उमाशंकर यादव ना सु.	४१	५००	१७४२५
	जगदिश प्रसाद बर्मा नासु.	४१	५००	१७४२५

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम

२६६।२०७६९।२७ वोलपत्र मुल्याङ्कन समिति	नेत्र प्रसाद घिमिरे प्रअ.प्र.	१८	१५००	२२९५०
	मो नुरुल हुसेन खाँ ईन्जिनियर	१८	१५००	२२९५०
	अविनाश अग्रहरी लेखापाल	१८	१५००	२२९५०
३९७।२०७६११।२० वोलपत्र मुल्याङ्कन समिति	नेत्र प्रसाद घिमिरे प्रअ.प्र.	६	१५००	७६५०
	मो नुरुल हुसेन खाँ ईन्जिनियर	६	१५००	७६५०
	ओमेश गैरे लेखा अधिकत	५	१५००	६३७५
	अविनाश अग्रहरी लेखापाल	१	१५००	१२७५
	देवेन्द् प्र उपाध्याय	६	१५००	७६५०
३९७।२०७६११।२० वोलपत्र मुल्याङ्कन समिति	नेत्र प्रसाद घिमिरे प्रअ.प्र.	२७	१५००	३४४२५
	मो नुरुल हुसेन खाँ ईन्जिनियर	२९	१५००	३६९७५
	अविनाश अग्रहरी लेखापाल	१२	१५००	१५३००
४२८।२०७७।१२।३ वोलपत्र मुल्याङ्कन समिति	नेत्र प्रसाद घिमिरे प्रअ.प्र.	८	१५००।	१०२००
	मो नुरुल हुसेन खाँ ईन्जिनियर	८	१५००।	१०२००
	ओमेश गैरे लेखा अधिकत	८	१५००।	१०२००
	देवेन्द्र प्र उपाध्याय	८	१५००।	१०२००
	जम्मा			३१४०७५

४२. **न्यायिक समिति बैठक भत्ता -** नेपालको संविधानको धारा २१७ मा आफ्नो अधिकार क्षेत्र भित्रका विवाद निरुपण गर्न स्थानीय तहमा उपाध्यक्ष वा उपप्रमुखको संयजकत्वमा तिन सदस्यीय न्यायिक समिति रहने प्रावधान छ ।कार्यालयले तोकिएका तिन सदस्य बाहेक अन्य पदाधिकारी तथा कर्मचारीलाई समेत बैठकमा सहभागि गराई भत्ता भुक्तानी गरेकोले कानुन अनुसार नपाउने भत्ता सम्बन्धितबाट असुल गर्नुपर्ने रु. ३१८७५।-

गौ.भो.नं.।मिति	कर्मचारीको नाम र पद	बैठक संख्या	बुझेको रकम
३०५।२०७६।९।२६	चन्द्रभुषण यादव	१५	६३७५
	नेत्र प्रसाद घिमिरे प्रअ.प्र.	१५	६३७५
	जगदिश प्र वर्मा	१५	६३७५
	अविनास अग्रहरी	१५	६३७५
	सनोज कुमार चौधरी	१५	६३७५
जम्मा			३१८७५.०

४३. **मौजुदा सूची तयार -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६क बमोजिम प्रत्येक सार्वजनिक निकायले दफा ३० को उपदफा (६), दफा ४१ को उपदफा (१) को खण्ड (क) र दफा ४६ बमोजिम गरिने खरिदको लागि खरिदको प्रकृति अनुसार आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकको दफा १०(२) बमोजिमको योग्यताको आधारमा छुट्टाछुटै सूची तयार गर्नु पर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले त्यसरी मौजुदा सूची तयार गरेको छैन । यसले गर्दा कार्य विशिष्टीकरणको आधारमा खरिद प्रक्रिया नहुने तथा उपयुक्त योग्यता र क्षमता नभएकाबाट समेत सेवा प्राप्त गर्दा गुणस्तरीय सेवा प्रवाह नहुने देखिन्छ । तसर्थ कानूनको पालना हुनुपर्दछ ।

४४. कार्यालयले मितव्ययी र प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन गरी भुक्तानी गर्नुपर्दछ । नमुना छनौटका अधारमा परीक्षण गर्दा कार्यक्रममा विनियोजन भएको रकमबाट विभिन्न व्यक्ति तथा संस्थालाई विभिन्न सामग्री खरिद गरी भुक्तानी गरेको छ । कार्यक्रमले निर्धारण गरेका लक्ष्य र प्रगति सुनिश्चित हुने विपन्न ,तथा लक्षित बर्गलाई फाईदा पुग्ने, समूहमा आधारित कार्यक्रम तथा न्यून आय वर्गका लागि दिगो रोजगारी सिर्जना गर्न सक्ने कार्यक्रममा अनुदान प्रदान नगरी विना आधार र समूहको सिफारीस वेगर दामासाही वितरण गरेको, वितरण गर्दा व्यक्तिको खरिद गर्न सक्ने क्षमतालाई समेत मध्येनजर नराखेको, वितरित सामानको दिगो उपयोगको व्यवस्था नमिलाई व्यक्ति तथा संस्थालाई बस्तुगत अनुदान वितरण गर्ने कार्य उचित देखिदैन ।

<table>
<tr><th>सि.नं</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td>४५.</td><td>डायरी खरिद - कार्यालयले मितव्ययी र प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन गरी भुक्तानी गर्नुपर्दछ । डायरी खरिद बापत गो.भौ.नं. ३८७-२०७६।११।८ बाट १०३० थान रु.१५० का दरले रु.१५४५००। खर्च लेखेको छ । खरिद भएका डायरी सम्बन्धमा जिन्सी खाता परीक्षण गर्दा कार्यालय प्रमुखबाट एकमुष्ट माग फाराम भरी खर्च जनाएको छ भने डायरी वितरणको भरपाई श्रेस्ता साथ संलग्न छैन । आवश्यकता निर्धारण नगरी डायरी छपाइ गरी एकमुष्ठ खर्च जनाएको खर्च मितव्ययी नदेखिएको रु.</td><td>१५४५००/-</td></tr>
<tr><td>४६.</td><td>गाडीभाडा - कार्यालयले कार्यालय प्रयोजनको लागी देहाय वमोजिमको व्यक्तीहरुसँग गाडी भाडा सम्झौता गरी भुक्तानी गरेकोमा नमुना छनौट गरी परीक्षण गर्दा सम्झौता भन्दा वढि भुक्तानी दिएको रकम सम्वन्धितबाट असुल गर्नुपर्ने रु
<table>
<tr><th>गौ भौ नं</th><th>सम्झौता रकम कर कट्टि सहित</th><th>घरधनीको नाम</th><th>भुक्तानी रकम कर कट्टी सहित</th><th>बढी भुक्तानी रकम विविध समेत</th></tr>
<tr><td>३८३-२०७६।११।०८</td><td>५६७००</td><td>गोपाल तिवारी</td><td>१००६७०।४</td><td>४३९७०</td></tr>
<tr><td>४२२-२०७६।११।३०</td><td>५६७००</td><td>गोपाल तिवारी</td><td>८२९९९</td><td>२५५९९</td></tr>
<tr><td>४५४-२०७७।१।१</td><td>७००००</td><td>हरि प्रसाद थारु</td><td>९५११७</td><td>२५१७७</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>९४७४६</td></tr>
</table></td><td>९४७४६/-</td></tr>
<tr><td>४७.</td><td>शोधभर्ना - कार्यालयको मिति २०७६।११।११को निर्णयअनुसार शशर्त बजेटबाट तलब भत्ता प्राप्त गर्ने निम्न कर्मचारीहलाई चालु शिर्षकबाट भुक्तानी गरेकोमा शशर्त बजेट निकासा भएपछि शोधभर्ना गर्ने गरी भुक्तानी भएकोमा शोधभर्ना नभएकोले कार्यालयले यस्ता खर्चहरुको विवरण अद्यावधिक गरी शोधभर्ना गर्नुपर्ने रु.
<table>
<tr><th>गौ भौ नं</th><th>नाम पद</th><th>तलब स्केल</th><th>महिना</th><th>जम्मा भुक्तानी</th></tr>
<tr><td>४३६</td><td>महेन्द्र गौतम ना प्र स</td><td>२६६१०</td><td>५ दशै सहित</td><td>१३१७२०</td></tr>
<tr><td></td><td>पिताम्वर आचार्य ना प्र स</td><td>२६६१०</td><td>५ दशै सहित</td><td>१३१७२०</td></tr>
<tr><td></td><td>दुर्गा प्रसाद चाई ना प्र स</td><td>२६६१०</td><td>५ दशै सहित</td><td>१३१७२०</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>३९५१६०</td></tr>
</table></td><td>३९५१६०।-</td></tr>
<tr><td>४८.</td><td>खाजा तथा इन्धन खर्च - प्रदेश सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को परिच्छेद २ बुंदा नं.२(क) अनुसार कार्यालय समय अघिपछि अतिरिक्त समय काम गर्नुपर्ने भएमा आधार र कारण खुलाई लेखा उत्तरदायी अधिकृतबाट स्वीकृत गराएर सार्वजनिक विदाको दिनमा खाजा/खाना खर्च रु.५००। र यातायात खर्च बापत रु.१००। तथा कार्यालय खुल्ने दिन भए खाजा खाना खर्च रु.२५०। मात्र खर्च पाउने व्यवस्था छ। नमुना छनौटको आधारमा परीक्षण गर्दा कार्यालयले निम्न कर्मचारीहरुलाई खाजा तथा ईन्धन सुविधा बापत रु. ४१८२५। भुक्तानी गरेकोमा निर्देशिकाले तोकिएको मापदण्ड पुरा गरेको देखिएको रु.
<table>
<tr><th>गौ भौ नं</th><th>नाम पद</th><th>ईन्धन सुविधा</th><th>खाजा खर्च</th><th>अवधि</th><th>जम्मा भुक्तानी कर कट्टी गरी</th></tr>
<tr><td>५२।२०७६।६।१३</td><td>अविनास अग्रहरी लेखापाल</td><td>२१५४</td><td>१५०००</td><td>२ महिना</td><td>३३७९३।</td></tr>
<tr><td></td><td>देवेन्द्र प्रसाद उपाध्याय</td><td>१०७७</td><td>३०००</td><td>२ महिना</td><td>८०३२।</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>४१८२५।</td></tr>
</table></td><td>४१८२५/-</td></tr>
</table>

<table>
<tr><th>सि.नं</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td>४९.</td><td>भुक्तानीमा कर - आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले देहायका भुक्तानीमा नियमानुसार लाग्ने रु. ११२४१।- अग्रिम कर कट्टी नगरेकोले असुल हुनुपर्ने रु.
<table>
<tr><th>गोभौनं./मिति</th><th>विवरण</th><th>भुक्तानी रकम</th><th>हुनुपर्ने कर कट्टी</th><th>भएको कर कट्टी</th><th>फरक</th></tr>
<tr><td>७१०।२०७७-०३-२५</td><td>काज निर्वाहा भक्ता प्रेम कुमार शुक्ला</td><td>२४५००</td><td>३६७५</td><td>२४५</td><td>३४३०</td></tr>
<tr><td>७१६।२०७७-०३-२८</td><td>मर्चवारी संस्था पे.फ.</td><td>६३०२२</td><td>२२२१</td><td>०।००</td><td>२२२१</td></tr>
<tr><td>७०३।२०७७-०३-२५</td><td>मिस्कट ढुवानी</td><td>५६०००</td><td>५६००</td><td>८४०</td><td>४७६०</td></tr>
<tr><td>७०२।२०७७-३-२५</td><td>श्याम मिष्ठान हल भाडा</td><td>८०००</td><td>८००</td><td>०।००</td><td>८००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>११,२४१</td></tr>
</table></td><td>११२४१/-</td></tr>
<tr><td>५०.</td><td>बैठक भत्ता भुक्तानी - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा नं. ५१ अनुसार जिम्मेवार व्यक्तिले ऐन बमोजिमको रित पुऱ्याई लेखा अद्यावधिक रुपमा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न मितिको बैठक भत्ता भुक्तानी गर्दा बैठकमा उपस्थिति नभएका, बैठक भत्ता नबुझेका र दोहोरो भत्ता बुझेको समेत रु. ३१२००।- बढि खर्च लेखेकोले बढि भुक्तानी असुल गर्नुपर्ने रु.
<table>
<tr><th>गो।मिति.नं.भो.</th><th>नाम</th><th>पद</th><th>अनुपस्थित मिति</th><th>बढी भुक्तानी</th></tr>
<tr><td rowspan="4">७२४।२०७७-३-२९</td><td>नेत्र प्रसाद घिमिरे</td><td>प्र.प्र.अ.</td><td>नबुझेको</td><td>६७५०</td></tr>
<tr><td>बिनोद यादव</td><td>वडाध्यक्ष</td><td>२०७७-३-२२,२३,२५,२६,२८</td><td>४२५०</td></tr>
<tr><td>अमरावती हरिजन</td><td>वडा सदस्य</td><td>२०७७-३-२६</td><td>७५०</td></tr>
<tr><td>उमाशंकर यादव</td><td>ना.सु.</td><td>२०७७-३-२६ मा दोहोरो भत्ता बुझेको</td><td>७५०</td></tr>
<tr><td>६९२।२०७७-३-२४</td><td>जगदिश प्र वर्मा</td><td>ना.सु.</td><td>नबुझेको</td><td>२५५०</td></tr>
<tr><td></td><td>उमाशंकर वर्मा</td><td>ना.सु.</td><td>नबुझेको</td><td>४२५०</td></tr>
<tr><td></td><td>सुभ नारायण यादव</td><td>स.अ.</td><td>नबुझेको</td><td>२५५०</td></tr>
<tr><td></td><td>राजन चौरासिया</td><td>सु.अ.</td><td>नबुझेको</td><td>४२५०</td></tr>
<tr><td></td><td>मोहम्मद नुरुल खाँ</td><td>ईन्जिनियर</td><td>नबुझेको</td><td>४२५०</td></tr>
<tr><td></td><td>समोज कुमार चौधरी</td><td>का.अ.</td><td>नबुझेको</td><td>८५०</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>३१२००</td></tr>
</table></td><td>३१२००।-</td></tr>
<tr><td>५१.</td><td>कानुनी सल्लाहकार - लुम्बिनी प्रदेश, स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७६ मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था छैन। गा.पा. अध्यक्षको कानुनी सल्लाहकारका रुपमा अधिवक्ता शिब प्रसाद गौंडेललाई नियुक्त गरी वार्षिक रु.१००००० मा कर कट्टी गरी रु.९९०००।- भुक्तानी भएको रकम नियमसम्मत नदेखिएको रु.</td><td>९९,०००/-</td></tr>
<tr><td>५२.</td><td>पत्रकार प्रोत्साहन भत्ता - कार्यालयले आफ्नो कार्य क्षेत्रभन्दा बाहिरको व्यक्तिलाई भत्ता भुक्तानी दिन मिल्दैन। गो.भो.नं. ६६५, मिति २०६६-३-२१ बाट लकडाउन अवधिमा गाउँपालिकाको सुचना संकलन तथा गाउँपालिकाको कार्यमा सहयोग पुऱ्याएको भनी निम्न ४ जना पत्रकारलाई दिनको रु.५००।— को दरले ९० दिनको रु.१,८०,००० पत्रकार प्रोत्साहन भत्ता भुक्तानी गरेको छ। यस प्रकारको खर्च सम्बन्धितबाट असुल हुनुपर्ने रु.
<table>
<tr><th>पत्रकारको नाम</th><th>बुझेको रकम</th></tr>
<tr><td>हृदयराम गुप्ता</td><td>४५०००</td></tr>
<tr><td>अनिल कुमार तिवारी</td><td>४५०००</td></tr>
<tr><td>राम विकास चौधरी</td><td>४५०००</td></tr>
<tr><td>सिताराम चौधरी</td><td>४५०००</td></tr>
<tr><td>जम्मा</td><td>१८००००</td></tr>
</table></td><td>१८००००/-</td></tr>
<tr><td>५३.</td><td>जिन्सी मालसामानको दाखिला - प्रदेश आर्थिक कार्यविधी नियमावली २०७४, को नियम ४८ मा कार्यालयमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य</td><td></td></tr>
</table>

<table>
<tr><th>सि.नं</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td></td><td>कुनै प्रकारबाट प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधि स्रेस्ता खडा गरी अधावधिक गरी राख्नु पर्ने व्यवस्था छ । कार्यालयले देहायको जिन्सी खरिद गरी कर्मचारीलाई दिएको तर दाखिला गरेको छैन । जिन्सी मालसामान नियमानुसार दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भो.नं.।मिति</th><th>कर्मचारीको नाम</th><th>पद</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td rowspan="4">७००।२०७७-३-२५</td><td rowspan="3">अजय सिहं क्षेत्री</td><td rowspan="3">वास संयोजक</td><td>स्यामसुङ्ग मोबाईल</td><td>२३००८</td></tr>
<tr><td>हार्ड डिस्क</td><td>१४१५९</td></tr>
<tr><td>पेन डाईभ</td><td>८८४</td></tr>
<tr><td>राजन चौरासिया</td><td>आईटी अफिसर</td><td>स्यामसुङ्ग मोबाईल</td><td>२३००८</td></tr>
<tr><td>५१९।२०७७-२-३</td><td></td><td></td><td>जेनेरेटर ७५ के.भी.</td><td>१२२०००</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>१,८३,०५९</td></tr>
</table></td><td>१,८३,०५९।-</td></tr>
<tr><td>५४.</td><td>नन्फाइलर - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ ।गो.भौ.नं. ४८-२०७७।२।१२ कार्यालयबाट रेविका फार्मेसी पान नं. ६०९४४३५६१ लाई मू.अ.कर रु.११,४७२। समेत रु.९९,७२२। भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म उक्त फर्मले कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो। कानूनी व्यवस्था अनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.</td><td>११४७०।-</td></tr>
<tr><td>५५.</td><td>कर दाखिला - आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ अनुसार नेपाल सरकारलाई प्राप्त हुने राजश्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोहि दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिमको ढाँचामा लेखा राखि बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहायको भुक्तानीमा कर कट्टी गरी दाखिला भएको बैंक भौचर पेश नगरेकाले कर दाखिलाको प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>गौ.भो.नं.।मिति</th><th>करको विवरण</th><th>रकम</th></tr>
<tr><td rowspan="4">विभिन्न</td><td>अग्रीम आय कर</td><td>१६७६६९</td></tr>
<tr><td>अन्य वहाल कर</td><td>३७८९६</td></tr>
<tr><td>पारिश्रमिक कर कट्टी</td><td>२१६१३</td></tr>
<tr><td>सामाजिक सुरक्षा</td><td>१०००१</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२३७१७९</td></tr>
</table></td><td>२,३७,१७९।-</td></tr>
<tr><td>५६.</td><td>कर्मचारी प्रोत्साहन र जोखिम भत्ता - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद- ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नर्म्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष रु.८४६९३७३। प्रोत्साहन र जोखिम भत्ता खर्च गरेकोले आर्थिक व्ययभार बढ्न गएको रु.</td><td>८४६९३७३।-</td></tr>
<tr><td>५७.</td><td>सफ्टवेयर खरिद, निर्माण तथा प्रमाणिकरण - नेपाल सरकारको सूचना प्रविधि प्रणाली (ब्यवस्थापन तथा संञ्चालन) निर्देशिका २०७१ को बुँदा नं.४ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट संञ्चालन गर्नको लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणाली निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार</td><td></td></tr>
</table>

<table>
<tr><th>सि.नं</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td></td><td>गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न केन्द्रीय निकाय मार्फत सुचना प्रविधि विभागमा पठाउनुपर्ने, प्राप्त भएको कागजका आधारमा प्राविधिक समितिबाट जाँचबुझ गराई मानक बमोजिम पाइएमा विभागले तीस दिनभित्र प्रमाणीकरण गर्ने व्यवस्था छ । कार्यालयले यस बर्ष साङ्ग्रिला इन्फरमेशन प्रा.लिबाट योजना तयारी प्रयोजनार्थ रु.४,०१,०५०।— र सिल्क रोड ईन्भेष्टमेन्ट प्रा.लि.बाट जिन्सी व्यवस्थापनचलानी ,दर्ता , प्रयोजनार्थ रु.४,९७,२००।— समेत रु. ८,९८,२५०।- को सफ्टवेयर खरिद गरी प्रयोगमा ल्याएकोमा सुचना प्रविधि विभागबाट प्रमाणीकरण गरेको छैन। प्रमाणीकरण बेगरको सफ्टवयर प्रयोगमा ल्याउदा युजरलगको व्यवस्था र डिजिटल हस्ताक्षर मैत्रि सूविधा नहुने हुदाँ विभागबाट स्वीकृत मापदण्ड अनुसारको सफ्टवयर प्रयोग भएको छ भनी आश्वस्त हुन सकिएन। मापदण्ड वेगरका यस्ता सफ्टवेयरहरु प्रयोग गर्दा तथ्याङ्कको गोपनियता र कार्य गुणस्तरमा असर गर्न सक्ने हुँदा कानून अनुसार प्रमाणीकरण तथा स्वीकृत गराएको सफ्टवेयर प्रयोग गरीनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५८.</td><td>अनुत्पादक खर्च — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न कार्यक्रमको लागि रु. ३,५०,०००।खर्च गरेको छ । विकास कार्यक्रमको लागि प्राप्त रकम अनुत्पादक क्षेत्रमा खर्च गरेको उचित नदेखिएको रु.
<table>
<tr><th>सि.नं.</th><th>कार्य विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>दुर्गा पुजा</td><td>१०००००</td></tr>
<tr><td>२</td><td>दशै तिहार छठ पर्व इद</td><td>५००००</td></tr>
<tr><td>३</td><td>दशै तिहार छठ पर्व इद</td><td>५००००</td></tr>
<tr><td>४</td><td>दशै तिहार छठ पर्व इद</td><td>५००००</td></tr>
<tr><td>५</td><td>दशै तिहार छठ पर्व इद</td><td>५००००</td></tr>
<tr><td>६</td><td>दशै तिहार छठ पर्व इद</td><td>५००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३५००००</td></tr>
</table></td><td>३,५०,०००/-</td></tr>
<tr><td>५९.</td><td>गैरसरकारी संस्था मार्फत कार्य - कार्यालयको कार्यक्षेत्र र जनशक्तिले पुगेसम्मको कार्यमा कार्यालय आफै सहभागी भई सेवा प्रवाह गर्नुपर्दछ । कार्यालयले विभिन्न कार्यक्रमको लागि गैरसरकारी संस्थासँग सम्झौता गरी उपलब्ध जनशक्तिले गर्नसक्ने कार्यमा पनि गैरसरकारी संस्थालाई संलग्न गराई भुक्तानी गरेको छ । गैरसरकारी संस्थाहरु विषयगत कार्यसंग सम्बन्धित हुन वा हैनन् बिश्लेषण गरेको छैन् । गैरसरकारी संस्थाहरुले कार्यक्रम संचालन गर्दा लाभग्राहीहरुको छनोटको आधार एवम् मापदण्ड नबनाई दोहोरो हुनेगरी कार्यक्रम संचालन गरेको छ ।यसरी कार्यलयको जनशक्तिले गर्नसक्ने कार्यमा पनि स्पष्ट आधार एवम् मापदण्ड वेगर गैरसरकारी संस्थालाई संलग्न गराई भुक्तानी गरेको कार्य नियमसम्मत नदेखिएको रु.
<table>
<tr><th>भौ नंमिति .</th><th>गैरसरकारी संस्थाको नाम</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>६५७।२०७७-३-२१</td><td>दलित सामाजिक विकास केन्द्र</td><td>मोषमी तथा वेमौषमी तरकारी खेती तथा विउ विजन वितरण सम्वन्धी कृषि तालिम</td><td>४४५३७१</td></tr>
<tr><td>६५९।२०७७-३-२१</td><td>दलित सामाजिक विकास केन्द्र</td><td>युवालाई खेलकुद सामाग्री वितरण</td><td>९८६४३</td></tr>
<tr><td>६९१।२०७७-३-२१</td><td>पहिलो खुड्किलो</td><td>व्यवसायिक तरकारी खेती सम्वन्धी कार्यक्रम</td><td>२५००००</td></tr>
<tr><td>७१३।२०७७-३-२८</td><td>लुम्बिनी दर्पण</td><td>अपाङ्गहरुलाई उधमशिल तालिम</td><td>५००००</td></tr>
<tr><td>७१६।२०७७-३-२१</td><td>मर्चवार एकिकृत विकास संस्था</td><td>टुर्नामेन्ट</td><td>१०००००</td></tr>
<tr><td>७२५।२०७७-३-२९</td><td>दलित सामाजिक विकास केन्द्र</td><td>सहकारी संस्थालाई तालिम</td><td>१०००००</td></tr>
<tr><td>५४३।२०७७-२-१९</td><td>दलित सामाजिक विकास केन्द्र</td><td>आधुनिक कृषि खेतीपाती तथा विजन वितरण सम्वन्धी कृषि तालिम</td><td>४९००००</td></tr>
<tr><td>६५९।२०७७-३-२१</td><td>लुम्बिनी दर्पण</td><td>युवालाई खेलकुद सामाग्री वितरण</td><td>१९७०९८</td></tr>
<tr><td>६५९।२०७७-३-२१</td><td>दलित सामाजिक विकास केन्द्र</td><td>झुल वितरण कार्यक्रम</td><td>९८६४३</td></tr>
<tr><td>६७९।२०७७-३-२३</td><td>पहिलो खुड्किलो</td><td>१००० दिने पोषण कार्यक्रम</td><td>१०००००</td></tr>
</table></td><td>२९८८४०५/-</td></tr>
</table>

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम

६८०।२०७७-३-२३	स्माईल फाउण्डेशन नेपाल	नेतृत्व विकास कार्यक्रम	७००००
६६०।२०७७-३-२१	दलित सामाजिक विकास केन्द्र	युवालाई खेलकुद सामाग्री वितरण	९८६५०
६६०।२०७७-३-२१	लुम्बिनी दर्पण	अपाङ्गहरुलाई सामाग्री वितरण	१०००००
६६१।२०७७-३-२१	लुम्बिनी दर्पण	टोल क्लब तथा विधालयलाई खेलकुद सामाग्री वितरण	२०००००
६६२।२०७७-३-२१	लुम्बिनी दर्पण	बालवालिकाहरुका लागि शिक्षामा पहुँच तालिम	४९००००
५६७।२०७७-२-२३	दलित सामाजिक विकास केन्द्र	वैदेशिक रोजगार तालिम	५००००
५६८।२०७७-२-३२	दलित सामाजिक विकास केन्द्र	नेतृत्व विकास तालिम	५००००
		जम्मा	२९८८४०५

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
	सामाजिक सुरक्षा तर्फ	
६०.	**तथ्यांक अध्यावधिक -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को बुदां १९ अनुसार विभागले स्थानीय तहमा सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्ने स्थानीय तह, विभाग र बैङ्क र वित्तीय संस्था विच प्रणालीगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी र पारदर्शी बनाउन केन्द्रीकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याउने र उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धीत स्थानीय तहको हुने उल्लेख छ । कार्यालयले प्रत्येक बर्ष सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको तथ्याङ्क, कार्यविधि बमोजिम अद्यावधिक गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्नेमा प्रथम चौमासिको एम.आई.एस. अध्यावधिक तथ्याङ्क लेखापरीक्षणको क्रममा पेश गरेको छैन ।कार्यविधि बमोजिम कार्यालयले केन्द्रीकृत व्यवस्थापन प्रणालीमा सुचना अद्यावधिक गर्नुपर्दछ ।	
६१.	**सार्वजनिक सुनुवाई -** गाउँपालिकाको वडा समितिले प्रत्येक चौमासिकमा कम्तिमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफुले सम्बोधन गर्न नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । गाउपालिकाको कुनै पनि वडा समितिले यस सम्बन्धमा नागरिक सुनुवाईको कार्यक्रम सञ्चालन गरेको पाइएन । गाँउपालिकाले यस तर्फ ध्यान दिई वास्तविक लाभग्राहीको अभिलेख अध्यावधिक गर्नुपर्दछ ।	
६२.	सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को परिच्छेद ३ को बुँदा १० मा स्थानीय तहले भत्ता पाउने लाभाग्राहीको फोटो सहितको अनुसुची -५ वमोजिम मुल अभिलेख अध्यावधिक गरी वडा अनुसार प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यवस्था छ। वडा अनुसारको अध्यावधिक विवरण गाउँपालिकाले कार्यविधिको नियम १६(क) वमोजिम पेश्कीको रुपमा प्रथम चौमासिकको रकम असोज १ गतेवाट दोस्रो हप्ता सम्म, दोस्रो चौमासिकको रकम माघको १ गतेवाट दोस्रो हप्ता सम्म र तेस्रो चौमासिकको रकम जेठको १ गतेवाट दोस्रो हप्ता सम्म निकासा दिनुपर्ने व्यवस्था छ । यो वर्ष सामाजिक सुरक्षा वापत गाउँपालिकाले रु. ७,५२,३१,६००।- खर्च गरेको छ । कार्यालयले सामाजिक सुरक्षा भत्तालाई पेश्की जनाई प्रथम किस्ताको पेश्की फछ्यौट भएपश्चात दोश्रो र दोश्रो किस्ता फछ्यौट गरी तेश्रो किस्ता निकासा दिई फछ्यौट गर्नुपर्नेमा बैङ्कलाई निकासा दिएको रकम सोझै खर्च जनाएको छ ।सोझै खर्च जनाई सामाजिक सुरक्षा वितरण गर्दा वितरण नभई बाँकी रहेको रकम बैङ्कमा एक आर्थिक बर्ष सम्म नै रहन सक्ने हुदाँ पेश्की जनाई सोको फछ्यौट गरी थप निकासा गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।	
६३.	**लगत कट्टा -** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधी, २०७५ को परिच्छेद ३ दफा १२ मा लाभग्राहीको मृत्यु भएमा लगत कट्टा गर्नुपर्ने व्यवस्था छ । मृत्यु भई लगत कट्टा भएका लाभग्राहीलाई लगत कट्टा पछिको अवधिको रकम निकाशा दिन मिल्दैन । नमुना छनोटको आधारमा लगत कट्टा र निकाशाको विवरण भिडान गर्दा देहायका लाभग्राहीलाई लगत कट्टा पछिको अवधिमा समेत बैंक मार्फत निकाशा गएको हुदाँ थप छानविन गरी असुल गर्नुपर्ने रु .	६८०००।-

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम

समुह	लाभग्राहीको नाम	वडा नं.	लगत कट्टा मिति	भुक्तानी रकम।किस्ता	भुक्तानी हुनुपर्ने	बढी
जेष्ठ नागरिक	रमै अहिर	३	२०७६२०-०४-	३४०००।प्र.ते.दो.	२०००	३२०००
जेष्ठ नागरिक	औतारी चमाईन	३	२०७६०१-०४-	३६०००।प्र.ते.दो.	०।००	३६०००
					जम्मा	६८०००

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
	सशर्त कार्यक्रमतर्फ	
	स्वास्थ्य	
६४.	निजामती सेवा ऐन, २०४९ अनुसार कार्यालयले कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारीत गरी कर्मचारीहरुको तलब खर्च लेख्नुपर्नेमा तलबि प्रतिवेदन पारित नगरी स्वास्थ्य र आयुर्वेद तर्फका कर्मचारीहरुको यस बर्ष रु.१७,७१,४०,८६९।- तलब खर्च लेखेको छ । तलबि प्रतिवेदन पारित गरी तलब खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।	
६५.	कार्यालयबाट सञ्चालित विभिन्न तालिम कार्यक्रमहरुको प्रगति प्रतिवेदन तयार गरी लक्ष्य अनुसारको प्रगति हासिल गर्नु पर्दछ । कार्यालयले नेपाल सरकार सशर्त कार्यक्रम स्वास्थ्य तर्फ सञ्चालित अधिकांश तालिम कार्यक्रमको प्रगति प्रतिवेदन तयार गरेको छैन ।जसबाट भएको खर्च र कार्यक्रम विच तादात्म्यता भएको छ भनी आश्वस्त हुन सकिएन ।	
६६.	**औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहहरुले उक्त प्रक्रिया वेगर रु.१८,१५,४२२।- का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः	
६६.१.	खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,	
६६.२.	आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सटिफाइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,	
६६.३.	आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।	
६६.४.	औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,	
६६.५.	औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको छ। औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरुको जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
६७.	**औषधि परीक्षण** - प्राथमिक स्वास्थ्य सेवा पुर्नजागरण महाशाखाको कार्यक्रम निर्देशिका बमोजिम कार्यालयले खरिद गरेका औषधि तथा सर्जिकल सामानहरुमा नेपाल सरकारको निःशुल्क स्वास्थ्य कार्यक्रमका लागि भन्ने लोगो लगाउनुपर्ने व्यवस्था छ ।यसरी खरिद गरेका र हस्तान्तरण भई आएका निःशुल्क वितरण गर्ने औषधी तथा सर्जिकल सामानहरु परीक्षण गर्दा तोकिए अनुसारको लोगो नलगाएको र औषधिमा मूल्य समेत अंकित	

<table>
<tr><th>सि.नं</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td></td><td>भएको पाइयो। जुन स्वीकृत लोगो भन्दा फरक रहेको देखिन्छ ।यसबाट निर्देशिकाले निर्दिष्ट गरेको विषयलाइ पालना गरेको पाइएन ।यस तर्फ कार्यालयको ध्यान जान जरुरी छ ।
<table>
<tr><th>क्र.स</th><th>औषधिको नाम</th><th>म्याद समाप्त हुने मिती</th><th>कैफियत</th></tr>
<tr><td>१.</td><td>parasetamol Tab</td><td>2022 August</td><td>Rs 10/10 tabs</td></tr>
<tr><td>२.</td><td>Gb Lotion</td><td>2022 May</td><td>IS only</td></tr>
<tr><td>३.</td><td>Arcetrin</td><td>2021 August</td><td>INS supply</td></tr>
<tr><td>४.</td><td>Endpain gel</td><td>2021 Feb</td><td>Rs 125</td></tr>
<tr><td>५.</td><td>Saliderm Ointment</td><td>2022 Feb</td><td>Supply for MOHP</td></tr>
<tr><td>६.</td><td>AZithromycin Tab</td><td>2022 Oct</td><td>Rs 150/5 tabs</td></tr>
<tr><td>७.</td><td>Metronidazole tab IP</td><td>2022 Jan</td><td>Ins Supply</td></tr>
<tr><td>८.</td><td>Phenocet</td><td>2022 Feb</td><td>Supply only</td></tr>
<tr><td>९.</td><td>Salmol-4</td><td>2022 may</td><td>Rs 20/10 tabs</td></tr>
<tr><td>१०.</td><td>Prednisolone tabs Bp5mg</td><td>2021 August</td><td>Rs20/10 tabs</td></tr>
</table></td><td></td></tr>
<tr><td>६८.</td><td>कार्यालयमा खरिद भई मौज्दात रहेको सामाग्री उपयोग भईसकेपछि मात्र थप खरिद गर्नु पर्दछ ।परिवार योजना प्रजनन स्वास्थ्य कार्यक्रम अन्तर्गत विद्यालयका छात्रछात्राहरुको लागि स्यानेटरी प्याड वितरण कार्यक्रमको लागि कार्यालयले यस बर्ष रु.४५।२ मूल्यका ८८४ वटा सेनिटरी प्याड रु. ३९९५६/- मा खरिद गरेकोमा वितरण नभई मौज्दात रहेको देखियो । मौज्दातमा रहेका उक्त सेनिटरी प्याडहरु वितरण पश्चात मात्र खरिद गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।</td><td></td></tr>
<tr><td>६९.</td><td>जनस्वास्थ्य शिविर - गाउँपालिकाले Obstetric Fistula, Cervical Cancer and breast Cancer Screening र कुष्ठरोग पत्ता लगाउने चर्म रोग शिविर सञ्चालन गर्न गो.भौ.नं. ८२ र ८६ बाट रु.२,५५,०००।— मूल्य बराबरका औषधिहरु खरिद गरेकोमा शिविर समाप्त भए पश्चात बाँकी रहेका औषधिहरुलाई पुन आम्दानी बाँध्नुपर्नेमा सो आम्दानी बाँधेको देखिएन । बाँकी परिमाण एकिन गरी पुन आम्दानी बाँध्नुपर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।</td><td></td></tr>
<tr><td>७०.</td><td>यातायात खर्च - सरकारी सवारी साधन प्रयोग गर्ने पदाधिकारीहरुले यातायात खर्च वापत रकम लिन मिल्ने देखिदैन । कार्यालयबाट सञ्चालन भएका अधिकांश तालिम गोष्टी लगायत जस्ता कार्यक्रममा अनुगमन गरेको भनी निम्नानुसारका पदाधिकारीले यातायात खर्च लिने गरेको पाईयो । नमुना छनौटको आधारमा परीक्षण गर्दा निम्न कार्यक्रममा यातायात खर्च लिएको देखिएको रकम असूल हुनुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं. मिति</th><th>पदाधिकारीको नाम</th><th>कार्यक्रमको नाम</th><th>दिन</th><th>कर कटाई यातायात रकम</th></tr>
<tr><td rowspan="7">९८-२०७७/१/१</td><td>अध्यक्ष चन्द्रभुषण यादव</td><td rowspan="7">कोरोना भाइरस कोभिड-१९ को महामारी प्रकोपको लक्षणहरु सर्ने प्रक्रिया र रोकथाम विधिबारे सचेतना कार्यक्रमको अनुगमन</td><td>४</td><td>२३८०</td></tr>
<tr><td>उपाध्यक्ष भानमति वनिया</td><td>४</td><td>२३८०</td></tr>
<tr><td>प्र.प्र.अ नेत्र प्र घिमिरे</td><td>४</td><td>२३८०</td></tr>
<tr><td>ले.अ ओमेश ग्रैरे</td><td>४</td><td>२३८०</td></tr>
<tr><td>स.प्र.नि अनिल कु. थापा</td><td>४</td><td>२३८०</td></tr>
<tr><td>प्र.नि. चन्द्र ब. के.सि</td><td>४</td><td>२३८०</td></tr>
<tr><td>स्वा. संयोजक मन ब. कुँवर</td><td>४</td><td>२३८०</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>१६६६०/-</td></tr>
</table></td><td>१६,६६०/-</td></tr>
<tr><td>७१.</td><td>भुक्तानीमा करकट्टि — आयकर ऐन, २०५८ को दफा ८५ अनुसार भुक्तानीमा करकट्टि गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कोभिड १९ रोकथाम कार्यको लागि आवश्यक सामाग्रि खरिद भनी गो.भौ.नं.११९-२०७७/२/१२ क्यू इन्टरनेशनलबाट रु. ४,९९,५३६। मूल्य बराबरको खरिद गर्दा अग्रिम आयकर बापत रु.७,०८९/- कट्टि गर्नुपर्नेमा रु. ३,१०८/- मात्र कट्टि गरेकोले नपुग कर रु.३,९८१/- असुल गर्नुपर्ने रु.</td><td>३९८१/-</td></tr>
</table>

<table>
<tr><th>सि.नं</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td>७२.</td><td>दोहोरो भत्ता भुक्तानी — कार्यालयबाट सञ्चालित विभिन्न कार्यक्रमको अनुगमन गरेबापत खर्च भुक्तानी गर्दा दोहोरो नपर्ने गरी खर्च लेख्नु पर्दछ ।गाउँपालिकाको स्वास्थ्य शाखाले सञ्चालन गरेको क्षयरोग पत्ता लगाउने माइक्रोस्कोपिक शिविर कार्यक्रम र भिटामिन ए कार्यक्रम तथा साथी समुह शिक्षा कार्यक्रमको अनुगमन गरेको भनी निम्न व्यक्तिहरुले एक दिनमा दोहोरो भत्ता भुक्तानी लिएको पाइएकोले दोहोरो भुक्तानी खर्च रकम रु.१०,५००।- मध्ये भुक्तानीमा करकट्टि बाहेक रु.८,९२५।- सम्बन्धितबाट असुल हुनुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं. मिति</th><th>पदाधिकारीको नाम</th><th>बढि भुक्तानी रकम कर बाहेक</th></tr>
<tr><td>१३१,१४४-२०७७/३/१५,२४</td><td>अध्यक्ष चन्द्रभुषण यादव</td><td>१७८५</td></tr>
<tr><td></td><td>उपाध्यक्ष भानमति बानिया</td><td>१७८५</td></tr>
<tr><td></td><td>प्र.प्र.अ नेत्र प्र. घिमिरे</td><td>१७८५</td></tr>
<tr><td></td><td>ले.अ ओमेश ग्रैरे</td><td>१७८५</td></tr>
<tr><td></td><td>स्वा.शा. प्रमुख मन बहादुर कुँबर</td><td>१७८५</td></tr>
<tr><td></td><td></td><td>८९२५</td></tr>
</table></td><td>८९२५/-</td></tr>
<tr><td>७३.</td><td>कार्यक्रमसँग असम्बन्धित खर्च - कार्यालयले खर्च लेख्दा स्वीकृत कार्यक्रमको मर्म अनुरुप खर्च लेख्नुपर्दछ । स्वास्थ्य संस्था प्रमुख तथा स्वास्थ्यकर्मीहरुलाइ एक दिने औषधिको समुचित प्रयोग प्रवर्धनको लागि साथी समुह शिक्षा कार्यक्रम र आधारभुत स्वास्थ्य सेवा सम्बन्धी स्तरिय उपचार पद्दती अभिमुखिकरण कार्यक्रम अन्तर्गत गो.भौ.नं.१४६-२०७७।३।२४ मा अजिज प्रिन्टङ प्रेसबाट २५ थान रेनकोट खरिद गरी रु.२०,०००।- खर्च लेखेको छ ।कार्यक्रमसँग असम्बन्धित यस प्रकारको खर्चमा नियन्त्रण गरी सम्बन्धितबाट असुल हुनुपर्ने रु.</td><td>२०,०००।-</td></tr>
<tr><td>७४.</td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ५१ अनुसार जिम्मेवार व्यक्तिले ऐन बमोजिमको रित पुर्‍याई लेखा अद्यावधिक गर्नुपर्ने उल्लेख छ । गो.भौ.नं.१५७-२०७७।३।२५ कार्यालयले स्वास्थ्य तर्फका अवकाश प्राप्त कर्मचारीहरुलाइ प्राविधिक ग्रेड भुक्तानी बापत रु.११०६२३ खर्च लेखेकोमा सो सँग सम्बन्धित तलवि भरपाई श्रेस्ता साथ संलग्न गरी राखेको छैन । सो सम्बन्धमा तलबि भरपाई र अवकाश भएको मिति खुल्ने प्रमाण कागजात पेश हुनुपर्ने रु.</td><td>१,१०,६२३।-</td></tr>
<tr><td>७५.</td><td>मौज्जात रकम - संघिय हस्तान्तरीत कार्यक्रम अन्तर्गत खर्च नभई बाँकी रहेको रकम संघिय सञ्चितकोषमा फिर्ता पठाउनुपर्दछ । गो.भौ.नं.१५६-२०७७।३।२५ कार्यालयले राम नरेश मुराठको जेष्ठ र असार महिनाको तलब भुक्तानी बापत रु.५६४०० खर्च लेखेकोमा सोको चेक रद्द गरेको छ भने रद्द भएको चेक रकमको हिसाब मिलान गरी बैङ्कमा आम्दानी जनाएको छैन ।अतः संघिय हस्तान्तरीत कार्यक्रम अन्तर्गत खर्च नभई बाँकी रहेको रकम फिर्ता गर्नुपर्ने रु.</td><td>५६,४००।-</td></tr>
<tr><td>७६.</td><td>कार्यालयले सरुवा भई आएका कर्मचारीहरुले पाउने भत्ता एकिन गरी मात्र भुक्तानी गर्नुपर्दछ । गो.भौ.नं.१६८-२०७७।३।२६ कार्यालयले राम नरेश मुराबको छुट फिल्ड भत्ता भनी रु.६०००। खर्च लेखेकोमा निजको मिति २०७६।७।२४ को रमाना पत्र परीक्षण गर्दा रमाना पत्रमा फिल्ड भत्ता भुक्तानी दिन बाँकी भन्ने खुलेको छैन । अतः भुक्तानी दिने आधार विना खर्च लेखेको असुल हुनुपर्ने रु.</td><td>६,०००।-</td></tr>
<tr><td>७७.</td><td>पारिश्रमिक कर - आयकर ऐन ,२०५८ को दफा ८७ (१)अनुसार आयमा लाग्ने पारिश्रमिक करको गणना गर्दा करयोग्य आयको पहिलो एकलाखमा १० प्रतिशत, दोश्रो २ लाखमा २० प्रतिशत, पारिश्रमिक करकट्टा गर्नुपर्ने व्यवस्था छ । स्वास्थ्य संस्थामा कार्यरत निम्न कर्मचारीहरुको पारिश्रमिक कर गणना गर्दा ऐन बमोजिम रु.९६,४८४।- करकट्टि गर्नुपर्नेमा रु. ३१,५००।- मात्र पारिश्रमिक कर कट्टा गरेकोले नपुग पारिश्रमिक कर रु.६४,९८४।— असुल गर्नुपर्ने रु.</td><td>६४९८४।-</td></tr>
</table>

<table>
<tr><th>सि.नं</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><th>क्र.स</th><th>कर्मचारीको नाम</th><th>बार्षिक आय</th><th>आयकरमा छुट रकम</th><th>करयोग्य आय</th><th>करकट्टि गर्नुपर्ने</th><th>गरेको कट्टि</th><th>नपुग कर</th></tr>
<tr><td>१</td><td>कविराज छैठो रविन्द्र प्रसाद मिश्र</td><td>७०६०९८</td><td>५९७६५६</td><td>१०८४४२</td><td>१६१८८</td><td>४५००</td><td>११६८८</td></tr>
<tr><td>२</td><td>सि.अ.हे.व छैठौ मन बहादुर कुँवर</td><td>७०६०९८</td><td>६४३८९६</td><td>१०८४४२</td><td>९९३२</td><td>४५००</td><td>५४३२</td></tr>
<tr><td>३</td><td>सि.अ.हे.व घनलाल अर्याल</td><td>७०३२१८</td><td>६३१८९६</td><td>७१३२२</td><td>११६३२</td><td>४५००</td><td>७१३२</td></tr>
<tr><td>४</td><td>सि.अ.हे.ब छैठौ मार्कण्डेश्वर मणी त्रिपाठी</td><td>७०३२१८</td><td>५७१८९६</td><td>१३१३२२</td><td>२०७६४</td><td>४५००</td><td>१६२६४</td></tr>
<tr><td>५</td><td>जनस्वास्थ्य निरीक्षक सोम बहादुर सुनार</td><td>६८६१७८</td><td>६०५०१६</td><td>८११६२</td><td>१२६१६</td><td>४५००</td><td>८११६</td></tr>
<tr><td>६</td><td>सि.अ.हे.ब छैठौ लिला घिमिरे</td><td>६३५०५८</td><td>५६०३७६</td><td>७४६८२</td><td>११९६८</td><td>४५००</td><td>७४६८</td></tr>
<tr><td>७</td><td>सि.अ.हे.ब छैठौ मौलेश्वर प्रसाद त्रिपाठी</td><td>६५२०९८</td><td>५६३२५६</td><td>८८८४२</td><td>१३३८४</td><td>४५००</td><td>८८८४</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>९६४८४</td><td>३१५००</td><td>६४९८४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td></td><td>शिक्षा तर्फ</td><td></td></tr>
<tr><td>७८.</td><td>शिक्षक दरवन्दी – गाउँपालिकाले शिक्षा नियमावली अनुसार शिक्षक दरवन्दी मिलान गर्नुपर्दछ । कार्यालयले जिल्ला शिक्षा तथा समन्वय इकाइले उपलब्ध गराएको विवरण अनुसार प्रा.वि., नि.मा.वि., र मा.बि. का स्थायी, अस्थायी र राहात दरवन्दी शिक्षक, विद्यार्थी संख्या र भौतिक पूर्वाधारलाई यकिन गरी दरवन्दी मिलान गरेको देखिएन । अतः यसरी दरवन्दी मिलान वेगर गाउँपालिकाले गरेको शिक्षक तलब निकासा वास्तविक छ भनी आश्वस्त हुन सकिएन।</td><td></td></tr>
<tr><td>७९.</td><td>सामुदायीक विद्यालयको गुणस्तर - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायीक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितीको नियमित अनुगमन गरी एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने ब्यवस्था छ । गाउँपालिकाले आ. व. २०७६ मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिबेदन कार्यालयसंग देखिएन । गाउँपालिकाले आफ्नो अन्तरगतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>८०.</td><td>विद्यालय कार्यक्रम कार्यान्वियन पुस्तिका २०७६।७७ को खण्ड १, कार्यक्रम कार्यान्वियन सम्बन्धी मार्गदर्शन (बुदा नं. १८ ठ) अनुसार स्थानीय तहले विद्यालयहरुमा जाने सबै प्रकारका अनुदानहरुलाई व्यवस्थित गर्न र शिक्षामा हुने लगानी प्रभावकारी बनाउन आफ्नो तहको संयन्त्रमा अनुदान व्यवस्थापन युनिट निर्माण गरी अनुदानको निकासा गर्ने व्यवस्था गरेकोमा सो अनुसार कार्य गरेको पाइएन ।</td><td></td></tr>
<tr><td>८१.</td><td>शिक्षा तथा मानव श्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरबाट प्रकाशित कार्यक्रम कार्यान्वियन पुस्तिका २०७६/७७ को क्रियाकलाप नं.१.१.३.४ को बुदाँ नं. ४ अनुसार स्थानीय तहले विद्यालय शिक्षक र कर्मचारीको तलब भत्ता बैंङ्क मार्फत भुक्तानी हुने व्यवस्था मिलाउनुपर्ने उल्लेख भएकोमा सो गरेको पाइएन।</td><td></td></tr>
<tr><td>८२.</td><td>निकासा माग फाराम - शिक्षकको तलब निकासा दिँदा माग फारामको आधारमा चेक जाँच गरी दरबन्दी अनुसारको तलब भत्ता भुक्तानी गर्नुपर्दछ । गो.भौ.नं.१५-२०७६।६।१६ बाट पकडी आ.बि लाई प्रथम चौमासिक निकासा बापत रु.७५०३६७।२० भुक्तानी गरेकोमा सोसँग सम्बन्धित निकासा माग फाराम लेखापरीक्षण समक्ष पेश नभएकोले सो को संलग्न कागजात पेश हुनुपर्ने रु.</td><td>७५०३६७।२</td></tr>
<tr><td>८३.</td><td>विद्यालयले छात्रवृत्ति वापतको रकम वितरण गरी बाँकी रहेको रकम गाउँपालिका मार्फत संघिय सञ्चितकोष फिर्ता गर्नुपर्दछ ।गो.भौ.नं.११०-२०७७।१।३० बाट कार्यालयले गाउँपालिका अन्तर्गतका विद्यालयहरुलाई छात्रवृत्ति बापतको रकम निकासा दिएकोमा पकडि मा.विले छात्रवृत्ति बापतको रकम रु.१५,२००। वितरण नगरी विद्यालय खातामा राखेको पाइयो । वितरण नभएको उक्त रकम सम्बन्धितबाट असुल गरी संघिय सञ्चितकोष दाखिला गर्नुपर्ने रु.</td><td>१५२००।-</td></tr>
<tr><td>८४.</td><td>शिक्षण सिकाई अनुदान - शिक्षा तथा मानव श्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरबाट प्रकाशित कार्यक्रम</td><td></td></tr>
</table>

<table>
<tr><th>सि.नं</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td></td><td>कार्यान्वयन पुस्तिका (आ.व २०७६।७७) को क्रियाकलाप नं.२.७.१३.८ को बुदाँ नं २.१ अनुसार शिक्षण सिकाई सामग्री व्यवस्थापन अन्तर्गत पुर्व प्राथमिक कक्षाका लागि प्रति विद्यार्थी रु.५००,कक्षा ६-८ र कक्षा ९-१० लाई प्रति विद्यार्थी २०० तथा कक्षा ११-१२ लाई प्रति विद्यार्थी रु.२५० का दरले अनुदान उपलव्ध गराउने उल्लेख छ । कार्यालयले उपलव्ध गराएको विद्यालयगत विद्यार्थी विवरण (फ्ल्यास रिपोर्ट) अनुसार निम्न विद्यालयमा विद्यार्थी संख्या भन्दा बढिलाई निकासा दिएकोले बढि निकासा असुल हुनुपर्ने रु.
<table>
<tr><th>क्र.स</th><th>विद्यालयको नाम</th><th>फ्यास रिपोट अनुसार विद्यार्थी संख्या</th><th>श्रेस्ता अनुसार विद्यार्थी संख्या</th><th>बढि संख्या</th><th>बढि भुक्तानी रु.</th></tr>
<tr><td>१.</td><td>मर्चवार आ.मा.बि कक्षा ६-८</td><td>३०५</td><td>३२४</td><td>१९</td><td>३८००</td></tr>
<tr><td>२.</td><td>मर्चवार आ.मा.वि कक्षा ९-१०</td><td>३१०</td><td>३१३</td><td>३</td><td>६००</td></tr>
<tr><td>३.</td><td>मर्चवार आ.मा.वि कक्षा ११-१२</td><td>९५</td><td>१३५</td><td>४०</td><td>१००००</td></tr>
<tr><td>४.</td><td>मर्यादपुर मा.वि</td><td>०</td><td>५७</td><td>५७</td><td>१४२५०</td></tr>
<tr><td>५.</td><td>गणेश सामुदायिक प्रा.वि</td><td>२३</td><td>२८</td><td>५</td><td>२५००</td></tr>
<tr><td>६.</td><td>समयमाई प्रा.वि</td><td>२९</td><td>३९</td><td>१०</td><td>५०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>३६१५०/-</td></tr>
</table></td><td>३६१५०।-</td></tr>
<tr><td>८५.</td><td>छात्रवृत्ति - शिक्षा तथा मानव श्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका (आ.व २०७६/७७) को क्रियाकलाप नं.७.२.१.१ को बुदा नं. ४.१.५ मा दलित छात्रवृत्ति बापत प्रति विद्यार्थी रु.४००।- छात्रवृत्ति उपलव्ध गराउने उल्लेख छ । कार्यालयले उपलव्ध गराएको विद्यालयगत विद्यार्थी विवरण (फ्ल्यास रिपोर्ट) अनुसार निम्न विद्यालयमा विद्यार्थी संख्या भन्दा बढिलाई निकासा दिएकोले बढि निकासा असुल हुनुपर्ने रु.
<table>
<tr><th>क्र.स</th><th>विद्यालयको नाम</th><th>फ्यास रिपोट अनुसार विद्यार्थी संख्या</th><th>श्रेस्ता अनुसार विद्यार्थी संख्या</th><th>बढि संख्या</th><th>बढि भुक्तानी रु.</th></tr>
<tr><td>१.</td><td>गणेश सामुदायिक प्रा.वि</td><td>२०</td><td>२६</td><td>६</td><td>२४००</td></tr>
<tr><td>२.</td><td>लाल विहारी मा.वि</td><td>४४</td><td>६६</td><td>२२</td><td>१७६००</td></tr>
<tr><td>३.</td><td>लाल विहारी मा.वि ६-८</td><td>१४</td><td>३६</td><td>२२</td><td>१७६००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>३७६००</td></tr>
</table></td><td>३७६००।-</td></tr>
<tr><td>८६.</td><td>शिक्षक अनुदान —शिक्षा विभागबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६/७७ को क्रियाकलाप नं १.१.३.४ मा स्थानीय तहले कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी विवरण एकिन गरी शिक्षा विकास तथा समन्वय इकाइ मार्फत वा अद्यावधिक विवरण अनुसार दरबन्दी, राहत र प्राविधिक धार तर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकहरुलाइ विद्यालयबाट प्राप्त माग फाराम रुजु गरी अनुदान उपलव्ध गराउने व्यवस्था छ। कार्यालयले निजी शिक्षक नियुक्ति गरी गाउँपालिका तर्फबाट रु.५९,७०,०००।- भुक्तानी गरेको छ भने गाउँपालिका अन्तर्गत रहेका विद्यालयहरुमा सःशर्त तर्फबाट शिक्षक तलब भतामा रु. ४,१४,३२,१०३।- निकासा भएको छ । विद्यालय शिक्षक दरबन्दी मिलान नगरी दरवन्दी नै कायम नभएका विद्यालय शिक्षकलाई तलब भत्ता निकासा दिएको तथा कूल शिक्षक दरबन्दी र विद्यार्थी संख्याको आधारमा आवश्यक पर्ने भए मात्र प्रतिस्पर्धात्मक तवरले छनौट गरि शैक्षिक गुणस्तर अभिबृद्धि हुने आश्वस्तता गरेर मात्र शिक्षक नियुक्ति गर्नुपर्ने रु.</td><td>५९७००००।-</td></tr>
<tr><td>८७.</td><td>शिक्षा विभागबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ अनुसार वालकोटाका शिक्षकहरुको पारिश्रमिक रु.६०००। हुने उल्लेख छ । गाउँपालिकाको मिति २०७६।९।१५ को निर्णय नं.६ बाट बालकोटाका शिक्षकहरुको तलबमा रु.२०००।- को दरले वृद्धि गर्ने निर्णय गरी ३० वटा वालविकास केन्द्रलाई १२ महिनाको रु.७२००००।— भुक्तानी गरेको छ । सःशर्तबाट तलब अनुदान निकासा भएकोमा पुन गा.पाको निर्णयबाट थप निकासा दिएको नियमसम्मत नदेखिएको रु.</td><td>७२००००।-</td></tr>
</table>

<table>
<tr><th>सि.नं</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td>८८.</td><td>बढि निकासा - शिक्षा तथा मानव श्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६/७७ को क्रियाकलाप नं.१.१.३.४ अनुसार स्थानीय निकायले कार्यरत शिक्षकको तलब भत्ता एकिन गरी सोही अनुसार विद्यालयबाट प्राप्त मागफारामको रुजु गरी रकम निकासा गर्नुपर्ने उल्लेख छ । नमुना छनौट गरी परीक्षण गर्दा गो.भौ.नं. ११६-२०७७।२।८ बाट निम्न विद्यालयहरुमा निम्न चौमासिकमा माग फारम भन्दा बढी निकासा भएको पाइयो ।कार्यालयले बढि निकासा रकम सम्बन्धीत विद्यालयबाट असुल गर्नुपर्ने रु.
<table>
<tr><th>विद्यालयको नाम</th><th>चौमासिक विवरण</th><th>निकासा रकम रु.</th><th>माग रकम रु.</th><th>बढि निकासा रु.</th></tr>
<tr><td>पकडि नि.मा.वि</td><td>दोश्रो</td><td>६५४३८८</td><td>६५०१६६</td><td>४२२२</td></tr>
<tr><td>मर्चवार आ.वि</td><td>दोश्रो</td><td>१७४७८८९</td><td>१७२७२०९</td><td>२०६८०</td></tr>
<tr><td>मर्चवार आ.वि</td><td>तेश्रो</td><td>४७५२६६९</td><td>४४९५७६०</td><td>२५६९०९</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>२८१८११</td></tr>
</table></td><td>२,८१,८११/-</td></tr>
<tr><td>८९.</td><td>ग्रेड भुक्तानी — कार्यालयले विद्यालय शिक्षक किताबखानाले पारित गरेको तलबी प्रतिवेदन अनुसार शिक्षकहरुको तलबभत्ता भुक्तानी गर्नुपर्दछ । शिक्षक किताबखानाको पारित तलवि प्रतिवेदन अनुसार श्रीराम माध्यामिक विद्यालयका शिक्षक श्री कृष्ण प्रसाद पन्थलाई रु.४७००। उपलव्ध गराउनुपर्नेमा रु.५६४०। उपलव्ध गराएकोले पारित गरेको ग्रेड भन्दा रु.९४०।- बढि भुक्तानी भएकोले कर्मचारी सञ्चयकोष थप र चाडवाड खर्च समेत रु.१३३४८।- बढि भुक्तानी भएको असुल हुनुपर्ने रु.</td><td>१३३४८।-</td></tr>
<tr><td>९०.</td><td>अनुदानको अनुगमन - कार्यालय आफूले दिएको अनुदानको उपयोगको सुनिश्चितताको लागि अनुगमनको व्यवस्था गर्नुपर्दछ । कार्यालयले ७ मदरसाहरुलाई परम्परागत विद्यालय अनुदान अन्तर्गत रु. २ लाख ४१ हजारको दरले रु.१६ लाख ८७ हजार अनुदान निकासा दिएकोमा विद्यालयहरुले प्राप्त गरेको अनुदान रकमको कार्य प्रगति विवरण तथा लेखापरीक्षण प्रतिवेदन पेश गरेको देखिएन । अनुदानको अनुगमन र लेखापरीक्षण प्रतिवेदन संलग्न नहुँदा तोकिएको शीर्षकमा खर्च भयो भएन यकिन गर्न सकिएन । तसर्थ अनुगमन प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन पेश हुनुपर्ने देखिएको छ ।</td><td></td></tr>
<tr><td>९१.</td><td>कार्यालयले माग र आवश्यकताको निर्धारण गरी खरिद गर्नुपर्दछ ।विद्यालयका छात्राहरुलाई सेनिटरी प्याड वितरण कार्यक्रम अन्तर्गत कार्यालयले मिति २०७७।३।२२ मा रेविका फार्मेसीसँग सम्झौता भई प्रति इकाइ रु६१।५८५ को दरले २१९४४ थान जम्मा रु.१३,५१,४२१।- मा सोझै खरिद गरेको छ । सो सम्बन्धमा कार्यालयसँग छलफल गर्दा कोभिड १९ को कारण असोज महिनामा विद्यालय खुले पश्चात अधिकांश विद्यालयहरुमा वितरण भै सकेको भनाइ रहेको छ । कार्यालयले विद्यालयहरुमा किशोर उमेर समुहका छात्रा कति छन् भन्ने तथ्याङ्क समेत संकलन गरेको छैन भने कुन कुन विद्यालयलाई कति वितरण गरियो भन्ने विवरण समेत अद्यावधिक गरेको छैन ।कार्यालयको स्वास्थ्य शाखाले समेत विद्यालय छात्राहरुको लागि सेनिटरी प्याड वितरण कार्यक्रम सञ्चालन गरेको हुदाँ माग र आवश्यकताको पहिचान नै नगरी कार्यक्रममा समेत दोहोरोपना हुनेगरी सोझै खरिद गरेको उचित नदेखिएको रु.</td><td>१३५१४२१।-</td></tr>
<tr><td>९२.</td><td>अनुपातिक कट्टी — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिंदा उपनियम (३) को खण्ड (ख) बमोजिम लागत अनुमानमा रहेको मूल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले मर्यादपुर माद्यामिक विद्यालयको भवन निर्माण गर्न रु.१७,७३,७९७।- को लागत अनुमान तयार गरी सोही बमोजिम कार्यसम्पन्न भएमा गाउँपालिकाबाट रु.१६ लाख अनुदान उपलव्ध गराउने गरी सम्झौता भएकोमा निर्माण सम्पन्न रु.१५,६०,६२४।- मा भएको छ । लागत अनुमान र सम्झौता भन्दा घटी काम भएकोमा सम्पन्न कामको सम्झौता अनुसारको</td><td></td></tr>
</table>

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
	अनुपातमा कार्यालयले भुक्तानी गर्नुपर्ने अंश कट्टा गरी उपभोक्ता समितिलाई भुक्तानी दिनुपर्नेमा कार्यालयले रु.१६,००,०००।- भुक्तानी दिएकोले बढि भुक्तानी रु.१,६०,३१७।- असूल हुनुपर्ने रु.	१,६०,३१७।-
	मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम	
९३.	**बैठक भत्ता -** कार्यालयका कर्मचारी र पदाधिकारीहरु विच परिचयात्मक बैठक भनी कार्यालयले बजेट खर्च गर्नुहुदैन । मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम अन्तर्गत मूख्यमन्त्री ग्रामिण विकास कार्यक्रम कार्यविधी तयार र गाउँपालिकामा परिचयात्मक बैठक भनी निम्न पदाधिकारीहरुले विभिन्न मितीमा भत्ता बुझेकोले यसरी बुझेको भत्ता असुल हुनुपर्ने रु.	२५५००/-

कर्मचारीको नाम	दिन	भुक्तानी रकम कर बाहेक
अध्यक्ष चन्द्र भुषण यादव	४	३४००
उपाध्यक्ष भानमती बनिया	४	३४००
२ नं. वडाध्यक्ष ककबलमन गुप्ता	४	३४००
४ नं. वडाध्यक्ष कुमहरा लोध	४	३४००
प्र.प्र.अ नेत्र प्रसाद घिमिरे	४	३४००
कार्यक्रम सहजकर्ता प्रिंकला चौधरी	४	३४००
ना.सु जगदिश प्रसाद वर्मा	४	२५५०
ले.पा अविनास अग्रहरी	३	२५५०
जम्मा		२५५००

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
९४.	**पेश्की बाँकी -** कार्यालयले माग र आवश्यकताको पहिचान गरी कार्यक्रमहरु छनौट गर्नुपर्दछ । वस्तुनिष्ट योजना तथा कार्यक्रम छनौट भए पश्चात मात्र कार्यालयले सोको कार्यान्वयन गर्न निश्चित मापदण्ड तयार गरी पेश्की खर्च लेख्नुपर्दछ। कार्यालयले आवश्यकताको पहिचान, लाभग्राही समुहको छनौट, कृषकको ब्यवसायिक क्षमता पहिचान जस्ता आधारभुत विषयहरुको समेत मूल्याङ्कन नगरी निम्न कार्यक्रमका लागि निम्न कर्मचारीहरुलाई पेश्की दिएकोमा लेखापरीक्षण अवधि सम्म फछ्यौट नभएको रु.	३१,३०,०००।-

गो.भौ.नं. मिति	पेश्की लिनेको नाम	कार्यकमको नाम	पेश्की रकम
४-२०७७/३/१६	सहजकर्ता पियन्कला चौधरी	अति विपन्न घरपरिवारलाई सिलाई मेसिन वितरण	८०००००
५-२०७७/३/१६	पशु शाखा प्रमुख सनोज कुमार चौधरी	अति विपन्न घरपरिवारलाई बाखा वितरण	१००००००
		ब्यवसायिक कृषकलाई स्पे टंकी वितरण	५०००००
		अपाङ्गहरुको लागि ह्विल चियर वितरण	२८००००
	देबेन्द्र प्रसाद उपाध्याय	सभा सञ्चालन खर्च	२५००००
	ओम प्रसाद पाण्डे	करबलहा गाउँमा बोरिङ जडान	३०००००
जम्मा			**३१३००००/-**

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
९५.	**फूसको छाना विस्थापन कार्यक्रम -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ र खरिद नियमावली, २०६४ को नियम १० अनुसार सार्वजनिक निकायले नियम ९ को अधिनमा रहि लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । कार्यालयले मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम अन्तर्गत फूसको छाना विस्थापन कार्यक्रममा गो.भौ.नं.७-२०७७।३।२८ बाट रु.२३,८२,७६१।- खर्च गरेकोमा सोको लागत अनुमान तयार नगरी टुक्रा टुक्रा गरी चण्डी निर्माण सेवाबाट ६ वटा ट्रस भवन निर्माण गराएको छ । उक्त कार्यक्रममा निर्माण व्यवसायीको ७ वटा विल बमोजिम रु.२३,४०,६३०।३५ भुक्तानी हुनुपर्नेमा रु.२३,८२,७६१।- भुक्तानी भएकोले बढि भुक्तानी रु.४२,१३१।- असुल गर्नुका साथै ऐन तथा नियमावली विपरित लागत अनुमान तयार नै नगरी टुक्रा गरी निर्माण कार्यको सोझै खरिद गरेको नियम सम्मत नदेखिएको रु.	२३८२७६१।-
९५.१.	**मूल्य अभिवृद्धि कर -** आन्तरिक राजस्व विभागको २०७६।२।२७ र महालेखा नियन्त्रक कार्यालयको	

<table>
<tr><th>सि.नं</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td></td><td>२०७६।३।१० को पत्रानुसार ठेक्का मार्फत निर्माण व्यवसायीसंग कार्य गराएकोमा विजक रकमको मूल्य अभिवृद्धि कर रकमको ५० प्रतिशतले हुने रकम कट्टा गरी कार्यालयले राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसारका कार्य निर्माण व्यवसायीसंग ठेक्का मार्फत गराएकोमा भुक्तानी भएको मूल्य अभिबृद्धि करको ५० प्रतिशतले हुने रकम कट्टा गरी राजश्व दाखिला गरेको नदेखिएकोले राजश्व दाखिला गरेको वा मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>गौ.भौ.नं. मिति</th><th>फर्मको नाम</th><th>विल रकम</th><th>६.५% मू.अ.कर</th></tr>
<tr><td>११-२०७७/३/२६ स.पू</td><td>ट्रस्टी निर्माण सेवा</td><td>३४००२६</td><td>२२१०२</td></tr>
<tr><td>१७१-२०७७/३/२८</td><td>ए आर के निर्माण सेवा</td><td>४८९५०४</td><td>३१८१८</td></tr>
<tr><td rowspan="7">७-२०७७/३/१८
मुख्यमन्त्री ग्रामिण विकास</td><td>चण्डी निर्माण सेवा</td><td>२९५९२१</td><td>१९२३५</td></tr>
<tr><td>चण्डी निर्माण सेवा</td><td>२९५७८७</td><td>१९२२६</td></tr>
<tr><td>चण्डी निर्माण सेवा</td><td>२९५७८७</td><td>१९२२६</td></tr>
<tr><td>चण्डी निर्माण सेवा</td><td>२९५७८७</td><td>१९२२६</td></tr>
<tr><td>चण्डी निर्माण सेवा</td><td>२९६५००</td><td>१९२७३</td></tr>
<tr><td>चण्डी निर्माण सेवा</td><td>२९५७८७</td><td>१९२२६</td></tr>
<tr><td>चण्डी निर्माण सेवा</td><td>२९५७८६</td><td>१९२२६</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१८८५५८</td></tr>
</table></td><td>१८८५५८।-</td></tr>
<tr><td></td><td>कृषि</td><td></td></tr>
<tr><td>९६.</td><td>लाभग्राही छनौट - गाउँपालिकाले मापदण्ड तथा कार्यविधि तयार गरी अनुदान पाउने कृषकको छनौट गर्नुपर्दछ।कृषकको व्यवसायिक क्षमता, जनशक्ति, समुदायमा पुऱ्याउन सक्ने योगदान, गत विगतमा गाउँपालिका र अन्य निकायहरुबाट कुनै किसिमको वस्तुगत तथा नगद अनुदान प्राप्त गरेको भए सो समेतलाई आधार लिई वस्तुनिष्ट आधार तयार गरी प्रस्तावकहरु मध्येबाट उत्कृष्ट ठानिएको लाभग्राहीलाई छनौट गर्नुपर्दछ । कार्यालयले भकारो सुधार कार्यक्रम अन्तर्गत वडा कार्यालयहरुमा सुचना टाँस गरी परेका ३० निवेदनबाट लाभग्राही छनौट गर्दा छनौटको आधार खुलाएको छैन भने निवेदक भन्दा बढि संख्या १ समेत जम्मा ३१ जना कृषकहरुलाई ५० प्रतिशत अनुदान स्वरुप प्रति कृषक रु.१०,०००।- का दरले रु.३,१०,०००।- र पम्प सेट वितरण गर्न १६ कृषक समुह छनौट गरी रु.४३२०००।- अनुदान उपलव्ध गराएको छ ।गाउँपालिकाको अनुदान कार्यविधि अनुसार कृषि शाखाबाट सो कार्यक्रमको नियमित अनुगमन गर्ने उल्लेख भएतापनि सोको अनुगमन समेत भएको छैन ।अनुदानको उचित उपयोगबाट प्राप्त उपलब्धिको प्रभावकारी अनुगमन गरी सोको अभिलेख व्यवस्थित गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।</td><td></td></tr>
<tr><td>९७.</td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम गाउँपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयबाट बेरोजगारको अद्यावधिक तथ्याङ्क लेखापरीक्षण समक्ष पेश भएन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिका अनुरुप उत्पादनमुलक कार्यमा योजना छनौट गरी कार्य गर्नुपर्नेमा कार्यालयले योजनाको छनौट पनि गरेको पाइएन। गाउँपालिकाले यस कार्यक्रम अन्तर्गत यो बर्ष गो.भौ.नं.१७६-२०७७/३/३० बाट रु.२२७००००।—खर्च गरेकोमा निम्नानुसार भएको पाइयो ।
क० कार्यालयले असारको अन्तिममा पालिका भित्रका विभिन्न विद्यालयहरुको लागि रंगरोगन कार्य भनी</td><td></td></tr>
</table>

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
	रु.५,५४,०३०।- को रंगरोगन सामाग्री र ज्याला बापत १५४ जना कामदारको ८ दिनको रु.५००।- का दरले रु. ६,१६,०००।- र ११६ जना कामदारको १० दिनको रु.५००।- का दरले रु. ५,८०,०००।- गरी जम्मा रु. १७,५०,०३०।— खर्च गरेको छ । कार्यालयले विद्यालय रंगरोगनमा खर्च गर्नु पुर्व रंगरोगन आवश्यक भएका विद्यालयहरुको तथ्याङ्क लिई सो कार्यको लागि आवश्यक पर्ने जनशक्ति र लागतको अनुमान तयार गरी कार्य गर्नुपर्नेमा सो नगरी १३ विद्यालयका प्रतिनिधीहरु सहित मिति २०७७ असार २० मा माइन्युट गरी बजेट फ्रिज नगर्ने उद्देश्यले असारको अन्तिममा मात्र कार्य गरेको छ । ख० वडा नं. १ रामनगर गाउँमा कुलो निर्माण कार्यमा रु. १,५१,१९४।- को मालसामान खरिद र २२ जना कामदार २० दिनको रु.५००।- का दरले रु.२,२०,०००।- गरी जम्मा रू. ३,८५,९७०।- खर्च भएकोमा खरिद भएका सामानहरु जिन्सी दाखिला भएको पाइएन । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत प्रत्येक बर्ष लेवरको लागि आवश्यक कुटो, कदालो, बेल्चा जस्ता सामान खरिद गर्ने र जिन्सी अभिलेख व्यवस्थित नगर्ने कार्यले आर्थिक अनुशासन कायम नहुने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । अतः आर्थिक बर्षको अन्तिममा कामदार र खर्चको लागत अनुमान समेत तयार नगरी माइन्युटको आधारमा भएको यस प्रकारको खर्च रु.२१,२१,२२४।- नियमसम्मत नदेखिएको रु.	२१२१२२४/-
	विपद् व्यवस्थापन कोष	
९८.	**आम्दानीको स्रोत र खर्च -** कोभिड १९ रोकथाम नियन्त्रण र व्यवस्थापनमा कार्यालयले पेश गरेको विवरण अनुसार आर्थिक वर्षको मसान्त सम्म आम्दानी रु. १,३४,०२,८४८।- प्राप्त गरी रु. १,१६,९१,६४०।- खर्च गरेको छ ।जसको विवरण देहायअनुसार रहेको छ :	

आम्दानीको स्रोत	प्राप्त रकम	खर्च शिर्षक	रकम
स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको	१३२७५०००	राहत वितरण	१५०००००
संघिय कोभिड कोषबाट		आईशोलेसन केन्द्र निर्माण व्यवस्थापन	२०१८१८
कर्मचारी तलब	६१८४८	खाधन्न	४६५०१९६
अन्य स्रोतबाट प्राप्त आय	६६०००	औषधि एवं स्वास्थ्य उपकरण तथा सामाग्री खरिद	३५२०७५६
		अन्य खर्च	१८१८८७०
जम्मा	**१३४०२८४८**	**जम्मा**	**११६९१६४०**

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
९९.	**वार्षिक प्रतिवेदन -** विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ।कार्यालयले सोको प्रतिवेदन तयारी सम्बन्धित समक्ष पेश गरेको पाइएन। ऐनमा भएको प्रावधानको पालना गर्नुपर्दछ ।	
१००.	**जोखिम भत्ता -** नेपाल सरकारद्वारा जारी भएको कोरोना भाइरस (कोभिड १९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश,२०७७ को बुंदा ७(ङ)मा, अनुगमन मुल्याङ्कन तथा व्यवस्थापनमा संलग्न प्रशासनिक जनशक्तिलाई नेपाल सरकारले तोकेको शुरु तलब स्केलको ५० प्रतिशत र कन्ट्र्याक ट्रेसिङ्गमा खटिएका स्वास्थ्यकर्मी, क्वारेनटिनमा खटिएका जनशक्तिलाई ७५ प्रतिशत जोखिम भत्ता प्रदान गर्न सक्ने व्यवस्था छ। कार्यालयले अग्रपंतिमा खटेका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी,राजनैतिक पदाधिकारी र प्रशासनिक कर्मचारीलाई जोखिम भत्ता वापत रु.४१,९१,७८५।- खर्च लेखेको छ ।	
१०१.	**खरिद व्यवस्थापन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५(१)मा विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था अनुसार ऐनको दफा ६६ वमोजिम खरिद गर्दा सार्वजनिक निकायले खरिदको	

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम

आवश्कताको लिखित विवरण, गुणस्तर, परिमाण शर्त र कार्य सम्पन्न गर्ने अवधि जस्ता विवरण तयार गरी आकस्मिक परिस्थितिको सामना गर्न आवश्यक,परिमाण र समायवधिका लागि मात्र यथासम्भव प्रतिस्पर्धा गराई वा एउटा मात्र निर्माण व्यवसायी, आपुर्तीकर्ता, परामर्शदाता वा सेवा प्रदायकसँग लिखित दरभाउ वा प्रस्ताव लिई स्वच्छ र उचित मुल्यको लागि वार्ता गरी खरिद गर्नु पर्ने व्यवस्था छ । कार्यालयले पेश गरेको विवरण अनुसार कोभिड -१९ को प्रकोप रोकथाम र न्युनिकरणका लागि देहाय अनुसारका मुख्य स्वास्थ्य सामाग्रीको खरिद गरेको छ । खरिद दर लट अनुसार फरक रहेको छ । सम्पुर्ण सामाग्रीको मुल्य खुल्ने गरी खरिदको विवरण पेश गरेको छैन ।कार्यालयले खरिद नियमावली वमोजिम विशेष परिस्थितिमा खरिद गर्ने प्रावधानको पालना गरेको छैन ।यसको उदाहरण देहाय अनुसार रहेको छः

सामानको नाम	स्पेशिफिकेशन	खरिद सम्झौता मिति	सामान प्राप्त मिति	इकाई	परिमाण	दर	कुल रकम
पिपीई		०७६२८-१२-	०७६२८-१२-				६७८००
पिपीई		०७६३०-१२-	०७६३०-१२-				४८०००
पिपीई		०७७१०-२-	०७७१०-२-				६३९६९
माक्स		०७६१२-१२-	०७६१२-१२-				६९३००
माक्स		०७६१२-१२-	०७६१२-१२-				२२५०००
माक्स		०७६३०-१२-	०७६३०-१२-				७६२५०
N-95 Mask		०७६१८-१२-	०७६१८-१२-				२५४२५
N-95 Mask		०७७३०-१२-	०७७३०-१२-				६९६००

१०२. **परीक्षण -** कार्यालयले संक्रमण अवधिभर प्राथमिकिकरण गरी सबै क्षेत्रमा गरेको परीक्षण संख्या १६० मध्ये २६ संक्रमित फेला परेको देखिन्छ ।परीक्षण र सो को दर देहाय अनुसार रहेको देखिन्छ :

महिना	सबै क्षेत्रमा गरेको कुल परिक्षण संख्या		Pripritry 1 क्षेत्रमा गरेको परीक्षण संख्या		Pripritry2क्षेत्रमा गरेको परीक्षण संख्या	
	परीक्षण संख्या	संक्रमित संख्या	परीक्षण संख्या	संक्रमित संख्या	परीक्षण संख्या	संक्रमित संख्या
२०७७ बैशाख देखि असार सम्म	१६०	२६	१६०	२६	०	०

१०३. **राहत सामग्रीको खरिद र वितरण** - लकडाउनको अवधिमा कार्यालयले देहायका राहत सामाग्री रु.१४७३९३५।- मा खरिद गरी वितरण गरेको विवरण पेश गरेको छ । सबै सामाग्रीको मुल्य खुल्ने गरी विवरण पेश नभएकाले मुल्य र परिमाण विच तुलना गर्न सकिएन् ।खरिद र वितरण गरेको परिमाण समान भएता पनि वितरणको अवस्था खुल्ने गरी बिल भरपाई पेश नगरेकाले यस सम्बन्धमा यकिन हुन सकिएन ।

राहत सामाग्री	ईकाइ	खरिद परिमाण	जम्मा	वितरण परिमाण	बाँकी परिमाण
चामल	के.जि.	१४५५६	७२७८००	१४५५६	-
मटर दाल	के.जि.	३१७८	२२२४६०	३१७८	-
नुन	के.जि.	२२७४	५६८५०	२२७४	-
तेल	पेटी	१०३७	१५६५८७	१०३७	-
आलु	के.जि.	७५०	२२५००	७५०	-
प्याज	के.जि.	५००	२००००	५००	-
हरियो माक्स	थान	७८००	१९५०००	७८००	-
साबुन	पेटी /वटा	२६९४	७२७३८	२६९४	-

पालिकाले ७ वटा वडाको ५७८५ घरधुरीका १७६८६ जनसंख्यालाई चामल, दाल, नुन, तेल र साबुन वितरण गरेको छ ।राहत सामाग्री खरिद गर्दा विभिन्न वडाहरुले फरक फरक दरमा खरिद गरि वितरण गरेकाले खरिदमा एकरुपता देखिएन ।

<table>
<tr><th>सि.नं</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td>१०४.</td><td>गाउँपालिकाले कोभिड-१९ को कारण क्वारेन्टाइनमा रहेका व्यक्तिको लागि खाद्यान्न आपुर्ति गर्दा क्वारेन्टाइनमा रहेका व्यक्तिहरुको संख्या र दैनिक रुपमा आवश्यक पर्ने पौष्टिक आहारको विच सन्तुलन मिलाएर खाद्यान्न आपुर्ति गर्नुपर्दछ । कार्यालयले क्वारेन्टाइनमा आपुर्ति गरेको खाद्यान्न परिमाण खुलाई श्रेस्ता अद्यावधिक गर्नुपर्नेमा सो समेत नखुलाई कतिपय सामानको परिमाण नखुलाइ बोराको हिसाबमा खर्च जनाएको छ ।(जस्तो मोटर सेतो २ बोरा,रहर दाल २ बोरा,मटर दाल ३ बोरा, सोयविन १ बोरा, आदि) यसबाट क्वारेन्टाइनमा रहेका व्यक्तिहरुको लागि आवश्यक परिमाणमा मात्र खाद्यान्न खरिद भएको छ भनी आश्वस्त हुन सकिएन ।</td><td></td></tr>
<tr><td>१०५.</td><td>कार्यालयले कोभिड १९ को कारण क्वारेन्टाइनमा रहेका व्यक्तिहरुको अवधि खुल्ने गरी तथ्याङ्क अद्यावधिक गरी राखेको छैन । यसबाट कुन स्थानमा रहेको क्वारेन्टाइनमा एक व्यक्ति कति समय रहयो र उसको लागि गाउँपालिकाले वास्तविक रुपमा कति खर्च गऱ्यो भनी एकिन हुन सकिएन ।</td><td></td></tr>
<tr><td>१०६.</td><td>भुक्तानीमा करकट्टि — आयकर ऐन, २०५८ को दफा ८५ अनुसार भुक्तानीमा करकट्टि गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कोभिड १९ को कारण क्वारेन्टाइन सञ्चालन गर्न निम्न फर्मबाट खाद्यान्न खरिद गरेकोमा विजक मूल्यमा लाग्ने अग्रिम आयकर कट्टा गरेको छैन ।अग्रिम कर बापतको रकम असुल हुनुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं. मिति</th><th>फर्मको नाम</th><th>विजक रकम</th><th>१.५% अग्रिम कर</th><th>कैफियत</th></tr>
<tr><td>८७-२०७७३/१८</td><td>पाल जनरल स्टोर</td><td>२०७२१०</td><td>३१०८</td><td>सनोज कुमार चौधरीको पे.फ</td></tr>
<tr><td rowspan="4">९३-२०७७३/२७</td><td>पाल जनरल स्टोर</td><td>४८१०५३</td><td>७२१६</td><td rowspan="6">सनोज कुमार चौधरीलाई सोधभर्ना</td></tr>
<tr><td>आदित्य ग्यास सप्लायर्स</td><td>७६२२५</td><td>११४३</td></tr>
<tr><td>सुनिल कुमार फ्रुट सप्लायर्स</td><td>८४३१६</td><td>१२६५</td></tr>
<tr><td>जनार्दन बुक्स एण्ड जनरल स्टोर्स</td><td>५०७५५</td><td>७६१</td></tr>
<tr><td>७३-२०७७/३/५</td><td>पाल जनरल स्टोर</td><td>१२१०७५</td><td>१८१६</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१५३१०</td></tr>
</table></td><td>१५,३१०/-</td></tr>
<tr><td>१०७.</td><td>कार्यालयले राहत वितरण गर्दा वास्तविक पिडितले पाउने गरी आधिकारीक तथ्याङ्कको आधारमा वितरण गर्नुपर्दछ । गो.भौ.नं. ८८-२०७७।३।२१ कार्यालयले कोभिड १९ को प्रथम संक्रमण पश्चात जिल्ला प्रशासनको आदेशमा गाउँपालिका सिल भएको भनी राहत वितरण गर्न ज्योती गल्ला भण्डारबाट चामल, दाल र तेल खरिद तथा बितरणमा रु.१,००,०००।- खर्च लेखेको छ । कार्यालयले गाउँपालिका भित्रका वास्तविक पिडितले कति परिमाणमा कुन कुन बस्तु प्राप्त गरे भनी देखिने गरी श्रेस्ता अद्यावधिक गरेको छैन। यसबाट वास्तविक पिडितले प्राप्त गरेका छन् भनी आश्वस्त हुन नसकिएको रु.</td><td>१०००००।-</td></tr>
<tr><td>१०८.</td><td>८९-२०७७।३।२१ कोभिड-१९ को अवस्थामा सहयोग गरेको भनी कार्यालयले प्रमुख प्रशासकिय अधिकृतको तोक आदेशमा इ.प्र.का. मझगाँवालाई इन्धन खर्च बापत रु.२,००,०००।- खर्च लेखेको छ । छुट्टै अख्तियारी प्राप्त गर्ने कार्यालयको लागि खर्च भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.</td><td>२०००००।-</td></tr>
<tr><td>१०९.</td><td>९२-२०७७।३।२० कार्यालयले होराइन मेडिसन सप्लायर्सबाट रु.४,९९,९९९।- को औषधि खरिद गरेकोमा सोको जिन्सी दाखिला परीक्षण गर्दा खरिद भएका औषधि सोही दिन आम्दानी जनाई खर्च जनाएको छ । यसबाट कार्यालयमा खरिद भएका औषधिहरुको सहि सदुपयोग भएको छ भनी आश्वस्त हुन सकिएन।</td><td></td></tr>
<tr><td>११०.</td><td>कार्यालयले क्वारेन्टाइन सञ्चालन गर्न सनोज कुमार चौधरीलाई पेश्की दिई आवश्यक खाद्यान्न खरिद गरेको छ । यसरी खर्च गर्दा क्वारेन्टाइन सञ्चालन अवधिको मात्र खर्च लेख्नुपर्दछ । नमुना परीक्षण गर्दा कार्यालयले कारोवार मिति र क्रेताको नाम उल्लेख नभएको र क्वारेन्टाइन सञ्चालन अवधि भन्दा अगाडिको अवधिको समेत विल भुक्तानी गरेको पाइएकोले कारोवार मिति र क्रेताको नाम उल्लेख नभएका र क्वारेन्टाइन सञ्चालन भन्दा अगाडिको अवधिको भुक्तानी रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु.</td><td>२,१७,३६१।-</td></tr>
</table>

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम

गो.भौ.नं. मिति	क्वारेन्टाइन सञ्चालन अवधि	फर्मको नाम	विल नम्बर र मिति	विल रकम
९३-२०७७/३/२७	२०७७/२/२७-३/३१	जनार्दन बुक्स एण्ड जनरल स्टोर्स	१६३-२०७७/२/१८	१०१९५
			१६४-२०७७/२/२०	८६८०
			१६५-२०७७/२/२५	६८५०
		आर.के फ्रुट सेन्टर	१२-मिति नभएको	१६४००
			११-मिति नभएको	२०५४१
			१०-मिति नभएको	२०६२०
			९-मिति नभएको	१३०००
७३-२०७७/३/५	२०७७/२/१७-२०७७/२/२८	पाल जनरल स्टोर्स	२३९-२०७७/२/१५	३७०९०
			१४-२०७७/२/१५	८४००
			१९-२०७७/२/१५	७९७५
			२०-२०७७/२/१६	१७२४०
			२१-२०७७/२/१६	३३२४०
			२२-२०७७/२/१६	१७१३०
जम्मा				२१७३६१

१११.	कार्यालयमा सार्वजनिक सवारी साधन भएको अवस्थामा कार्यालयले सवारी साधन भाडामा लिन मिल्दैन । कार्यालयले मिति २०७७।२।३ देखि कोटहिमाई गाउँपालिका मझगवा क्वारेन्टाइनको लागि भनी गाडी नं. लु२च ४१८९ लाई प्रति दिन रु.१०००।- को दरले भुक्तानी दिने गरी ५३ दिन भाडामा लिई रु.५३,०००।- खर्च लेखेको छ । कार्यालयमा सवारी साधन भएको अवस्थामा एक वटा क्वारेन्टाइनको लागि मात्र भनी खर्च लेखेको उक्त रकम रु.४७,७००।- सम्बन्धितबाट असुल हुनुपर्ने रु.	४७,७००।-
१११.१.	गाडि भाडा बापतको भाडाकर कार्यालयले स्थानीय सञ्चितकोषमा दाखिला गरेकोले उक्त रकम संघिय सञ्चितकोष दाखिला हुनुपर्ने रु.	५३००।-
११२.	कार्यालयले क्वारेन्टाइन व्यवस्थापन वापतको खर्च भुक्तानी गर्दा दोहोरो नपर्ने गरी खर्च लेख्नुपर्दछ । कार्यालयले मिती २०७७।२।२७-२०७७।३।२० सम्मको क्वारेन्टाइन व्यवस्थापन बापत गो.भौ.नं.९३-२०७७।३।२७ बाट सनोज कुमार चौधरीलाई रु.७,९३,८५३।- भुक्तानी गरेको छ । त्यस्तै गो.भौ.नं. ९४-२०७७।३।२८ बाट मर्यादपुर मा.वि क्वारेन्टाइन व्यवस्थापन भनी प्रदिप कुमार कहारलाई मिती २०७७।३।१-२०७७।३।९ सम्मको रु.१,१६,७६५/- भुक्तानी गरेको छ । कार्यालयले सनोज कुमार चौधरीको खर्च भुक्तानी गर्दा कार्यक्षेत्र नखुलाई भुक्तानी गरेको छ । यसरी खर्च भुक्तानी गर्दा खर्च दोहोरो परेको छैन भनी आश्वस्त हुन सकिएन ।	
११३.	गो.भौ.नं.६१-२०७७।२।२४ कार्यालयले क्वारेन्टाइनमा आवश्यक सयन कक्ष निर्माणका लागि विभिन्न फर्महरुबाट रु. १,२८,०६३।- मुल्य बराबरका सिरक, डसना र तन्ना खरिद गरेकोमा सोको जिन्सी दाखिला परीक्षण गर्दा जिन्सी खाता र जिन्सी दाखिला प्रतिवेदनमा जिन्सी दाखिला नम्बर उल्लेख भएको छैन । यसबाट खरिद भएको परीमाणमा नै जिन्सी दाखिला भएको छ भनी आश्वस्त हुन सकिएन ।	
११४.	गो.भौ.नं.७१-२०७७।२।३२ कार्यालयले मर्यादपुर मा.वि क्वारेन्टाइनको खाद्यान्न सामाग्री खर्च बापत प्रदिप कुमार कहाँरलाई रु४,००,६५०।- भुक्तानी गरेकोमा क्वारेन्टाइन अवधि खुलेको छैन ।यसबाट वास्तविक क्वारेन्टाइन अवधिको मात्र खर्च भुक्तानी भएको छ भनी आश्वस्त हुन सकिएन ।	
११५.	कार्यालयले सञ्चितकोषमा व्ययभार पर्ने गरी अनुत्पादक खर्च लेख्नु हुदैन । गो.भौ.नं. ६२-२०७७।२।२४ गाउँपालिकाका विभिन्न स्थानमा कोभिड नियन्त्रणको लागि सेनिटाइजेशन गर्ने कार्यको अनुगमन भनी निम्न पदाधिकारीहरुलाई रु.२५,५८५।- भुक्तानी गरेकोले सो रकम असुल हुनुपर्ने रु.	

<table>
<tr><th>सि.नं</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><th>पदाधिकारीको नाम</th><th>दिन</th><th>दर</th><th>कर बाहेकको भुक्तानी रकम रु.</th></tr>
<tr><td>अध्यक्ष चन्द्रभुषण यादव</td><td>७</td><td>७००</td><td>४१६५</td></tr>
<tr><td>प्र.प्र.अ नेत्र प्रसाद घिमिरे</td><td>६</td><td>७००</td><td>३५७०</td></tr>
<tr><td>ले.अ. ओमेश ग्रैरे</td><td>६</td><td>७००</td><td>३५७०</td></tr>
<tr><td>स्वा.संयोजक मन बहादुर कुँवर</td><td>६</td><td>७००</td><td>३५७०</td></tr>
<tr><td>आयुर्वेद संयोजक रविन्द्र प्रसाद मिश्र</td><td>६</td><td>७००</td><td>३५७०</td></tr>
<tr><td>इन्जिनियर मो.नुरुल हुसेन खाँ</td><td>६</td><td>७००</td><td>३५७०</td></tr>
<tr><td>स.प्र.नि अनिल थापा</td><td>६</td><td>७००</td><td>३५७०</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>२५५८५</td></tr>
</table>
</td><td>२५,५८५।-</td></tr>
<tr><td>११६.</td><td>मोबाईल खरिद - कार्यालयले जारी गरेको विपद् व्यवस्थापन कोष (संचालन कार्याविधि)२०७६ को परिच्छेद २ खण्ड ९ मा नियमित प्रशासनिक कार्यका लागि कोष रकम खर्च गर्न नपाईने व्यवस्था गरेको छ । कार्याविधिको मर्म विपरित गो.भौ.नं. ३ मिति २०७६-८-१९ मा विपत व्यबस्थापनका सचिव जगदिश वर्मा लाई मोबाईल खरिद गरी रु.२५,०००।-खर्च लेखेको रकम नियमसम्मत नदेखिएको रु.</td><td>२५०००।-</td></tr>
<tr><td>११७.</td><td>विल भरपाई बेगर खर्च - आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५१ अनुसार जिम्मेवार व्यक्तिले ऐन बमोजिम रित पुऱ्याइ लेखा अद्यावधिक गर्नुपर्ने उल्लेख छ। कार्यालयले गो.भो.नं.३९ मिति २०७७।२।३ मा क्वारेन्टाइन ब्यवस्थापनका लागि प्रदिप कोहारलाई विल भरपाई वेगर रु.१,३५,४१३।- भुक्तानी दिएको छ । खर्च बिल भरपाई बेगर भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु.</td><td>१३५४१३।-</td></tr>
<tr><td>११८.</td><td>कोभिड राहत वितरण - कोभिड राहत वितरणका लागि कार्यालयले वडा अध्यक्ष मार्फत राहत वितरण गरेको छ । आवश्कताको अनुमान समेत नगरी खरिद गरेको राहात सामाग्री खरिदमा एउटै पसलबाट टुक्रे बिल विजकको प्रयोग भएको छ। नमुना छनोटको आधारमा परीक्षण गर्दा खरिद भएका निन्न सामाग्रीको मौज्दात रहेको देखिन्छ ।
<table>
<tr><th>गो.भौ.नं.।मिति</th><th>जिम्मेवार व्यक्ती</th><th>खरिद सामाग्री</th><th>खरिद परिमाण</th><th>विवरण परिमाण</th><th>मौज्दात</th></tr>
<tr><td rowspan="4">१०।२०७६-१२-३०</td><td rowspan="4">मिथलेश कुमार मिश्रा
वडा अध्यक्ष</td><td>तेल</td><td>१०३७ लि.</td><td>१०२२ लि.</td><td>१५लि.</td></tr>
<tr><td>साबुन</td><td>२०७४ थान</td><td>२०४४ थान</td><td>३० थान</td></tr>
<tr><td>नुन</td><td>२०७४ के.जि.</td><td>२०४४ के.जि.</td><td>३० के.जि.</td></tr>
<tr><td>दाल</td><td>१०३७ के.जि.</td><td>१०२२ के.जि.</td><td>१५ के.जि.</td></tr>
<tr><td rowspan="3">१५।२०७७-१-४</td><td rowspan="3">चन्द्रभान अहिर
वडा अध्यक्ष</td><td>चामल</td><td>४५२० के.जि.</td><td>४५०० के.जि.</td><td>२० के.जि.</td></tr>
<tr><td>साबुन</td><td>९००० वटा</td><td>४५० वटा</td><td>८५५० वटा</td></tr>
<tr><td>मटर दाल</td><td>७५० के.जि.</td><td>४५० के.जि.</td><td>३०० के.जि.</td></tr>
<tr><td>१६।२०७७-१-४</td><td>हनुमान यादव</td><td>चामल</td><td>५००० के.जि.</td><td rowspan="3">६२२ जनालाई वितरण गरेको भरपाईमा १ पेकेट उल्लेख गरेकाले परिमाणमा यकिन नभएको</td><td rowspan="3">यकिन नभएको</td></tr>
<tr><td></td><td></td><td>दाल</td><td>६२ के.जि.</td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>११९.</td><td>आन्तरिक आय — कार्यालयले यो वर्ष रु.१ करोड ५० लाख आन्तरिक आय प्राप्त गरेकोमा कार्यालय अन्तर्गतका ७ वटा वडाको आम्दानी समेत एकमुष्ट गाउँपालिकाले दाखिला गर्ने गरेको देखियो । वडा कार्यालयहरुमा आयको दैनिक प्राप्ती खाता, आयको मासिक विवरण समेत वनाउने गरेको देखिएन । जसबाट वडा कार्यालयले गाँउपालिकाको आयमा गरेको योगदान तथा असुली राजश्व दाखिला एकिन हुन सकेन । अतः कार्यालयले प्रत्येक वडाको आन्तरिक आयको दैनिक प्राप्ती खातामा अभिलेख राखि सोहि अनुसार दाखिला गर्ने व्यवस्था मिलाउनुपर्ने र प्रत्येक वडाले मासिक आय विवरण तयार गरि कार्यालयमा पठाउने र</td><td></td></tr>
</table>

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
	कार्यालयले वडागत विवरण समेत देखिने गरी मासिक र वार्षिक आय विवरण तयार गर्नुपर्ने देखिन्छ ।	
१२०.	**राजश्व अभिलेख —** कार्यालयले राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता नराखेकोले स्थानीय तहको वास्तविक राजस्व असुली र दाखिला एकिन हुन सकेन । गाउँपालिकाले यस सम्बन्धमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ ।	
१२१.	**व्यवसाय कर —** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नुपर्नेमा लगत अद्यावधिक गरेको पाईएन। गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका व्यवसायीहरुको अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।	
१२२.	**सवारी कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा स्थानीय तहले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । यस वर्ष कार्यालयले सवारी दर्ता लगत तयार नगरेकोले सवारी दर्ता संख्या तथा राजश्व असुलीको अवस्था यकिन गर्न सकिएन । अतः सम्वन्धित निकायसँगको समन्वयमा सवारी साधनको अभिलेख राखि कर असूलीलाई प्रभाबकारी बनाउन ध्यान दिनु जरुरी छ ।	
१२३.	**मनोरञ्जन कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ । तर कार्यालयले क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन करको अभिलेख तयार गरेको देखिएन । अत मनोसन्जन करको लगत तयार गरी मनोरन्जन कर असुल गर्नुपर्दछ	
१२४.	**भूमीकर (मालपोत) -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५६ मा गाँउ÷गाउपालिकाले आफ्नो कार्यक्षेत्र भित्रको जग्गामा त्यस्तो जग्गा उपयोगका आधारमा भूमीकर (मालपोत) लगाउन सक्ने उल्लेख छ । कार्यालयले यो वर्ष वडा कार्यालयहरु मार्फत भूमीकर (मालपोत) रु.१० लाख अनुमान भएकोमा यथार्थ आय रु. ५ लाख ३८ हजार संकलन गरेको विवरण पेश गरेको छ । उक्त आयको वडागत अभिलेख राखेको देखिएन । अतः अभिलेख व्यवस्थित बनाई भूमीकर (मालपोत) असूलीमा वृद्धि ल्याउनुपर्दछ	
१२५.	**व्यवसाय कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाँउपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यसवर्ष कार्यालयले व्यवसाय दर्ता तथा नवीकरण शुल्क रु.१ लाख ७५ हजार असुल गरेको भएता पनि व्यवसाय कर संकलन गरेको नदेखिएको तथा संकलनको अभिलेख राखेको देखिएन । कार्यालय र वडा कार्यालयवाट व्यवसाय दर्ता हुने गरेकोमा सोको विवरण प्राप्त नभएबाट कार्यालयमा दर्ता भएका व्यवसायको संख्या यकिन गर्न सकिएन । कार्यालयले व्यक्तिगत स्वघोषणाका आधारमामात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायीहरुको अनुगमन गर्ने गरेको छैन । आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ।	
१२६.	**वडा कार्यालयहरुको राजश्व दाखिला —** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २४ (१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगरको हकमा सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गरी श्रेस्ता खडा गर्नु पर्ने उल्लेख गरेको छ । सोही दफाको उपदफा (२) मा राजस्व ढिला दाखिला गरेमा १० दिनसम्म १० प्रतिशत र १० दिन भन्दा ढिला गरेमा १० प्रतिशत र विभागिय कारवाही	

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
	गर्ने व्यवस्था रहेको छ ।कार्यालयले मातहतका वडाहरुवाट देहाय अनुसार ढिला गरि मालपोत सिफारिस दस्तुर, दण्ड जरिवाना, जन्मदर्ता, मुत्युदर्ता लगायतको शुल्क असुल गरेकोमा ऐनमा तोकिए भन्दा ढिला गरी दाखिला गरेकोमा जरिवाना असुल गरेको देखिएन । अतः उल्लेखित ऐनको व्यवस्था अनुसार असुल गनुपर्ने देखिएको रु.	१,५१,७१६/-

वडा सचिवको नाम	राजस्व असुली महिना	असुली रकम	ढिला दाखिला रु.	बैंक दाखिला मिति	ढिला दिन	जरिवाना रु
केन्द्र कृष्ण मोहन शुक्ला	श्रावण, भाद्र	२७२१६	२७२१६	२०७६२७-०६-	५७	२७२२
	असोज	२६८३४	२६८३४	२०७६१९-०७-	१९	२६८३
	कार्तिक	१४६७५४०८.	१४६७५४०८.	२०७६०९-०८-	९	१४६७५
	मंसिर	१३१८९०	१३१८९०	२०७६०३-०९-	३	१३१८९
	माघ	१०३४४२	१०३४४२	२०७६०१-११-	१	१०३४४
	फाल्गुण	१४४५५५	१४४५५५	२०७६०५-१२-	५	१४४५५
					जम्मा	**५८०६८,**
पल्टुप्रसाद यादव वडा नं १	श्रावण, भाद्र	७२४१६	७२४१६	२०७६०८-०६-	६८	७२४२
	असोज	१७८८६	१७८८६	२०७६१५-०७-	१५	१७८९
	कार्तिक	७७३२	७७३२	२०७६०४-०८-	४	७७३
	मंसिर	२६३०९	२६३०९	२०७६०७-०९-	७	२६३०
	पौष	२१८९०	२१८९०	२०७६०८-१०-	८	२१८९
	माघ	२८१४२	२८१४२	२०७६०८-११-	८	२८१४
	फाल्गुण	२१९२८	२१९२८	२०७६०९-१२-	९	२१९२
					जम्मा	**१९६२९**
सुर्दशन यादव वडा नं २	श्रावणभाद्र,	४०२७५		२०७६१३-०६-	७३	४०२८
	असोज	११६०८		२०७६०६-०७-	६	११६०
	कार्तिक	८२८०		२०७६१२-०८-	१२	८२८
	मंसिर	११०८३		२०७६११-०९-	११	११०८
	पौष	३२१०९		२०७६०८-१०-	८	३२१०
	माघ	१६५४०		२०७६०६-११-	६	१६५४
	फाल्गुण	२१९२८		२०७६०९-१२-	९	२१९२
					जम्मा	**१४१८०**
रिता घिमिरे वडा नं ३	श्रावण	१७८०६		२०७६२२-०५-	२२	१७५८
	भाद्र	२१७५७		२०७६०६-०६-	६	२१७५
	असोज	१६८४१		२०७६०६-०७-	६	१६८४
	कार्तिक	९२९१		२०७६०४-०८-	४	९२९
	मंसिर	१९५४२		२०७६०२-०९-	२	१९५४
	पौष	१६०९१		२०७६२९-०९-	०	०
	माघ	१९८५२		२०७६०१-११-	१	१९८५
	फाल्गुण	१४६६८		२०७६३०-११-	०	०
					जम्मा	**१०४८५**
रामशब्द यादव वडा नं ४	श्रावणभाद्र ,	३४२७६		२०७६१२-०६-	१२	३४२८
	कार्तिक	१५१६७		२०७६११-०८-	११	१५१७
					जम्मा	**४९४४**
अवधेश प्रयादव . हंसराज चौधरी ५	श्रावणभाद्र,	३४०६५		२०७६१२-०६-	७२	३४०७
	असोज	२२१०५		२०७६१८-०७-	१८	२२११
	कार्तिक	१५३५४		२०७६०८-०८-	८	१५३५
	मंसिर	१६२०७		२०७६०२-०९-	२	१६२०
	पौष	११३४२		२०७६०८-१०-	८	११३४
	माघ	१३८४०		२०७६०५-१२-	३५	१३८४
	फाल्गुण	११११५		२०७६०५-१२-	५	११११
					जम्मा	**१२४०२**
	श्रावणभाद्र,	५४०००		२०७६१०-०६-	७०	५४००

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम

रामनाथ यादव वडा नं ६	असोज	१३६३९		२०७६१९-०७-	१९	१३६४
	कार्तिक	२५५६१		२०७६११-०८-	११	२५५६
	मंसिर	२०२०७		२०७६१३-०९-	१३	२०२१
	पौष	२९४५५		२०७६०६-१०-	६	२९४५
	माघ	२८२१९		२०७६०७-११-	७	२८२१
	फाल्गुण	२२१२१		२०७६०२-१२-	२	२२१२
					जम्मा	**१९३१९**
रामनाथ यादव वडा नं ७	श्रावणभाद्र,	५८५४८		२०७६०६-०६-	६६	५८५५
	असोज	०		०		०
	कार्तिक	२४९५५		२०७६०२-०८-	२	२४९५
	मंसिर	२४९५९		२०७६०२-०९-	२	२४९५
	फाल्गुण	१८४४७		२०७६०३-१२-	३	१८४४
					जम्मा	**१२६८९**
					कुल जम्मा	१५१७१६

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
१२७.	**आय ठेक्का —** सिपुवा घाट, वालुवा उत्खनन संकलन तथा बिक्रि कार्यको लागि कार्यालयले ९३२०९६.६० घन फूट उत्खनन तथा बिक्रिको लागि न्यूनतम रु. ५५,९२,५७९।— राखी मिति २०७६।१०।२३ मा ठेक्का व्यवस्थापन गर्न सूचना प्रकाशन गरेकोमा ४ वोलपत्रदाताले वोलपत्र पेश गरेका थिए । यसरी वोलपत्र पेश गर्ने ४ वोलपत्र दातामध्ये सबैभन्दा बढी कवोल गर्ने अर्याल निर्माण सेवाले रु.१ करोड कवोल गरेकोमा अंकमा केरमेट गरेको तथा अक्षरमा नलेखेको, दोस्रो कम कवोल गर्ने नविन निर्माण सेवा रु.५६ लाख र तेस्रो कम कवोल गर्ने दुवेजी निर्माण सेवा रु.५६ लाख १० हजार कवोल गरेकोमा विडवण्डमा ठेक्का नं. गलत उल्लेख गरेको भनी चौथो कम कवोल गर्ने ए.आर.के निर्माण सेवाले कवोल गरेको अंक रु.५६ लाख ३० हजारमा मिति २०७६ चैत्र २ मा सम्झौता गरेको छ । पहिलो बढी कवोल गर्ने अर्याल निर्माण सेवाले वालुवा उत्खनन्, घाटगद्दी र बिक्रि वितरण गर्ने मनसाय राखी रु.१ करोड कवोल गरी कृषि विकास बैंकको नं. ०१५४।०५५५।५४९० को रु.५ लाखको मिति २०७६।११।८ देखि २०७७।४।७ सम्मको अवधिको बैक जमानत राखेको अवस्थामा निजले कवोल गरेको अंकमा ठेक्का सम्झौता गर्ने नगर्ने र कवोल अंक स्पष्ट पार्न पत्राचार समेत गरेको देखिएन । त्यस्तै दोस्रो र तेस्रोले ठेक्का नं. गलत राखी वोलपत्र पेश गरेको देखिंदा मिलेमतोको आशंका रहेको अवस्थामा चौथोसंग सम्झौता गरी कार्य गराएको उचित देखिएन।	
१२८.	कार्यालयले मिति २०७६ चैत्र २ गते ए.आर.के निर्माणसंग गरेको कवुलियत अनुसार ठेक्का सम्झौता गर्दा ५० प्रतिशतले हुने रु. २८,१५,०००।— र ठेक्का रकमको मू.अ.कर रु. ७,३१,९००।— र अग्रिम कर रु. ८४४५०।— बुझाएको र बांकी ५० प्रतिशत २०७७ जेठ १५ भित्र बुझाउने गरी कवुलियत गरेकोमा सम्झौता बमोजिम रकम नबुझाई २०७७।३।३० मा रु. २८,१५,०००।— दाखिला गरेको छ । कवुलियत अनुसार तोकिएको समय भित्र कवोल रकम नबुझाएमा बार्षिक १० प्रतिशतले हुने हर्जना बुझाउने शर्त अनुसार ४५ दिनको रु. ३४,७०५।— असूल हुनुपर्ने रु.	३४७०५/-
	धरौटी तर्फ	
१२९.	**धरौटी जिम्मेवारी —** गत बर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार धरौटी खातामा रु.२३८५६५६।९७ मौज्दात रहेकोमा कार्यालयले रु.११३९७३३।१९ मात्र जिम्मेवारी सारेको छ । कार्यालयले रु.१२४५९२३।७८ घटि जिम्मेवारी जिम्मेवारी सारेको सम्बन्धमा हिसाब मिलान विवरण पेश हुनुपर्ने रु.	१२४५९२३।७८

<table>
<tr><th>सि.नं</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td>१३०.</td><td>धरौटी फिर्ता – कार्यालयले निर्माण व्यवसायी तथा फर्महरुको धरौटी फिर्ता गर्दा आन्तरीक राजश्व विभागमा कर समायोजन गरेको प्रमाणको आधारमा फिर्ता गर्नुपर्दछ । कार्यालयले निम्न व्यवसायीहरुको धरौटी फिर्ता गर्दा कर समायोजनको पत्र विना रु. १,३३,५०३।- फिर्ता गरेको छ । यसरी फिर्ता गरेकोमा कर समायोजनको प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>गो भौ नं.</th><th>फर्मको नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१।२०७६-८-१२</td><td>सपना सुन्दरी कन्स्ट्रसन</td><td>१६११५८।-</td></tr>
<tr><td>४।२०७६-१२-०६</td><td>ए के कन्स्ट्रसन</td><td>३८३६२७।-</td></tr>
<tr><td>११।२०७७-३-१३</td><td>न्यु अम्बे निर्माण सेवा</td><td>४९६१०५।-</td></tr>
<tr><td>१२।२०७७-३-३१</td><td>को इनर्जी प्रा लि</td><td>१३००००।-</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>११७०८९०।-</td></tr>
</table>
</td><td>११७०८९०।</td></tr>
<tr><td>१३१.</td><td>अनुगमन तथा सम्परीक्षण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयबाट प्राप्त विवरण अनुसार आर्थिक बर्ष २०७५/७६ सम्म रु. १०,०८,७८,७१०।८२ बेरुजु बाँकी रहेकोमा कार्यालयले बेरुजु फछ्यौटको लागि अनुरोध गरेको छैन । यस बर्ष रु. १०,५५,१५,९३८।७६ बेरुजु थप भई रु.२०,६३,९४,६४९।५८ पुगेको छ । बाँकी बेरुजु समयमै फछ्यौट गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।
<table>
<tr><th>गत बर्षसम्मको फछ्यौट गर्न बाँकी रु.</th><th>यस बर्ष फछ्यौट रु.</th><th>बाँकी बेरुजु रु.</th><th>यो बर्षको सं.पबाट कायम बेरुजु रु.</th><th>यो बर्षको कायम बेरुजु रु.</th><th>बाँकी</th></tr>
<tr><td>१०,०८,७८,७१०.८२</td><td>०</td><td>१०,०८,७८,७१०.८२</td><td></td><td>१०,५५,१५,९३८.७६</td><td>२०६,३९४,६४९.५८</td></tr>
</table>
</td><td></td></tr>
</table>

कोटहिमाई गाउँपालिका

सञ्चित कोष विवरण आर्थिक वर्ष २०७६/७७

अनुसुची-१

(रु. हजारमा)

क.स.	स्थानिय तह	जिल्ला	आय					जम्मा आय	व्यय				मौज्दात
			गत वर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजश्व बाँडफाड रकम	आन्तरिक आय	अन्य आय		चालु खर्च	पूँजिगत खर्च	अन्य खर्च	जम्मा खर्च	मौज्दात
			१	२	३	४	५	६ (२+३+४+५)	७	८	९	१० (७+८+९)	११ (१+६-१०)
१	कोटहिमाई गाउँपालिका	रुपन्देही	२७०९४	२७३३७०	६४९०२	९४९४	११५९४१	४६३७०७	२९०३०३	१६६१४०	१७९३२	४७४३७५	१६४२६

बेरुजु बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोवार)

अनुसुची-२

(रु. हजारमा)

क. स	जिल्ला	स्थानीय तहको नाम	प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौट			बाँकी बेरुजु			बाँकी बेरुजु									
			दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	अशुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१	रुपन्देही	कोटहिमाई गाउँपालिका	८७	७६	१०५५१६	०	०	०	८७	७६	१०५५१६	११४०९	६०३३४	३०६४३	०	०	९०९७७	३१३०	०	३१३०

अद्यावधिक बेरुजु स्थिती

अनुसुची-३

(रु. हजारमा)

क.स	स्थानीय तहको नाम	जिल्ला	गत बर्ष सम्मको बाँकी	यो बर्षको फछ्यौट	बाँकी	यो बर्ष सं.प.बाट कायम भएको बेरुजु	यो बर्षको बेरुजु	कुल बाँकी बेरुजु
१	कोटहिमाई गाउँपालिका	रुपन्देही	१००८८०	०	१००८८०	०	१०५५१६	२०६३९६